मदनरत्नमा त यस्तो पान कहिए को छ कि-सुवर्णका शिवमूर्तिको पूजन गरोस्। फेरि स्थिर अथवा चल लिङ्गलाई पञ्चामृतले भरेका हजार वा सए अथवा पचास घडाले स्नान गराई पूजा गरी जागरण गरोस्। फेरि पछिल्ला दिन तिलका हजार अथवा सए आहुतिले होम गरोस्। त्यस पछि ब्राह्मणहरूलाइ वस्त्र र गाइ दिएर आचार्यलाइ गाइ शय्या आदि देओस् र ब्राह्मणहरूलाइ भोजन गराओस्। माघको औंसी युगादि पनि हो। त्यै कुरा माघमासमा औंसी युगादि हो इत्यादि माथि भनी सकिएको छ। अरू माथिकै जस्तो जान्नु पर्दछ। यस्तै प्रकार विष्णु पुराणमा विशेष पनि भनेको छ-

मूर्त्तिं सम्पूज्य स्थिरं चलं वा लिंगं पंचामृतसहस्रशततदर्द्धान्यनरकुम्भैः संस्नाप्य सम्पूज्य जागरणं कृत्वा परेद्युस्तिलान् सहस्रं शतम् वा हुत्वा विप्रेभ्यो वस्त्राणि द्वादश गाश्च दत्त्वाचार्याय धेनुं शय्यां च दत्त्वा विप्रान् भोजयेदिति मदनरत्ने उक्तम्। माघामावास्या युगादिः। तदुक्तम्—माघमासे त्वमावास्या' इति। अन्यत् प्राग्वत्। तथान्योऽपि विशेषो विष्णुपुराणे—"माघासिते पंचदशी कदाचिदुपैतियोगं यदि वारुणेन। ऋक्षेण कालः स परः पितृणां न ह्यल्पपुण्यैर्नृपलभ्यतेऽसौ ॥१८७३॥" इति। वारुणं शतभिशा। इदं च कुम्भादित्ये ज्ञेयमिति हेमाद्रिः। भारते—"काले धनिष्ठा यदि नाम यस्मिन् भवेत्तु भूपाल तदा पितृभ्यः। दत्तं तिलान्नं प्रददाति तृप्तिं वर्षायुतं तत् कुलजैर्मनुष्यैः ॥१८७४॥" इति। फाल्गुनी पौर्णमासी होलिका। सा च सायाह्नव्यापिनी ग्राह्या। सायाह्ने होलिकां कुर्यात् पूर्वाह्णे क्रीडनं गवाम् ॥१८७५॥" इति वचनादिति निर्णयामृते उक्तम्। ज्योतिर्निबन्धे तु—"प्रतिपद्भूतभद्रासु यार्चिता होलिका दिवा। संवत्सरं च तद्राष्ट्रं पुरं दहति साद्भुतम् ॥ प्रदोषव्यापिनी ग्राह्या पौर्णिमा फाल्गुनी सदा। तस्यां भद्रासुखं त्यक्त्वा पूज्या होला निशामुखे "१८७६-१८७७॥" इति नारदवचनात् प्रदोषव्यापिनीत्युक्तम्। हेमाद्रौ मदनरत्ने च भविष्ये—"अस्यां निशागमे पार्थ संरक्ष्याः शिशवो गृहे। गोमयेनोपलिप्ते च सचतुष्के गृहांगणे ॥१८७८॥" इत्यादिना तत्रैव तद्विधानाच्च तेनेयं पूर्वविद्धा। "श्रावणी दुर्गानवमी दूर्वा चैव हुताशनी ॥ पूर्वविद्धैव कर्त्तव्या शिवरात्रिर्बलेर्दिनम् ॥१८७९॥" इति

त्यो माघको औंसिविषे कदाचित् नक्षत्र मै वारुण योग पर्दा।
हो उत्तमैकाल ति पितृको र पाइन्न पुण्यै यदि थोर होस् ता ॥१८७३॥

यो कुम्भमा सूर्य गएमा जान्नु भनेर हेमाद्रि भन्दछन्। भारतमा लेखेको छ—

वेलाविषे त्यै यदि ता धनिष्ठा पऱ्यो भने पितृकनै निजीता।
दिदा तिलान्नादिक अन्न त्यो नै हज्जार वर्षेतक तृप्त पार्छ ॥१८७४॥

फाल्गुन पूर्णिमालाइ होलिका पूर्णिमा भन्दछन्। त्यो सायाह्नव्यापिनी लिनु पर्दछ। यो निर्णयामृतमा तलका वचन द्वारा कहिएको छः—

पूर्णिमाबिच त्यै शुद्ध हुन्छ फाल्गुन मासको। पूर्वाह्णविचगोक्रीडा होली ता साँझ साँझमा ॥१८७५॥

ज्योतिर्निबन्धमा त नारदका यस वचनले प्रदोष व्यापिनी लिनु भनिएको छ—

चतुर्दशी तथा भद्रा प्रतिपद्मा पुज्यो भने। होली त्यो वर्ष सम्मै नै नाश्छ देश-पुरै सब ॥१८७६॥

सदा फाल्गुनको पूर्ण्या प्रदोषै व्यापिनी लिनु। छोडी भद्रामुखैपुज्नु त्यसलाइ त साँझमा ॥१८७७॥

हेमाद्रि र मदनरत्नमा भविष्य पुराणको वचन छ—

गोबर्ले लिपिएको त्यो चौकोशे घर भित्रमा। साँझमा पूर्णिमाको त्यो शिशुको गर्नु रक्षण ॥१८७८॥

इत्यादि वचन बाट त्यस समयमा पूजाको विधान कहिएको छ यस कारण यसलाइ लिंदा पूर्वविद्धा नै लिनु पर्दछ। बृहधर्म र ब्रह्मपुराणमा पनि कहिएको छ।

श्रावणी दुर्गानवमी होली दूर्वाष्टमी तथा। पूर्वविद्धा लिनु शिवरात्री र बलिको दिन ॥१८७९॥

यदि दुवै दिन प्रदोष व्यापिनी छ यता पहिलो दिनमा भद्रा छ भने वा त्यसमा होलीका निषेधले पछिल्लो नै लिनु पर्दछ त्यै कुरो निर्णयामृत र मदनरत्नमा पुराण समुचयका वचन बाट कहिएको छ—

बृहद्यमब्रह्मवैवर्तोक्तेश्च । दिनद्वये प्रदोषव्याप्ता परैव । पूर्वदिने भद्रासत्त्वात् तत्र च होलिकानिषेधात् । तदुक्तं निर्णयामृते मदनरत्ने च पुराणसमुच्चये—"भद्रायां दीपिता होला राष्ट्रभंगं करोति वै । नगरस्य च नैवेष्टा तस्मात्तां परिवर्जयेत् ॥" तथा "भद्रायां द्वे न कर्त्तव्ये श्रावणी फाल्गुनी तथा श्रावणी नृपतिं हन्ति ग्रामं दहति फाल्गुनी॥"तथा "दिनार्धात्परतोऽपि स्यात् फाल्गुनी पौर्णिमा यदि रात्रौ भद्रावसाने तु होलिका दीप्यते तदा ॥१८८०-१८८२॥ इति । यदा तु पूर्वदिने चतुर्दशी प्रदोषव्यापिनी परदिने च पूर्णिमा क्षयवशात् सायाह्नात् प्रागेव समाप्यते । तदा पूर्वदिने सम्पूर्णरात्रौ भद्रासत्त्वात् तत्र च तन्निषेधात् परेऽह्नि प्रतिपद्येव कुर्यात् । "सार्धयामत्रयं वा स्याद्द्वितीयदिवसे यदा । प्रतिपद्वर्धमाना तु तदा सा होलिका स्मृता ॥१८८३॥ इति भविष्यवचनादिति निर्णयामृतकारः । मदनरत्नेऽप्येवम् । यत्तु 'वह्नौ वह्निं परित्यजेत्' इति भविष्ये । वह्नौ होलिकायां वह्निं प्रतिपदं वर्जयेदित्यर्थः । तदुक्तं भिन्नविषयमिति तत्रैवोक्तम् । अन्ये तु तस्यां भद्रामुखं त्यक्त्वेति । "प्रदोषव्यापिनी न स्याद्यदा पूर्वदिने तदा । भद्रामुखं वर्जयित्वा होलिकायाः प्रदीपनम्" इतिनारदवचनात् । "निशागमे प्रपूज्येत होलिका सर्वदा बुधैः । न दिवा पूजयेत् दुंढां पूजिता दुःखदा भवेत् ॥१८८४-१८८५॥" इति दिवोदासीये वचनात् । "यामत्रयोर्ध्वयुक्ता चेत्प्रतिपत्तु भवेत्तिथिः । भद्रामुखं परित्यज्य कार्या होला मनीषिभिः ॥१८८६॥" इति विद्या-

---

पोल्दामा होलि भद्रामा राष्ट्र नै नष्ट गर्दछ । इष्ट हुन्न पुरैलाइ छोडनु त्यस्लाइ ता अतः ॥१८८०॥

भद्रामा श्रावणी होली नगर्नु यो दुबैकुरा । श्रावणी नाश्तछे राजा होली गाँउ उढाँछ ॥१८८१॥

आधा दिन पछी पूर्ण छ ता फाल्गुनमासको । भद्रान्तबिच रात्रीमा होलीकन जलाउनु ॥१८८२॥

यदि पहिलो दिनमा चतुर्दशी प्रदोष व्यापिनी छ र पछिल्लो दिन पूर्णिमा क्षयका वशले पहिले नै समाप्त भएको होस् र अघिल्लो दिन सम्पूर्ण रात्रीमा भद्रा होस् ता त्यसमा त्यसको निषेध हुनाले पछिल्लो दिन प्रतिपदामा नै जलाओस् । यसो निर्णयामृतकार भन्दछन् किन भने भविष्य पुराणको वचन छ—

दोश्रो दिन बढेको त्यो प्रतिपद् तिथि नै यदि । साढे तीन प्रहर होस् ता होली हो त्यहि भन्दछन् ॥१८८३॥

यस्तै प्रकार मदनरत्नमा पनि लेखेको छ । भविष्यमा जो लेखेको छ कि होलिका प्रतिपदामा न गरोस् । यो भनिएको देखि भिन्नकै विषयमा हो । अरुहरु त यसो भन्दछन् कि नारद र दिवोदासका यस वचनले भद्राको मुख छोडेर पहिलै दिन गरोस् ।

प्रदोषव्यापिनी पूर्ण छैन पैलो दिनै भने । भद्रामुखकनै छोडी जलाओस् होलिकाकन ॥१८८४॥

होलिकाको गरोस् पूजा सायङ्काल भए पछि । दिनमा न गरोस् गर्दा दिन्छे त्यो होलि दुःखता ॥१८८५॥

विद्याविनोदमा पनि कहिएको छ—

प्रतिपद् आएपूर्णेमा यदि तीन प्रहर बढी । विद्वानले होलिका पूज्नु भद्रामुखकनै त्यजी॥१८८६॥

यही भद्रामुख छोडेर पहिलो दिनमा नै पुज्नु यसो भन्दछन् । फेरि भद्रामुख त रत्नमालामा यस्तो कहिएको छ । भद्राका पहिला पाँचघडीलाइ मुख र एकघडीलाइ गला भन्दछन । शिष्टाचार पनि यस्तै छ । दिवोदास र चन्द्रकाश त यसो भन्दछन् कि यदि पूर्णिमामा ग्रहण छ ता पूर्वरात्रिमा जुन वेला भद्रारहित छ त्यसै वेला होली जलाओस् । यदि पछिल्लो दिन प्रस्तै भएर उदय भयो भने ता पहिलो दिन भद्रा रहित रात्रीका चौथा प्रहरमा भद्राका अन्त घडीमा होली जलाओस् । किन भने ग्रहण का पछि प्रतिपदा आउने हुनाले र अगाडि दिन हुनाले यी दुवैमा निषेध छ । सिद्धान्त त यस्तो छ कि-पछिल्लो दिन

विनोदेऽभिधानाच्च भद्रामुखं विहाय पूर्वदिने एव कार्येत्याहुः। भद्रामुखं तु—'नाड्यस्तु पंच वदनं गलकस्तथैका' इति रत्न मालोक्तं ज्ञेयं। शिष्टाचारोऽप्येवमेव। अत्र चेच्चन्द्रग्रहणं तदा ततोऽर्वाङ् निशि भद्रावर्जं पौर्णमास्यां होलिकादीपनम्। अथ परेऽह्नि ग्रस्तोदयस्तदा पूर्वदिने भद्रावर्जं रात्रि-चतुर्थयामे विष्टिपुच्छे वा होलिका कार्या। यद्दोत्तरं प्रतिपत्सत्त्वात् तत्पूर्वं च दिवा होला निषेधा-दिति दिवोदासचन्द्रप्रकाशौ। वस्तुतस्तु परदिने प्रदोषे पौर्णमासी सत्त्वे कर्मकालस्पर्शे चतुर्थयामा-दिगौणकालग्रहणे मानाभावाद्भद्राभावाच्च ग्रहणकाल एव होला कार्या। "न च सर्वेषामेव वर्णानां सूतकं राहुदर्शने स्नात्वा कर्माणि कुर्वीत श्रुतमन्त्रं विवर्जयेत् ॥१८८७॥" इति निषेधात् कथं सुतके होलिकेति वाच्यम् तस्योत्तरार्द्ध शेषत्वात्। पूजामन्त्रस्तु—"असृक्य भयसंत्रस्तैः कृता त्वं होलि बालिशैः। अतस्त्वां पूजयिष्यामि भूते भूतिप्रदा भव ॥१८८८॥" इति। यत्तु वार्तिक-कारैर्होलिका आचारप्राप्तेत्युक्तम्। तत्र हेमाद्र्युदाहृतभविष्यवचनान्यसिद्धानि कृत्वा चिन्ता ज्ञेया। आर्त्यधिकरणवत्। हुताशनी मलमासे न भवति। इयं मन्वादिरपि। सा तु पूर्वाह्णिकी ग्राह्या। मलमासे सति मन्वादिश्राद्ध मासद्वये कार्यमित्युक्तं प्राक्। कृत्यचिन्तामणौ ब्राह्मे—"नरो दोलागतं दृष्ट्वा गोविन्दं पुरुषोत्तमम्। फाल्गुन्यां संयतो भूत्वा गोविन्दस्य पुरं व्रजेत्१८८९ चैत्रकृष्णप्रतिपदि वसन्तोत्सवः। सा चौदयिकी ग्राह्या। 'प्रवृत्ते मधुमासे तु प्रतिपद्युदिते रवौ ॥१८९०॥" इति भविष्योक्तेः। दिनद्वये तथात्वे पूर्वा। "वत्सरादौ बलिराज्ये तथैव च। पूर्व-

---

यदि प्रदोषमा पूर्णमास होस् ता त्यसमा कर्मकालको स्पर्श हुनाले भद्रा का अभावमा ग्रहण के वेलामा होली जलाउनु। किनकि जब मुख्यकर्मकाल पाइन्छ तब गौण चतुर्थ यामादि कालको ग्रहण गर्नु प्रामा-णिक हुँदैन। कदाचित् कुनै शङ्का गर्छन् भने कि—

राहु-दर्शनमा सारा वर्णका लाग्छ सूतक। न्वाई कर्म गरून् सारा पाकेका अन्न नै त्यजून् ॥१८८७॥

यस निषेधले सूतकमा होली कसरी हुने? वास्तवमा यो ठीकछैन किन कि– त्यस वाक्यको न्वाई यो निषेध उत्तरार्धकै शेष हो। नकि सर्वेषां यसको। यसर्थ ग्रहण वेलामा होली जलाओस् कुनै दोष वा बाधक छैन। यसको पूजाको मंत्र त यही हो।

राक्षसीले डराएका सिर्जियाँ तिमि मूर्खले। तस्मात् पुज्छु तिमीलाई भूते! भूति दिने हउ ॥१८८८॥

वार्तिककारले जो यसो भनेका छन् कि–होली शिष्टाचारले नै सिद्ध छ। यसमा हेमाद्रिमा कहिएका भविष्य पुराणका वचनलाइ अ सिद्ध मानेर नै चिन्ता लिनु परेको हो ठिक दुःखीकै जस्तो भएर। यो होली मलमासमा हुँदैन। यो मन्वादि पनि हो। यसलाइ पूर्वाह्णव्यापीनी नै लिनु पर्दछ। मलमास पच्यो भने ता मन्वादि श्राद्ध दुवै महिनामा गर्नु पर्छ भनेर माथि नै भनि आइसकेको छ।

गोविन्दकन दोलामा झुलेका देखित्यो दिन। गोविन्दपुर मै जान्छ मर्त्य संयत नै छ ता॥१८८९॥

यो कुरा कृत्यचिन्तामणिमा ब्रह्म पुराणका वचन बाट कहिएको छ।

चैत्रकृष्ण परेवाको दिन वसन्तोत्सव हुन्छ। त्यो उदयकै लिनु पर्दछ किन भने? भविष्य पुराणको वचन छ कि।

आएमा मास त्यो चैत्र परेवाको दिनैविषे। भोसूर्योदय वेलामा वसन्तोत्सव नै गरोस् ॥१८९०॥

यदि दुवै दिन उदयकाल भेटने छ भने ता पहिलो नै लिनु पर्दछ। किने भने? वृद्धवसिष्ठको वचन छ

विद्धैव कर्त्तव्या प्रतिपत्सर्वदा बुधैः ॥१८९१॥" इति वृद्धवशिष्ठवचनात्। अत्र विशेषो हेमाद्रौ भविष्ये–"चैत्रे मासि महाबाहो पुण्ये तु प्रतिपद्दिने। यस्तत्र श्वपचं स्पृष्ट्वा स्नानं कुर्यान्नरोत्तमः॥ न तस्य दुरितं किंचिन्नाधयो व्याधयो नृप" इति। तथा प्रवृत्ते मधुमासे तु प्रतिपद्युदिते रवौ। कृत्वा चावश्यकार्याणि संतर्प्य पितृदेवताः। वन्दयेद्वोलिकाभूतिं सर्वदुःखोपशान्तये ॥१८९२–१८९३॥" मन्त्रश्च—"वन्दितासि सुरेन्द्रेण ब्रह्मणा शंकरेण च। अतस्त्वं पाहि नो देवि विभूतिर्भूतिदा भव ॥१८९४॥" इति। अत्र चूतकुसुमप्राशनमुक्तं तत्रैव पुराणसमुच्चये–"वृत्ते तुषारसमये सितपंचदश्यां प्रातर्वसन्तसमये समुपस्थिते च। संप्राश्य चूतकुसुमं सह चन्दनेन सत्यं हि पार्थ पुरुषोऽथ समाः सुखी स्यात् ॥१८९६॥" मन्त्रस्तु—"चूतमग्र्यं वसन्तस्य माकन्दकुसुमं तव। सचन्दनं पिबाम्यद्य सर्वकामार्थसिद्धये ॥१८९७॥" इति। चैत्रामावास्या मन्वादिः। सापराह्णव्यापिनी ग्राह्या कृष्णपक्षस्थत्वात्। इति फाल्गुनः। एवं निरूपितमिदं गहनं तु कालतत्त्वं विचार्य वचनैश्च नयैश्च सम्यक्। तद्दोषदृष्टिमपहाय विवेचनीयं विद्वद्भिरित्यविरतं प्रणतोऽस्मि तेषु ॥ मया सद्वासद्वा यदिह गदितं मन्दमतिना किमेतच्छक्यं वाध्यवसितुमपि स्वल्पमतिना। तदेवं यत्किंचिद्वदितमिह विख्यातमहिमा प्रतापोऽयं सर्वो विकसति तु पित्रोश्चरणयो ॥ यो भाट्टतन्त्रगहनार्णवकर्णधारः शास्त्रान्तरेषु निखिलेष्वपि मर्ममेत्ता। योऽत्र श्रमः किल कृतः

सत्सरै र वसन्तैका आदिमा बलिराज्यमा। प्रतिपद् पूर्वविद्धा नै गर्दछन् तीसुधीजन् ॥१८९१॥

यसमा विशेष हेमाद्रिमा भविष्य पुराणको वचनले कहिएको छ।

चैत्रको त्यो महाबाहो! परेवा दिनमा शुभ। छोई चाण्डाल न्वाएमा छुटतछन् आधि-व्याधिता ॥१८९२॥
शुरूमा चैत्रमासैको प्रतिपद् दिनमा शुभ। आवश्यक गरोस् कर्म वेला सूर्योदयै हुँदा ॥१८९३॥
पितृ-द्यौताकनै फेरि गरोस् तर्पण वन्दन। होली-भस्मकनै ढोगोस् दुःख शान्ति गराउन ॥१८९४॥

त्यसको मन्त्र यही हो।

इन्द्रले ढोगिएकी छौ ब्रह्माले रुद्रले पनि। रक्षा गर तिमि मेरो ती ऐश्वर्य दिने हउ ॥१८९५॥

त्यहीं नै पुराण समुच्चयका वचनले त्यसै दिन चूत कुसुम प्राशन पनि कहिएको छ—

वित्ता तुषार समयै सित पूर्णिमामा वेला वसन्त शुभ प्राप्त भए पछी त्यो
त्यो आम्रपुष्पकन चन्दनसाथ मर्त्य खान्छन् त साल भर भोग-सुखै त भोग्छन् ॥१८९६॥

त्यसको मन्त्र यही हो—

कामना-अर्थ सिद्धीकै निम्ति आज वसन्त हे! आम्र-माकन्दका पुष्प चन्दनै साथ खान्छुम ॥१८९७॥

यो चैत्रको औंसी मन्वादि पनि हो। यो कृष्णपक्षको हुनाले अपराह्णव्यापिनी लिइन्छ।

इति फाल्गुनमास।

वाक्यै र युक्तिहरूले यसरी विचारी मैले निरूपण गरें शुभ कालतत्व।
त्यो दोषदृष्टि छोडि सुधी विचारून् गर्छु प्रणाम भइ नम्र निरन्तरै म ॥

असत्यै सत्यै वा म मति-गतिको थोर जनले भने जो त्यो जान्नै समरथ हुँदैनन् खल जन।
कहेका मैले यी गहन विषयै छन् जति यहाँ पिता-माताका ती चरण-महिमा नै प्रकट भो ॥

कमलाकरेण प्रीतोऽधुना तु सुकृती बुधरामकृष्णः ॥१८९८-१९००॥

इति श्रीनारायणभट्टसूरिसूनुरामकृष्णभट्टसुतदिनकरभट्टानुजकमलाकरभट्टकृते निर्णयसिन्धौ संवत्सरकृत्यं नाम द्वितीयः परिच्छेदः ॥ २ ॥

ती आहतन्त्रगहनार्णवकर्णधार सम्पूर्ण शास्त्रहरूका पनि मर्म जान्ने ।
जो जो गरे भ्रम यहाँ कमलाकरैले त्यस्बाट हुन खुश स्वयम् बुध रामकृष्ण ॥१८९८-१९००॥

इति श्रीनारायणभट्टसूरिसूनुरामकृष्णभट्टसुतदिनकर महानुजकमलाकरभट्टकृते
निर्णयसिन्धौ संवत्सरकृत्ये नाम द्वितीय परिच्छेद ।

निर्णयसिन्धु

भाषाटीका सहित

तृतीय परिच्छेद

अथ प्रकीर्णकनिर्णयः। श्रीरामकृष्णतनयः कमलाकरसंज्ञितः। निरूप्य तिथिकृत्यं तु प्रकीर्णं वक्तुमुद्यतः॥१॥तत्रादौ संस्कारेषु गर्भाधानम्। तत्र प्रथमरजोदर्शने दुष्टमासग्रहणसंक्रमादि फलं तत्र शान्त्यादि च पितृकृतप्रयोगदीपिकायां भट्टकृतप्रयोगरत्ने च ज्ञेयम्। किञ्चित्तूच्यते। मदनरत्नेनारदः—"अमारिक्काष्टमीषष्ठीद्वादशीप्रतिपत्स्वपि। परिघस्य तु पूर्वार्द्धे व्यतीपाते च वैधृतौ॥ संध्यासूपप्लवे विष्ट्यामशुभं प्रथमार्त्तवम्। रोगी पतिव्रता दुःखी पुत्रिणी भोगभागिनी॥ पतिव्रता क्लेशमोक्ता सूर्यवारादिषु क्रमात्। वैधव्यं सुतलाभश्च मैत्र्यं शत्रुविवर्द्धनम्॥ मित्रलाभः शत्रुवृद्धिः कुलर्द्धिर्बंधुनाशनम्। मरणं वंशवृद्धिश्च निराहारः कुलक्षयः॥ तेजश्च सुतनाशश्च कुलहानिस्थितिक्रमात्॥२-८॥" गर्गः—"सुभगा चैव दुःशीला वंध्या पुत्रसमन्विता। धर्मयुक्ता व्रतघ्नी च परसन्तानमोदिनी॥ सुपुत्रा चैव दुष्पुत्र पितृवेश्मरता सदा। दीना प्रजावती चैव पुत्राढ्या चित्रकारिणी॥ साध्वी पतिप्रिया नित्यं सुपुत्रा कष्टचारिणी। स्वकर्मनिरता हित्वा पुण्यपुत्रादिसंयुता॥ नित्यं धनचयासक्ता पुत्रधान्यसमन्विता। मूर्खा चाज्ञा पुण्यवती

अब प्रकीर्णक विषयको निर्णय गर्दछन्।

श्रीरामकृष्णका छोरा कमलाकर भइ ती। तिथिकृत्यसकी भन्छन् प्रकीर्ण विषयै जति॥१॥

संस्कारहरूमा पहिले गर्भाधानको निर्णय गर्दछन्। त्यसमा दुष्टमहिना र ग्रहण संक्रान्ति आदिमा पहिलो रजोदर्शनको फल र शान्ति आदि पिताजीले बनाएको प्रयोगदीपिकामा र भट्टकृत प्रयोग रत्नमा जान्नु पर्दछ। केही यहाँ पनि भनिन्छ। मदनरत्नमा नारदको वचन छ कि—

अमावस्या तथा रिक्ता अष्टमी द्वादशी तथा। षष्ठी परिघपूर्वार्ध प्रतिपद् व्यतिपात॥
वैधृति ग्रहणै सन्ध्या भद्रामा रज दर्शन। पहिलो पटकै होस् ता शुभ हुन्न कसै गरे॥
रोगी पतिव्रता दुःखी पुत्रिणी भोगभागिनी। तथा पतिव्रता नाना क्लेश औ दुःखभागिनी॥
रजोदर्शन त्यो पैलो भएमा यो क्रमैसित। सूर्यादि वारमा सातै जान्नु पर्दछ वास्तव॥
त्यस्तै प्रकारले सारा तिथिमा ती पनी स्वयम्। रजोदर्शनको पैलो यही नै फल जाननु॥
वैधव्य सुतको लाभ मित्रता वृद्धि शत्रुको। मित्रलाभ शत्रुवृद्धि बन्धु नाश् कुलवृद्धि र॥
मरणै वंशको वृद्धि निराहार कुलक्षय। तेज औ पुत्रको नाश कुलको हानि हुन यति॥२-८॥

यहाँ गर्ग यसो भन्छन्—

अश्विनी आदि नक्षत्रहरूमा पनि वास्तव। रजोदर्शनको पैलो फल जान्नु त्यही ठिक॥

दस्तर्क्षादेः क्रमात्फलम् ॥६-१३॥" नारदः -"कुलीरवृषचापांत्यनृयुक्कन्यातुलाघटाः। राशयः शुभदा ज्ञेया नारीणां प्रथमार्त्तवे ॥१४॥" गर्गः —"सुभगा श्वेतवस्त्रा स्यात् दृढवस्त्रा पतिव्रता। क्षौमवस्त्रा क्षितीशा स्यान्नववस्त्रा सुखान्विता ॥ दुर्भगा जीर्णवस्त्रा स्याद्रोगिणी रक्तवाससा। नीलाम्बरधरा नारी पुष्पिता विधवा ततः ॥ वस्त्रे स्युर्विषमा रक्तबिन्दवः पुत्रमाप्नुयात्। समारक्ते-त्कन्यका चेति फलं स्यात्प्रथमार्त्तवे ॥१५-१७॥

अत्र स्त्रीसंगवर्जनमाह वसिष्ठः —"प्रभूतदोषे यदि दृश्यते तत्पुष्पं तदा शान्तिककर्म कार्यम्। विवर्जयेदेव तदेकशय्यां यावद्रजोदर्शनमुत्तमेह्नि ॥१८॥" ज्योतिर्निबन्धे वसिष्ठः—"आद्यर्त्तौ पौषशुक्रोर्जमधुशुचिनभस्याश्वयुक्पापवारा रिक्तापर्वाष्टषष्ठ्यः पितृपरसदने रात्रिसंध्यापराह्णे। मिश्रोग्रामूलतीक्ष्णं विवरमनरुणाल्पाधिकास्रं च राष्ट्रोत्पातः पापस्य लग्नं न सदरुणजरत्कीलरक्ताम्बरं च ॥ आद्यर्त्तौ दुर्भगा नारी विष्कुम्भे चेद्रजस्वला। बन्ध्या चैवातिगण्डे च शूले शूलवती भवेत् ॥ गण्डे तु पुंश्चली नारी व्याघाते चात्मघातिनी। वज्रे च स्वैरिणी प्रोक्ता पाते च पतिघातिनी ॥ परिधे मृतबंध्या च वैधृतौ पतिमारिणी। शेषाः शुभावहा योगा यथानाम फलप्रदाः ॥१६-२७॥" शान्तिमाह प्रयोगपारिजातेः—"सार्त्ववानां तु नारीणां शान्तिं वक्ष्यामि

सुभगा अनि दुःशीला बन्ध्या पुत्रवती तथा। धर्मयुक्ता व्रतघ्नी र परसन्तानमोदिनी ॥
दीना प्रजावती त्यस्तै पुत्राढ्या चित्रकारिणी। साध्वी र पतिकी प्यारी सुपुत्रा कष्टचारिणी ॥
स्वकर्मनिरता हिंस्रा युक्तकी पुण्यपुञ्जले। संधै धन बटुल्ने र पुत्रले युक्त रूपकी ॥
धान्यादि वस्तुले युक्त सारै नै पटमूर्ख औ। केही पनि न जान्ने र हुन्छन् पुण्यवती तथा ॥६-१३॥

नारदले यसो भनेका छन्—

तुला कुम्भ वृषै मीन कन्या मिथुन औ धन। कर्कमा रज त्यो पैलो नारीको हुन्छ उत्तम ॥१४॥

गर्गको वचन छ कि—

वेलामा ऋतुको सेतो दृढ क्षौम नवीन र। जीर्ण रक्त तथा नीलो धरेको वस्त्र छन भने ॥
हुन्छे त्यो कमले नारी सुभगा र पतिव्रता। क्षितीशा सुखी दुर्भगा रोगिणी विधवा तथा ॥
वस्त्रमा ऋतुमा पैलो रक्तका विन्दु क्यै गरे। विषमै परे पुत्र हुन्छ हुन्छे कन्या समै परे ॥१५-१७॥

यहाँ स्त्री-संगको वर्जन कहन्छन्। त्यसमा वसिष्ठको वचन छ—

हुँदा रजोदर्शन धेर दोषमा ती शान्ति-कर्मादिक गर्नु पर्दछ।
त्यस्तो रजोदर्शनबीच वास्तव ओछ्यान यौटै पनि छोड्नु पर्दछ ॥१८॥

ज्योतिर्निबन्धमा वसिष्ठकै वचन छ—

पैलो रजोदर्शनमा पौष ज्येष्ठ र कार्तिक। चैत्र आषाढ़ औ भाद्र तथा आश्विनमास त ॥
पापवार तथा रिक्ता पर्व आदि र अष्टमी। षष्ठी यी तिथि औ रात्रि अपराह्ण र साँझ भो ॥
दिन ती वायु-आमाको अर्काको घर मिश्र र। उग्र तीक्ष्णक संज्ञाका नक्षत्रहरू ती सब ॥
विवरै जसमा रातो नभाको रगतै हओस्। थोरै थोरै हओस् रक्त देश उत्पात आदि होस् ॥
पापलग्न परेमा र फाटेको जीर्ण रक्त र। त्यस्ता खराब कपड़ा लाएमा श्रेष्ठ हुन्न त्यो ॥
विष्कुम्भ अतिगंडै र तथा शूल र गंडभो। व्याघात वज्र औ पात तथा परिघ वैधृति ॥
रजोदर्शन ता यिन्मा यदि पैलो भयो भने। रजदेखा हुने नारी क्रमैले तलकी भई ॥
दुर्भगा अति नै वन्ध्या हुने शूल र पुंश्चली। आत्मघातिनी स्वैरिणी तथा स्वपतिघातिनी ॥
मृतबन्ध्या पति मार्ने अरू ती शेष योग ता। हुन्छन् फल दिने रात्रो नामैका अनुरूपले ॥६-२७॥

शौनक । पंचमेऽह्नि चतुर्थे वा ग्रहा तिथ्यः पुरःसरम् ॥ द्रोणप्रमाणधान्येन व्रीहिराशित्रयं भवेत् । कुम्भत्रयं न्यसेद्राशौ तन्तुवस्त्रादिवेष्टितम् ॥ पूरयेत्तीर्थसलिलैः प्रतिकुम्भं पृथक्पृथक् । सूक्तेनाथ नवर्चेन प्रसुव आप इत्यथ ॥ ऋचायाः प्रवतस्तद्वद्गायत्र्या च ततः क्रमात् । मध्यकुम्भे क्षिपेद्धान्यमौषधानि च हेम च ॥ उदुम्बरकुशादूर्वा राजीवघटबिल्वकाः । विष्णुक्रान्ता च तुलसी बर्हिषं शङ्खपुष्पिका ॥ शतावर्यश्वगन्धा च निर्गुण्डी सर्षपद्वयम् । अपामार्गः पलाशश्च पनसो जीवकस्तथा ॥ प्रियङ्गवश्च गोधूमा व्रीहयोऽश्वत्थ एव च । क्षीरं दधि च सर्पिश्च पद्मपत्रं तथोत्पलम् ॥ कुरण्टकत्रयं गुञ्जा वचाभद्रकमुस्तकाः । द्वात्रिंशदौषधानीह यथासम्भवमाहरेत् ॥ मृत्तिकारचौषधादीनि तन्मंत्रेण क्षिपेत्क्रमात् । कुम्भोपरि न्यसेत्पात्रं कांस्यमृद्वेणुताम्रजम् ॥ भुवनेश्वरीं न्यसेत्तत्र इन्द्राणीं च पुरन्दरम् । जपेद्गायत्रीमाहोमाच्छ्रीसूक्तं च जपेत्ततः ॥ स्पृशन्वै दक्षिणं कुम्भमृत्विगेको जपेदथ । चत्वारि रुद्रसूक्तानि चतुर्मंत्रोत्तराणि च ॥ संस्पृशन्नुत्तरं कुम्भं श्रीरुद्रं रुद्रसंख्यया । शन्न इन्द्राग्निसूक्तं च तत्र वै संस्पृशं जपेत् ॥ कुम्भस्य पश्चिमे देशे शान्तिहोमं समाचरेत् । दूर्वाभिस्तिलगोधूमैः पायसेन घृतेन च ॥ तिसृभिश्चैव दूर्वाभिरेकैकाज्याहुतिर्भवेत् । अष्टोत्तरसहस्रं वा शतमष्टोत्तरं तु वा ॥ गायत्र्येव तु होतव्यं हविरत्र चतुष्टयम् । ततः स्विष्टकृतं हुत्वा समुद्रादूर्मिसूक्ततः ॥ संततामाज्यधारां तां पूर्णाहुतिमथाचरेत् । अथाभिषेकं कुर्वीत प्रतिकुम्भस्थितोदकैः ॥ आरोहिष्ठेति नवभिः सूक्तेन च ततः परम् । इंद्रो अंगं ऋचेनैव पावमानैः क्रमेण तु ॥ उभयं शृणुवच्चैनं स्वस्तिदाशिव एकया । त्रैयम्बकेन मन्त्रेण जातवेदस एकया ॥

यसको शान्ति प्रयोग पारिजातमा शौनकले भनेका छन्—

रज देखा हुने नारोहरूको शान्ति भन्छु म । दिनमा चार वा पाँचौं ग्रहको गर्नु पूजन ॥
सए दुइ र छप्पन्न भार्सा चामलका मुने ! । राख्नु राशि तिनै भाग पार्नु त्यस्को त त्यस्पछि ॥
धागाले-बस्रले फेरि बेह्रिएका मजैसित । मथिल्ला भागमा तिन्का राख्नु तीन घडा पनि ॥
तिनलाइ पछी सारा पवित्रै भिन्न-भिन्न ती । तीर्थका जलले भर्नु स्वयम् पूर्ण गरी अति ॥
सूक्तले नौ ऋचाको र शुभै प्रसुव आयले । ऋ वा प्रवतले त्यस्तै गायत्रीले क्रमैसित ॥
ती तीन जलकुम्भैका बीचमा धान्य आदि र । हालोस् औषधि इत्यादि सुवर्ण पनि पास्तव ॥
उदुगम्बर कुशा दूर्वा कमलै वट बेल भो । विष्णुक्रान्ता र तुलसी बर्हिष् औ शंखपुष्पिका ॥
शतावरी अश्वगन्धा निगुण्डी दुइ सर्षप । अपामार्ग पलाशै भो कटैहर र जीवका ॥
प्रियङ्गु गहुँ औ व्रीहि तथा पीपलपत्र र । घिउ कमलका पात दही दूध र उत्पल ॥
कुरण्टक तिनै गुञ्जा वच भद्रक मुस्तक । ल्याइ हालोस् सके सम्म यत्ति औषधि ता त्यहीं ॥
मृत्तिकाहरूलाई र औषधिहरूलाइ ती । माथिका मन्त्रले हालोस् क्रमै साथ भनी पढी ॥
राखोस् ती घटका माथि माटो काँसो र बेणुको । ताँबाको पात्रलाई वा विधिपूर्वक तेसको ॥
गरोस् स्थापन फेरी त्यो त्यहीं नै भुवनेश्वरी । इन्द्राणि साथका साक्षात् पुरन्दर कनै पनि ॥
त्यसमा गर्नु पर्ने त्यो होम पर्यन्त बास्तव । लक्ष्मीसूक्त र गायत्रीहरूको नै गरोस् जप ॥
अथवा एउटा ऋत्विक् दक्षिणै-कुम्भलाइ त्यो । गर्दै स्पर्श जपोस् नित्य माथिकै मन्त्र बास्तव ॥
चारोटा रुद्रसूक्तै का चारोटै मन्त्र माथिका । एघारै रुद्रका सूक्त तथा ती शत्र इन्द्रका ॥
फेरि अग्निसूक्तै का पाठ उत्तरको घडा । गर्दै स्पर्श गरून् विद्वान् शान्ति-पूर्वक नै तदा ॥
दूवो तिल गहुँ खीर घिउले शान्तिहोम नै । गरून् फेरि स्वयम् भाग पश्चिमैतिर कुम्भको ॥
दूर्वाङ्कुर सँगै तीन देओस् एकेक आहुति । पवित्र आज्यक शुद्ध धाराले पनि त्यस्पछि ॥

समुद्रज्येष्ठा इत्यादि त्रायन्तां च त्रिभिः क्रमात् । इमा आपस्त्र्यृचेनैव देवस्य त्वेति मन्त्रतः ॥ मन्त्रेणार्थं तमीशानं त्वमग्ने रुद्र इत्यथ । नतुष्टहीति मन्त्रेण भुवनस्य पितरं तथा ॥ याते रुद्रेति मन्त्रेण शिवसङ्कल्पमन्त्रतः । इन्द्र त्वा वृषभं पञ्चमन्त्रैश्चैवाभिषेचयेत् ॥ धेनुं पयस्विनीं दद्यादाचार्याय च भूषणैः । सदक्षिणमनड्वाहं प्रदद्याद्रुद्रजापिने ॥ महाशान्ति प्रजप्याथ ब्राह्मणान् भोजयेत्ततः ॥२८-५७॥" इति मदनरत्ने नारदः—"तत्र शान्ति प्रकुर्वीत घृतदूर्वातिलाक्षतैः । प्रत्येकाष्टशतं चैव गायत्र्या जुहुयात्ततः । स्वर्णगोभूतिलान्दद्यात्सर्वदोषापनुत्तये ॥५८-५९॥ प्रकारान्तरं मदनरत्ने ज्ञेयम् । विस्तरान्नोच्यते । ग्रहणे रजोदर्शने तु जातकर्मप्रस्तावे शान्ति वक्ष्यामः । प्रथमर्तौ पुष्पवत्या विधिविशेषः स्मृतिचन्द्रिकायाम्—"प्रथमर्तौ तु पुष्पिण्याः पतिपुत्रवतीस्त्रियः । अक्षतैरासनं कृत्वा तस्मिंस्तामुपवेशयेत् ॥ हरिद्रां गंधपुष्पादीन् दद्युस्ताम्बूलकं स्रजम् । दीपैर्नीराजनं कुर्यात्सदीपे वासयेद् गृहे ॥ लवणं लफमुद्गादि दद्यात्ताभ्यः स्वशक्तितः ॥६०-६३॥" इति । द्वितीयाद्यृतुषु तन्नियमानाह प्रयोगपारिजाते दक्षः—"अञ्जनाभ्यञ्जने स्नानं प्रवासं दन्तधावनम् । न कुर्यात्सार्त्तवा नारी ग्रहाणामीक्षणं तथा ॥६४॥" अत्रिरपि—"वर्जयेन्मधुमांसं च पात्रे खर्वे च भोजनम् । गंधं माल्यं दिवास्वापं ताम्बूलं चास्यशोध-

---

अष्टोत्तर सहस्रै वा अष्टोत्तर शतै कि वा । गायत्री मन्त्रले देओस् ती चारथर आहुति ॥
समुद्राद् ऊर्मिसूक्तैले होम स्विष्टकृतै गरी । निरन्तर घृतैधाराद्वारा पूर्णाहुतिः गरोस ॥
फेरि तीन घडाका ती जलले शुद्ध वास्तव । अभिषेक गरून् विद्वान् पछी यस प्रकारत ॥
आपोहिष्ठेत्यादि नौ यी ऋचाले फेरि सूक्तले । इन्द्रो अङ्ग ऋचाले यी तीन ओटा क्रमैसित ॥
पावमानैः ऋचाले र त्यो वैदिक विधानले । उभयं शृणुवक्चैव स्वस्तिदाशिव येसले ॥
यजामहे त्रयम्बकले जातवेदसले तथा । समुद्रज्येष्ठा देखी ली त्रायन्तां सम्म तीनले ॥
इमा आप यि तीनैले देवस्यत्वादि मन्त्रले । तमीशानं यसैले र त्वमग्ने यस मन्त्रले ॥
न तुष्टहि यसैले र भुवनस्य पितरले । याते रूद्रादि मन्त्रैले शिवसंकल्प मन्त्रले ॥
इन्द्र त्वा वृषभं आदि पवित्रै पाँच मन्त्रले । अभिषेक गरून् विद्वान् यसरी यजमानको ॥
देओस् आचार्यमा गाई दिने दूध र भूषण । रूद्रको जप गर्नेमा साँढेकै साथ दक्षिणा ॥
गराएर महान् शान्तिको जपै तदनन्तर । सारा विप्रहरूलाई गराओस् शुद्ध भोजन ॥२८-५७॥

मदनरत्नमा नारदको वचन छ कि—

गरोस् शान्ति तिलै दूबो-घिउले अक्षतादिले । होमोस् एक सए आठ गायत्रीले क्रमैसित ॥
नाश्न सम्पूर्ण दोषै र तिनलाइ हटाउन । सुवर्ण गाइ औ भूमि देओस् विप्रहरूकन ॥५८-५९॥

अरू विधान मदनरत्न मै जान्नु । यहाँ विस्तारका भयले भनिदैन । ग्रहणका वेलामा रजोदर्शन भएकाको शान्ति जातप्रकरणमा भन्नेछन् । प्रथम ऋतुमा रजस्वलाको विशेष स्मृति चन्द्रिकामा लेखिएको छ—

पहिलो ऋतुकालैमा नारीलाइ रजस्वला । पतिपुत्रवती नारी अक्षताको शुभासन ॥
बनाएर त्यसैबीच राखून् रास्रो सँगै अनि । हलेदो गन्ध-पुष्पै र पान माला पनी दिउन् ॥
नीराजनहरू द्वारा गरून् आरति ती पुनः । वलेको बत्ति घरमा सुताऊन् त्यसलाइ ता ।
नारीहरू कनै त्यस्ता नारीले त्यो रजस्वला । फल मुद्गु तथा नून देओस् शक्तिसरी निज ॥६०-६३॥

दोश्रो पटकका रजस्वलाको नियम प्रयोग पारिजातमा दक्षले भनेका छन्-

नुहाउनु दाँत माज्नु तेल गाजल् लगाउनु । न गरून् ती कुरा यस्ति यह हेर्नु प्रवासिनु ॥६४॥

नम् ॥ दग्धे शरावे भुञ्जीत पेयं चाञ्जलिना पिबेत् ॥६५-६६॥" मदनरत्ने हारीतः—'रजः प्राप्ता चेदधः शयीत भूमौ काष्णायसे पाणौ मृण्मये वाश्नीयात् ॥ ६७ ॥ विष्णुधर्मोत्तरे—"आहारं गोरसानां च पुष्पालङ्कारधारणम् । अञ्जनं कङ्कतं गन्धाः पीठशय्याधिरोहणम् ॥ अग्नि-संस्पर्शनं चैव वर्जयेच्च दिनत्रयम् ॥६८-६९॥" तथा प्रथमर्त्तौः पूर्वं स्त्रीगमनं न कार्यम् । "प्राग्रजोदर्शनात्पत्नीं नेयाद्गत्वा पतत्यधः । व्यर्थीकारेण शुक्रस्य ब्रह्महत्यामवाप्नुयात् ७०-७१ इति तत्रैवाश्वलायनोक्तेः । तत ऋतौ गमनमाह याज्ञवल्क्यः—'षोडशर्तुर्निशाःस्त्रीणां तासु युग्मासु संविशेत् ॥७२॥" इति अनृतावप्याह गौतमः—'ऋतावुपेयात्सर्वत्र वा प्रतिषिद्धवर्जनम् ॥७३॥" इति । मनुः—"ऋतुः स्वाभाविकः स्त्रीणां रात्रयः षोडश स्मृताः । तासामाद्याः चतस्रस्तु निन्दितैकादशी च या ॥ त्रयोदशी च शेषाः स्युः प्रशस्ता दश रात्रयः ॥७४॥" मदनरत्ने देवलः—'तस्मात्त्रिरात्रं चण्डालीं पुष्पितां परिवर्जयेत् ॥७५॥" तत्र तिथ्यादीनाह श्रीधरः—"पष्ठ्यष्टमीं पंचदशीं चतुर्थीं चतुर्दशीमप्युभयत्र हित्वा । शेषाः शुभाः स्युस्तिथयो निषेके वाराः शशाङ्कार्यसितेन्दुजानाम् ॥" उभयत्र पक्षद्वये । आर्यो गुरुः । सितः शुक्रः । इन्दुजो बुधः । "विष्णुप्रजेशरविमित्रसमीरपौष्णमूलोत्तरावरुणभानि निषेककार्ये । पूज्यानि पुष्यवसुशीतकरा-

---

अत्रिको वचन पनि छ—

धातुका सानु भाँडामा खानु औ मधु मांस र । दिनमा सुत्नु औ पान गन्ध-मालादि सेवनु ॥
छोडोस् रजस्वला नारी मुख शोधन ने पनि । माटाको पात्रमा खाओस् अञ्जुलीले पिओस् जल६५-६६
मदनरत्नमा हारीतको वचन छ कि-
रजस्वला भएमा स्त्री खाली भूमिविषे सुतोस् । हाथ वा लोह-माटोको गरोस् भोजन पात्रमा ॥६७॥
विष्णुधर्मोत्तरको वचन पनि छ—
हुँदैन गोरसँ खानु पुष्प-भूषण पैहनु । शय्या-आसनमा बस्नु हुन्न आगो छुने पनि ॥
अञ्जनै आदि लेपै र गन्धकंकत यी पनि । तीन दिनतकै छोडोस् हुने नारी रजस्वला ॥६८-६९॥
प्रथम रजस्वला हुनु भन्दा पहिले स्त्री-संग न गरोस् । किन भने विष्णुधर्मोत्तरमा आश्वलायनले भनेका छन्-
स्त्री-संग न गरून् विद्वान रजदर्शनको अनि । त्यस्तीको संग गर्दामा जान्छ त्यो नरकैविच ॥
आपनो अमूल्य त्यो वीर्य व्यर्थमा व्यर्थ पारद्दा । पार्ने मनुष्य ता भोग्छ ब्रह्महत्या कनै ठुलो ॥७०-७१॥
फेरि ऋतु भएमा गमन गर्नु याज्ञवल्क्य भनेकाछन्-
सोह्र रात्री रजै हुन्छ नारीको ती रजस्वला । त्यसमा युग्म रात्रीमा गरोस् गमन शुद्ध भै ॥७२॥
गौतमले ऋतुकाल न भएमा पनि गमन गर्नु भनेकाछन्-
नारीका ऋतुकालैमा अथवा अरूकालमा । वर्जितै तिथि छोडेर गरून् संग सदा नर ॥७३॥
मनुको पनि वचन छ-
स्त्रीको छ सोह्र रात्री त्यो काल स्वाभाविकै ऋतु । पैलो चार र एघारै तेह्रौं छन् रात्री निन्दित ॥७४॥
मदनरत्नमा देवलको वचन छ-
तस्मात् रात तकै तीन चण्डाली त्यो रजस्वला । छोडोस् नारीकने विद्वान् संग मै न गरीकन ॥७५॥
ऋतुमा तिथि आदि श्रीधरले कहेका छन्—
अष्टमी पूर्णिमा षष्ठी चतुर्थी दुइ पक्षका । चतुर्दशी कनै छोडी श्रेष्ठछन् अरू ती तिथि ॥
बृहस्पति तथा सोम शुक्र औ बुधवार ता । त्यो गर्भाधान गर्दामा मानिन्छन् श्रेष्ठ वास्तवा ।

शिवचित्रादित्याश्च मध्यमफलाः विफलाः स्युरन्ये ॥७६-८०॥" विष्ण्वादिदैवत्यनक्षत्राण्युक्तानि रत्नमालायाम्—"मेशा दस्रयमाग्निधातृशशिनः शर्वोदितिर्वाक्पतिः कद्रूजाः पितरो भगोर्यमरवीत्वष्टाह्वयो मारुतः। शक्राग्नीत्यथ मित्र इन्द्रनिर्ऋतिस्तोयं च विश्वे विधिर्गोविन्दो वसवोम्बुपाजचरणाहिर्बुध्न्यपूषाभिधाः ॥८१-८४॥" उत्तराशब्देनोत्तरात्रयम्। अथ मूलस्य पूज्यत्वमुक्तम्। याज्ञवल्क्येन तु—'एवं गच्छन् स्त्रियं श्यामां मघां मूलं च वर्जयेत् ॥८५॥" इत्युक्तम्। तेनात्र विकल्पः।

अत्र 'समासु पुत्रो विषमासु कन्या' इति ज्ञेयं 'युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु ॥८६॥" इति हेमाद्रौ शंखोक्तेः। तत्रा युत्तरोत्तरा प्रशस्ता। तदाह आपस्तंबः—"तत्राप्युत्तरोत्तरा प्रशस्ता' इति। तत्रैव व्यासः—"रात्रौ चतुर्थ्यां पुत्रः स्यादल्पायुर्धनवर्जितः। पंचम्यां पुत्रिणी नारी षष्ठ्यां पुत्रस्तु मध्यमः॥ सप्तम्यामप्रजा योषिदष्टम्यामीश्वरः पुमान्। नवम्यां सुभगा नारी दशम्यां प्रवरः सुतः॥ एकादश्यामधर्मा स्त्री द्वादश्यां पुरुषोत्तमः। त्रयोदश्यां सुता पापा वर्णसंकरकारिणी॥ धर्मज्ञश्च कृतज्ञश्च आत्मवेदी दृढव्रतः। प्रजायन्ते चतुर्दश्यां पंचदश्यां पतिव्रता॥ आश्रयः सर्वभूतानां षोडश्यां जायते पुमान् ॥८७-९४॥"

राब रोहिणी औ विष्णु अनुराधा समीर र। रेवती मूल नक्षत्र उत्तरा तीन वास्तव॥
शतभिषा पनी श्रेष्ठ मानिन्छन् यसमा पुनः। धनिष्ठा मृगशिरा औ पुष्य चित्रा र अश्विनी॥
पुनर्वसु यी नक्षत्र मानिन्छन् मध्यमै पुनः। अरू ता यस बाहेक हुन्छन् नक्षत्र निष्फल ॥७६-८०॥

विष्णु आदि देवताका नक्षत्र रत्नमाला यी कहिएका छन्—

मानिन्छन् कमले स्वामी अश्विनी आदिका यिनै। दस्रै यम अग्नि ब्रह्मा चन्द्रमा भगवान् शिव॥
अदिति नाग तो पितृ देवता भग अर्यमा। सूर्य त्वष्टा मारुतै औ इन्द्र अग्नि र मित्र ती॥
इन्द्रै निर्ऋति जल र विश्वेदेवा विरिञ्चिजी। गोविन्द वसु वरुण ती अजैचरण पनि॥
अहिर्बुध्न्य तथा पूषा यिनमा मूललाइ ता। कहिएको छ नै श्रेष्ठ गर्भाधान विषे सदा॥

याज्ञवल्क्यले भनेकाछन्—

भएकी रजले दुब्ली स्त्रीको संगम-कालमा। मनुष्यहरू ती छोड्नु मघा-मूल कनै पुनः ॥८५॥

यस वचनले यिनलाइ वर्जित लेखेको छ। यसै कारण मूलका विषयमा विकल्प सम्झनु पर्दछ। हेमाद्रिमा शंखको वचनले कहिएको छ—

नारीको ऋतुकालैका तिथिमा सम पुत्र र। विषमै तिथिमा कन्या जन्मिन्छन् नियमै छ यो ॥८६॥

ऋतुकालको पनि तिथि उत्तरोत्तर श्रेष्ठछन। त्यै आपस्तम्बले भनेकाछन कि—ती तिथिहरूमा पनि उत्तरोत्तर श्रेष्ठछन्। त्यहीं नै व्यासको वचन पनि छ—

गर्भैरजस्वला स्त्रीको चौथो रात्रीविषे रहे। पुत्र जन्मिन्छ थोरै नै आयुको अति निर्धन॥
त्यो पाचौं रातमा कन्या जन्मिन्छे पुत्र नै हुने। मझौला काटको हुन्छ छैटौं रातविषे सुत॥
सन्तानहीन नै कन्या जन्मिन्छे सात रातमा। आठौंमा पुत्र जन्मन्छ हुने ऐश्वर्य उत्तम॥
जन्मन्छे सुभगा कन्या त्यो नवौं रातमा पुनः। त्यो दशौं रातमा चाँहि पुत्र जन्मन्छ उत्तम॥
हुन्छे कन्या धर्महीन एघारौं रातमा तथा। बाह्रौंमा पुत्र जन्मन्छ अति उत्तम नै उता॥
जन्मिन्छे रातमा तेह्रौं पापिनी वर्णसंकर। कुल नै जलले गर्दा धिक्किइन्छ सरासर॥
जन्मिन्छ रातमा चौधौं धर्मज्ञानी कृतज्ञ र। हुने संकल्प बजियो बुद्धिमान् पुत्र वास्तव॥
हुन्छे पतिव्रता कन्या पन्ध्रौंमा सोह्र रातमा। जन्मिन्छ पुत्र साराको रक्षा गर्ने र आश्रय ॥८७-९४॥

इति । अत्र चतुर्थदिननिषेधेऽपि—'स्नातां चतुर्थे दिवसे रात्रौ गच्छेद्विचक्षणः ॥९५॥" इति महाभारतोक्तेश्चतुर्थेऽहनि स्नातायां युग्मासु वा गर्भं संदधातीति हारीतोक्तेर्विकल्पो ज्ञेयः । तत्रापि "स्नानं रजस्वलायास्तु चतुर्थेऽहनि शस्यते । गम्या निवृत्ते रजसि नानिवृत्ते कथंचन ॥९६॥" इत्यापस्तम्बोक्तेर्व्यवस्था ज्ञेया । प्रभासखण्डे मरीचिः—"शुद्धा भर्तुश्चतुर्थेह्नि स्नानेन स्त्री रजस्वला । दैवे कर्मणिपैत्र्ये च पंचमेऽहनि शुद्ध्यति ॥९७-९८॥" श्रौतकर्ममध्ये रजस्वला चेत्तत्र चतुर्थदिनेऽप्यधिकारः । 'अथ यदा त्रिरात्रिणी स्यादथैनामुद्वपेत् ॥९९॥" इत्यापस्तम्बसूत्रात् । 'चतुर्थेऽहनि गोमूत्रमिश्राम्बुभिः स्नाता वासोयोक्त्रजालानि मन्त्रैर्धारयेत्' इति सोमेप्युक्तम् । एवं सर्वत्र श्रौतकर्मणीति धूर्तस्वामीरामांडारादयः । अत्र सर्वासु युग्मासु गमनमावश्यकम् युग्मास्विति बहुवचननिर्देशादिति विज्ञानेश्वरः । तच्चैकस्यां रात्रौ सकृदेव कार्यम् । 'सुस्थ इन्दौ सकृत्पुत्रं लक्षण्यं जनयेत्पुमान् ॥१००॥" इति याज्ञवल्क्योक्तेः । इदं चर्त्तौ गमनमन्यकाले प्रतिबन्धादिना गमनासम्भवे श्राद्धैकादश्यादावपि कार्यम् । 'ब्रह्मचार्येव पर्वाण्याद्याश्चतस्रश्च वर्जयेत् ॥१०१ इति याज्ञवल्क्योक्तेः । व्याख्यातं चैदं मिताक्षरायाम् —'यत्र

यद्यपि यहाँ रजस्वला भएको चौथो दिन स्त्री संग निषेध छ ता पनि—

नारीको त्यो ऋतुस्नाता चौथो दिन भए पछि । रात्रीमा बुद्धिमान् मर्त्य गरोस् संगम रात्रमा ॥

यस महाभारतका वचनले चौथो दिन स्नान गरीसकेपछि युग्म (जोर) रातमा गर्भाधान गरोस् । यो हारीतका वचनले विकल्प जान्नु । त्यहाँ पनि आपस्तम्बका यस वचनले व्यवस्था जान्नु पर्दछ—

चौथो रजस्वला स्त्रीको दिनमा स्नान श्रेष्ठ छ । रजोधर्म हटेमा नै गमनै गर्नु योग्य छ ॥९६॥

प्रभास खण्डमा मरीचिको वचन छ—

हुन्छे रजस्वला नारी पतिका निम्ति वास्तव । त्यो चौथो दिनमा स्नान गरेरै मात्र शुद्ध त ॥

देवका पितृका कर्म गर्नका निम्तिमा भने । शुद्ध हुन्छे त्यही नारी पाचौं दिन भए पछि ॥९७-९८॥

वेदोक्तकर्मका मध्यमा रजस्वला भई भने चौथो दिनमा पनि अधिकार हुन्छ । किनभने ? आपस्तम्बको यो सूत्र छ कि-

जसै रजस्वला नारी हुन जान्छे त्रिरात्रिणी । अनिमात्र गृहस्थी ती बीज राखुन् यसै महाँ ॥९९॥

चौथो दिन गोमूत्र मिलेका जलले स्नान गरेर वस्त्रका ठाँउमा धागाको जालो मन्त्र पढेर धारण गरोस् । यो सोमयज्ञमा भनेको छ । यस्तै प्रकार सबै वेदोक्त कर्ममा जान्नु । यो कुरो धूर्तस्वामी र रामाण्डार आदि भन्दछन् । यहाँ ऋतुकालमा सबै युग्म रात्रीमा गमन गर्नु पर्छ भन्ने मूलमा युग्मासु भन्ने यो बहुवचन निर्देश गरिएको हुनाले भनी विज्ञानेश्वर भन्दछन् । परन्तु स्त्री-गमन ऋतुकालमा एउटै रातमा एकै पटकमात्र गर्नु पर्दछ । किन कि—

छन् भने रातमा त्यस्तो क्यै गरे अष्ट चन्द्रमा । यौटै पटकमा हुन्छ सुलक्षण हुने सुत ॥१००॥

याज्ञवल्क्यले यसो भनेका छन् । यो ऋतुगमन यदि कुनै प्रतिबन्ध आदिले अरू कालमा हुने सकेन भने श्राद्ध र एकादशी आदिमा पनि गर्नु पर्दछ । किन भने ? याज्ञवल्क्यले भनेका छन् कि--

रजस्वला भएका ती चारोय रातलाइ र । छोड्दा पर्व सबै हुन्छ ब्रह्मचारी सरी नर ॥१०१

मिताक्षरामा यसको व्याख्या लेखिएको छ कि-जहाँ श्राद्ध आदिमा ब्रह्मचर्य कहिएको छ, त्यहाँ ऋतुगमन गर्नाले ब्रह्मचर्य नष्ट हुन्छ भने त्या दोष छैन । पर्वाणि यस बहुवचनले अष्टमी र चतुर्दशी लिनु पर्दछ । मदनरत्नमा पनि यस्तै लेखिएको छ । फेरि जो हेमाद्रिमा शिवरहस्यको वचन छ कि-

श्राद्धादौ ब्रह्मचर्यं विहितं तत्राप्यृतौ गच्छतो न ब्रह्मचर्यस्खलनदोषः' इति। पर्वाणीति बहुत्वेनाष्टमीचतुर्दश्योर्ग्रहणम्। मदनरत्नेऽप्येवम्। यत्तु हेमाद्रौ शिवरहस्ये—"दिवा जन्मदिने चैव न कुर्यान्मैथुनं व्रती। श्राद्धं दत्त्वा च भुक्त्वा च श्रेयोर्थी न च पर्वसु ॥१०२॥" इति तदनृतुविषयम्। 'ब्रह्मचार्येव भवति यत्र तत्राश्रमे वसन् ॥१०३॥ इति मनूक्तेः। दर्शादौ तु न भवत्येव पर्वणां पर्युदस्तत्वात्। "अमावास्यामष्टमीं च पौर्णमासीं चतुर्दशीम्। ब्रह्मचारी भवेन्नित्यमनृतौ स्नातको द्विजः ॥१०४॥" इति विष्णुपुराणाच्च माधवीये तु—"ऋतुकाले नियुक्तो वा नैव गच्छेत् स्त्रियं क्वचित्। तत्र गच्छन् समाप्नोति ह्यनिष्टं फलमेव तु ॥१०५-१०६" इति वृद्धमनूक्तेः। श्राद्धे ब्रह्मचर्यं नियतमित्युक्तम्। पृथ्वीचन्द्रोदयेऽप्येवम्। एतत्सति सम्भवे ज्ञेयम्।

अनेकभार्यस्य तु यौगपद्ये हेमाद्रौ कश्यपः—"यौगपद्ये तु तीर्थानां विवाहक्रमशो व्रजेत्। रक्षणार्थमपुत्रां वा ग्रहणक्रमशोऽपि वा ॥१०७-१०८॥ इति। ग्रहणमृतुग्रहणम्। ऋग्विधाने—"विष्णुर्योनिं जपेत्सूक्तं योनिं स्पृष्ट्वा त्रिमिर्व्रती। गर्भाधानं ततः कुर्यात् सुपुत्रो जायते ध्रुवम् ॥१०९-११०॥" अगमन दोषमाह पराशरः—ऋतुस्नातां तु यो भार्यां सन्निधौ नोपगच्छति। घोरायां भ्रूणहत्यायां पच्यते नात्र संशयः ॥१११॥ अस्यापवादमाह मदनरत्ने व्यासः—

जन्मका दिनमा दिन्मा खाई श्राद्ध गरेर वा। पर्वमा व्रतगर्ने ले अे योर्थी मैथुने त्यजोस् ॥१०२॥

यो वचन ऋतु देखि भिन्न अरू कालकै बारेमा सम्झनु पर्दछ। किन भने ? भनुले भनेका छन्—

बस्ने आश्रममा आफनो हुञोस् जुन सुकै, नर। हुन्छ नै ब्रह्मचारी त्यो जान्छ ता ऋतुकालमा॥१०३॥

अमावास्या आदिमा ता स्त्रीगमन गर्नु हुदैन। विष्णुपुराणको वचन छ,—जसले पर्वका दिनमा। निषेध गरेको छ।

चतुर्दशी-पौर्णमासी-अष्टमी-औंसिमा पनि। ऋतुले भिन्न कालैमा ब्रह्मचारी हुञोस् द्विज ॥१०४॥

माधवीयमा वृद्ध मनुका यस वचनले नियत ब्रह्मचर्य कहिएको छ—

प्रवृत्त श्राद्धमा मर्त्य स्त्रीको त्यो ऋतुकालमा। नारीका संगमा कैले न गरोस् गमनै पनि ॥
यदि गर्छ भने देखि मर्त्य वास्तव त्यो पछि। परिणामविषे त्यस्को अनिष्ट फल भोग्दछ ॥१०५-१०६

पृथ्वीचन्द्रोदयमा पनि यस्तै लेखिएको छ। यो सबै हुन सके मात्र जान्नु—

धेरै पत्नीहरू हुने पुरूषका स्त्रीहरू एकै पटक रजस्वला भए भने त हेमाद्रिमा कश्यपले यसो। भनेका छन्—

हुदाँमा सब स्त्री आफना एकै पल्ट रजस्वला। विवाहका क्रमैले वा रक्षाको निम्तिमा कि वा ॥
त्यसका संगमा जाञोस् छइनन् जसका सुत। अथवा ऋतुकालैका क्रमले गमनै गरोस् ॥१०७-१०८॥

ऋग्विधानमा लेखिएको छ कि—

गरेर स्पर्श योनीको तीनै पटक राम्ररी। विष्णुसूक्त जपोस् त्यस्तो व्रत बस्ने मनुष्य त ॥
गर्भाधान गरोस् फेरि यति काम सके पछि। छोरो जन्मन्छ पक्का नै अति सुन्दर उत्तम ॥१०९-११०॥

ऋतुकालमा गमन न गरेमा पराशरले दोष लेखेका छन्—

रजस्वला भएकी त्यो भार्याका संगमा जुन। पाप लाग्छ भने जान्न हत्याको भ्रूण घोर नै ॥१११॥

यसको अपवाद मदनरत्नमा व्यासले भनेकाछन्—

"व्याधितो बन्धनस्थो वा प्रवासेष्वथ पर्वसु । ऋतुकालेऽपि नारीणां भ्रूणहत्या प्रमुच्यते ॥ वृद्धां बन्ध्यामसद्वृत्तां मृतापत्यां पुष्पिणीम् । कन्यां च बहुपुत्रां च वर्जयेन्मुच्यते भयात् ॥११२-११४॥" वृद्धां गतरजस्काम् । गर्भाधानांगहोमाकरणे प्रायश्चित्तमाह पारिजाते आश्वलायनः-"गर्भाधानस्यकरणात्तस्यां जातस्तु दुष्यति । अकृत्वा गांद्विजे दत्त्वा कुर्यात्पुं- सवनं पतिः ॥ ११५-११६ ॥" गर्भाधानं च मलमासशुक्रास्तादावपि कार्यम् । 'उत्सवेषु च सर्वेषु सीमंत-ऋतुजन्मसु । सुरासुरेज्ययोश्चैव मौढ्यदोषो न विद्यते ॥११७॥" इति ज्योतिर्निबन्धे भृगूक्तेः । ऋतौ गमने पराशरः—"ऋतौ तु गर्भशंकित्वात् स्नानं मैथुनिनः स्मृतम् । अनृतौ तु यदा गच्छेच्छौचं मूत्रपुरीषवत् ॥११८-११९॥" स्त्रीणां तु न स्नानम् । "उभावप्यशुची स्यातां दम्पति शयनं गतौ । शयनादुत्थिता नारी शुचिः स्यादशुचिः पुमान् ॥१२०॥" इति वृद्धशातातपोक्तेः । अत्र कश्चिद्विशेष उच्यते । तत्र रात्रौ रजसि जननादौ च रात्रि त्रिभागां कृत्वाद्यभागद्वये चेत्सूर्यादिनं ग्राह्यम् । परतस्तूत्तरमिति मिताक्षरायाम् । यत्तु 'प्रागर्द्ध रात्रात् प्राग्वा सूर्योदयात्पूर्वदिनम्'इत्युक्तम् ॥ तत्र देशाचाराद्व्यवस्था । तथा सप्तदशदिनपर्यंतं पुनः रजोदृष्टौ स्नानमात्रम् । अष्टादशे एकरात्रम् । ऊनविंशे द्वयहः । विंशति प्रभृतित्रिरात्रमिति तत एव ज्ञेयम् । यत्तु 'चतुर्दशदिनादर्वागशुचित्वं न विद्यते' इति तत्रस्नानप्रभृतित्वमभिप्रेतम् । एतच्च यस्या विंशतिदिनोत्तरं प्रायशो रजस्तत्रैव यस्यास्त्वर्वाक्प्रायशो रजस्तत्रोक्तं स्मृत्यर्थसारे-"त्रयोदशदिनदूर्ध्वं प्रायो

रोगी कैदी र पर्देशी पर्वमा ऋतुकालमा । जान्नन् भने देखि पाप लाग्दै लाग्दैन माथिको ॥
वृद्धा वन्ध्या असद्वृत्ता मर्ने सन्तानकी तथा । धेरै छोरी भएकी र धेरै छोराहुने पनि ॥
न छुनी न हुने कैले यस्ता स्त्रीको त संगम । न गर्दामा भ्रूणहत्या लाग्दै लाग्दैन क्यै पुनः ॥११२-११४॥

यदि गर्भाधानको अङ्ग होम गरिएन भने ता आश्वलायनले यस्तो प्रायश्चित्त कहेका छन्-
गर्भाधानविषे होम गरेको छैन ता भने । त्यस बाट जन्मिएको पुत्र ता दुष्ट बन्दछ ॥
केही गरी परे देखि त्यस्तो कर्म विशेषतः । दिएर विप्रमा गाई पति पुंसवनै गरोस् ॥११५-११६॥

यो गर्भाधान मलमास र शुक्रास्तादिमा पनि गर्नु पर्दछ । किन भने ? ज्योतिर्निबन्धमा भृगुको वचन छ-

सम्पूर्ण उत्सवैमा र सीमन्त-ऋतु-जन्ममा । हुँदैन अस्तको दोष गुरु औ शुक्रको पनि ॥११७॥

ऋतुमा गमन गर्दामा पराशरले यसो भनेकाछन्-
ऋतुमा रहने गर्भ शंका पर्ने हुँदा यहाँ । मर्त्यले मैथुने गर्ने स्नान गर्नु त योग्य छ ॥
पत्नी रजस्वला आफ्नी नभाको समयैविषे । गर्दा गमन विष्ठा र मूत्रको सरिशौचहोस् ॥११८-११९॥

स्त्रीले त स्नान गर्नु पर्दैन भनेकाछन् । किन कि ? वृद्धा शातातपको भनाई छ-

हुन्छन् अशुद्ध जाँदामा ओछ्यानविच दम्पती । उठेमा शुद्ध हुन्छे स्त्री अशुद्ध पुरुषै भयो ॥१२०॥

यहाँ केही विशेष भनिन्छ कि-यदि रात्रीमा रजोधर्म होस् वा जन्म होस् ता रात्रीको तीन भाग गरेर पहिलो दुइ भागमा छ भने पहिलो दिन लिनु तेश्रो भागमा होस् ता दोश्रो दिन लिनु यो मिताक्षरामा लेखेको छ । जो कसैले यस्तो भनिएको छ कि-अर्धरात्रमा वा सूर्योदय भन्दा पहिले होसला पहिलो दिन लिनु । त्यसमा देशाचारले व्यवस्था लिनु पर्दछ । सत्र दिन सम्ममा फेरि रजोदर्शन भयो भने त स्नान मात्र नै गरोस् । अठ्ठारौं दिन एकमात्र उन्नाइसौं दिन दुइ दिन तथा बीसौं दिन आदिमा तीन दिन अशौच वानु भन्ने मिताक्षरामा कहिएको छ । जो कसैले यस्तो कहिएको छ चौथो दिन भन्दा पहिलो रजोदर्शनमा अशुद्धि हुँदैन । त्यसमा केवल स्नान मात्र गर्नु

रजोवतीनामेकादशदिनात्प्रागशुचित्वं नास्ति । एकादशे दिने एकरात्रं ऊर्ध्वं त्रिरात्रम्" इति । प्रयोगपारिजातेऽप्येवम् । रोगजे तु तत्रैव विशेषः संग्रहे—"रोगेण यद्रजः स्त्रीणामन्वहं हि प्रवर्त्तते । नाशुचिस्तु भवेत्तेन यस्माद्वैकारिकं मतम् ॥१२१॥" इति । कर्माधिकारस्तु रजोनिवृत्तावेव । "साध्वाचारा न तावत् स्यात् स्नातापि स्त्री रजस्वला । यावत्प्रवर्त्तमानं हि रजो नैव निवर्त्तते ॥१२२॥" इति श्राद्ध हेमाद्रौ शंखोक्तेः । तत्रापि स्वकाले अशुचिरेवेत्याह ऋष्यशृङ्गः—"रोगजे वर्त्तमानेऽपि काले निर्याति कालजम् । तस्मात्कालेऽप्रमत्तः स्यादन्यथा संकरो भवेत् ॥१२२-१२४॥" अन्यस्त्रलायाः रजस्वलांतरस्पर्शेऽकामतः स्नानम् । कामतः उपवासः । पञ्चगव्याशनं च । असवर्णानां तु ब्राह्मण्याः क्षत्रियादिस्पर्शे क्रमेण कृच्छ्रार्द्धपादोनकृच्छ्राः । क्षत्रियादिनां तु कृच्छ्रपाद एव ।

क्षत्रियादीनां हीनवर्णस्पर्शे त्रिरात्रमुपवासः । वैश्यशूद्रयोः पूर्वायां स्पर्शेऽहोरात्रं द्विरात्रं वा । एतच्चकामतः । अकामतस्तु प्राक् शुद्धेरनशनम् । अकामतश्चांडालादिस्पर्शेऽप्यनशनमेव प्राक् शुद्धेः । कामतस्तु प्रथमेऽह्नि त्र्यहः । द्वितीये ह्यहस्तृतीये एकाहः । श्वस्पर्शे तु द्व्यह एकाहो वा । भुञ्जानायाश्चाण्डालादिस्पर्शे षडरात्रम् । उच्छिष्टयोः स्पर्शे तु कृच्छ्र इत्यादि मिताक्षरायां ज्ञेयम् । स्मृत्यर्थसारे तु—'सर्वत्र बालापत्यायाः स्पर्शे स्नाने कृते शुक्तिः पश्चादनशनपत्याम्नायः' इति । स्नानविधिं चाह पराशरः—"स्नाने नैमित्तिके प्राप्ते नारी यदि रजस्वला । पात्रान्तरिततोयेन

इष्ट छ यो पनि त्यही नै भनेको छ कि-जुन स्त्रीलाइ बीस दिन पछि प्राय रजोधर्म हुन्छ तथा असलाई बीस दिन भन्दा पहिले प्राय रजोदर्शन हुन्छ त्यसमा स्मृत्यर्थसारमा यसो भनेको छ कि तेह्र दिन पछि प्राय रजोदर्शन हुने स्त्रीलाई अशौच हुन्छ तथा एघार दिन भन्दा पहिले अशौच हुँदैन । एघारौं दिनमा भए एकरात्र र त्यस पछि भए तीन दिनको अशौच लाग्दछ । प्रयोग पारिजातमा पनि यस्तै प्रकार लेखिएको छ । रोग बाट पैदा भएको रजोधर्ममा त संग्रहमा यस्तो विशेष लेखिएको छ-

रोगले दिन्दिनै स्त्रीको रजोधर्म त हुन्छ जो । हुन त्यस्ले अशुद्ध स्त्री विकारै बाट जो भयो ॥१२१॥

स्त्रीहरूलाइ कर्मको अधिकार त रजोदर्शनको निवृत्ति भएमा मात्र हुन्छ । श्राद्ध हेमाद्रिमा शंखको वचन छ-

न्वाए पनि न छूने स्त्री शुभाचरण गर्न ता । सकदिन त्यहाँ सम्म रज् हट्तैन जहाँ तक ॥१२२॥

रजोधर्म हुने वेलामा स्त्री अशुद्ध नै हुन्छ भन्ने ऋष्यशृङ्गको भनाइ छ-

रोगले रज पैदा त्यो भएमा समयैविषे । निस्कन्छ रक्त त्यो तस्मात् त्यस्मा होस् सावधान नै ॥
त्यस्ती रजस्वला स्त्रीको गर्दा संगम वास्तव । वर्णसंकर सन्तान हुन्छ होस् सावधान नै ॥१२३-१२४॥

यदि रजस्वला स्त्रीलाई अज्ञानले कुनै अर्की रजस्वला स्त्री स्पर्श गर्छे भने स्नान गरोस् । जानेर छुन्छे भने त उपवास र पञ्चगव्य भक्षण गरोस् । भिन्न जातिका स्त्रीहरूका स्पर्शमा त यस्तो छ कि ब्राह्मणीलाई क्षत्रिय वैश्या शूद्रा स्त्री छुन्छे भने ता ब्राह्मणी क्रमले आधाकृच्छ्र व्रत गरोस् तथा क्षत्रियादि ता कृच्छ्रपाद गरोस् ।

यदि क्षत्रिय आदिलाइ हीनवर्ण स्त्रीको स्पर्श भयो भने त त्रिरात्र उपवास गरोस् । यदि वैश्य र शूद्रा स्त्रीलाइ आफ्नु भन्दा पूर्वजातिका स्त्रीहरूले स्पर्श गरे भने ता अहोरात्र वा द्विरात्र उपवास गरोस् । यो प्रायश्चित्त जानीकन स्पर्श गरेमा मात्र छ । अज्ञानले स्पर्श भएमा त शुद्धि भन्दा पहिले अनशन व्रत गरोस् । अज्ञानले चाण्डाल आदिका स्पर्शमा पनि शुद्धि भन्दा पहिले

स्नानं कृत्वा व्रतं चरेत् ॥ सिक्तागात्रा भवेदद्भिः सांगोपांगा कथंचन। न वस्त्रापीडनं कुर्यान्नान्यद्वासश्च धारयेत् ॥१२५-१२७" अथ रजस्वलास्नानम् दैवज्ञवल्लभः— "ब्राह्मानुराधाश्विनसौम्यभेषु हस्तानिलाखण्डलवासवेषु। विश्वार्यमर्क्षोत्तरभाद्रभेषु वरांगनास्नानविधिः प्रदिष्टः ॥" "ज्वराभिभूता या नारी रजसा च परिप्लुता। कथं तस्या भवेच्छौचं शुद्धिः स्यात्केन कर्मणा ॥ चतुर्थेऽहनि संप्राप्ते स्पृशेदन्या तु तां स्त्रियम्। सा सचैलावगाह्यापः स्नात्वा स्नात्वापुनः स्पृशेत् ॥ दशद्वादशकृत्वो वा आचामेच्च पुनः पुनः। अन्ते च वाससां त्यागस्ततः शुद्धा भवेत्तु सा ॥१२८-१३३॥" इति इदं चातुरमात्रे ज्ञेयम्। आतुरे स्नान उत्पन्ने दशकृत्वो ह्यनातुरः ॥१३४॥" इति पराशरोक्तेः। रजसोऽज्ञाने तु पराशरमाधवीये प्रजापतिः-"अविज्ञाते मले सा च मलवद्दूषना यदि। कृतं गृहेषु दुष्टं स्याच्छुद्धिस्तस्यास्त्रिरात्रतः ॥१३५॥" देवज्ञानीये कारिकायाम्— उच्छिष्टा तु द्विजातीनां रजःस्त्री यदि पश्यति। उपवासमधोच्छिष्टे ऊर्ध्वोच्छिष्टे त्र्यहं क्षिपेत्॥१३६॥'

अथ पुंसवनम्। प्रयोगपारिजाते जातूकर्ण्यः-"द्वितीये वा तृतीये वा मासि पुंसवनं भवेत्। व्यक्ते गर्भे भवेत्कार्यं सीमन्तेन सहाथवा ॥१३७॥" बृहस्पतिः-"तृतीये मासि कर्तव्यं

अनशन व्रत कहिएको छ। जानेर छोएमा त पहिलो दिन तीन दिन, दोश्रो दिन दुइ दिन र तेश्रो दिन एक दिन उपवास गरोस्। कुत्तालाइ छोइयो भने दुइ अथवा एक दिन उपवास गरोस्। यदि भोजन गर्न लागेको रजस्वलालाई चाण्डाल आदिको स्पर्श भयो भने त छ दिन उपवास गरोस्। यदि उच्छिष्ट रजस्वला दुई अ-आफुमा स्पर्श गर्छन् भने त कृच्छ्रव्रत गरून्। इत्यादि प्रायश्चित्त मिताक्षरामा हेर्नु पर्दछ। स्मृत्यर्थसारमा यस्तो कहिएको छ कि-जुन स्त्रीको काखमा बालक छ त्यही छुन्छे भने त स्नान गर्नाले नै शुद्ध हुन्छे तथा भोजन गरी सके पछि छुन्छे भने त अनशन व्रत गर्नाले शुद्ध हुन्छे। स्नानको विधि पराशरले यस्तो कहिएको छ-

परे नैमित्तिक स्नान स्त्रीमा यदि रजस्वला। पात्रान्तरित पानीले लाईकन गरोस् व्रत ॥
कुने प्रकारले आफ्ना सबै अङ्गहरूकन। अलंका बिन्दुले शुद्ध गरोस् छिट्टकिइ र सेचन ॥
न वस्त्रकन ती आफ्ना धोओस् त्यो स्त्री रजस्वला। न ता अरूकुनै त्यस्ता गरोस् धारण वस्त्र ता १२५-१२०

अब रजस्वला स्नान कहन्छन्। त्यसमा दैवज्ञ बल्लभले भनेका छन्-

अश्विनी सौम्य नक्षत्र अनुराधा र रोहिणी। हस्ता स्वाती तथा ज्येष्ठा उत्तराषाढ औ मघा ॥
धनिष्ठा उत्तराभाद्र नक्षत्रहरूमा यिनै। त्यस्ता रजस्वला स्त्रीको कहियो स्नानको विधि ॥
स्त्रीको कै ज्वर आएको रजोधर्म भयो भने। शुद्धि हुन्छ कर्मले के कसरी शौच भो अनि ॥
स्त्रीलाइ न छुनी त्यस्ती चौथो दिन भए पछि। छोओस् स्त्री अरू कै शुद्ध न्वाओस् अनि लुगा सँग ॥
जल छोई अनी फेरि छोओस् रजस्वलाकन। दश बाह्र पल्टतकै छोओस् यसरी त्यो पुनः ॥
बारम्बार गरी फेरि स्वयम् आचमनै पनि। लुगाकन सबै त्यागे शुद्ध भै अनि त्यो पनि ॥१२८-१२९॥

यो सब कुरा रोगिनीहरूकै विषयमा जान्नु। किन भने ? पराशर भन्दछन-

स्त्रीलाइ रोगिनी त्यस्ती स्नान गर्नु पर्‍यो भने। दश पल्टतकै छोओस् कुनै मर्त्य अनातुर ॥१३४॥

रजको अज्ञान भयो भने ता पराशर र माधवीयमा यस्तो भनेको छ-

मलको न भए ज्ञान वस्त्रबीच छ ता मल। दुष्ट हुन्छ गृहस्नान शुद्धि हुन्छ त्रिरात्रले ॥१३५॥

देवज्ञानीय कारिकामा लेखेको छ कि—

उच्छिष्ट स्त्री द्विजातीकी रजदेखे भने यदि। पैले एक पछी तीन उपवास गरोस् स्वयम् ॥१३६॥

अब पुँसवन भन्दछन्। प्रयोग पारिजातमा जातु कर्ण्यको वचन छ कि-

हुन्छ पुंसवनै कर्म महिनामा दुइ तीन वा। गर्नु वा गर्भ था पाई सीमन्तै संग कर्म यो ॥१३७॥

गृष्टेरन्यत्र शोभनम् । गृष्टेश्चतुर्थमासे तु षष्ठे मास्यथवाष्टमे ॥१३८-१३९॥" सकृत्प्रसूता गृष्टिः । एतेन प्रतिगर्भमपि भवतीतिज्ञायते । बहु चकारिकापि-"कर्त्ता स्याद्देवरस्तस्या यस्याः पत्युरसम्भवः । आवर्त्तत इदं कर्म प्रतिगर्भमिति स्थितिः ॥१४०॥" ब्राह्मे —"गर्भाधानादिसंस्कर्त्ता पिता श्रेष्ठतमः स्मृतः । तदभावे कुलीनः स्याद्बांधवो वान्यगोत्रजः ॥१४१॥" मदनरत्ने सत्यव्रतः—"मृतो देशान्तरगतो भर्त्ता स्त्री यद्यतंकृता । देवरो वा गुरुर्वापि वंश्यो वापि समाचरेत् ॥१४२॥" हेमाद्रौ यमः-'प्रथमे मासि द्वितीये वा यदा पुंनक्षत्रेण चन्द्रमा युक्तः स्यादिति ॥१४३॥" वराहः—"हस्तो मूलं श्रवणः पुनर्वसुर्मृगशिरस्तथा पुष्यः । पुंसंज्ञकेषु कार्येष्वेतानि शुभानि विष्ण्यानि ॥१४४॥" अनुराधापि पुन्नक्षत्रम् । 'अनुराधान् हविषा वर्द्धयन्तः' इति श्रुतेः । गर्गोऽपि—"पुष्यो नाम श्रवणस्तिष्यो हस्तश्चैव पुनर्वसुः । अभिजित्प्रौष्ठपाच्चैव अनुराधा तथाश्वयुक् ॥ १४५॥ " नृसिंहः—'रिक्तां पर्व च नवमीं त्यक्त्वा पुंसवने शुभः ॥ १४६ ॥" ज्योतिर्निबन्धे वसिष्ठः—"मृत्युश्च सौरेस्तनुहानिरिन्दोर्मृतप्रजा पुंसवने बुधस्य । काकी च वंध्या भवतीह शुक्रे स्त्रीपुत्रलाभो रविभौमजीवैः ॥१४७-१४८॥" अनवलोभनस्याप्ययमेव कालः । दीपिकायां तु चतुर्थेऽनवलोभनमित्युक्तम् ।

बृहस्पति को वचन पनि छ—

पैलो गर्भ हुने भिन्न स्त्रीको पुंसवनै भने । तेश्रो मैहाविषे हुन्छ गर्नु अत्यन्त नै शुभ ॥
पैलो पटकनै गर्भ रहेकी नारिको भने । चौथा छैठौं तथा आठौं मैहामा शुभ हुन्छ त्यो ॥१३८-१३९॥

यो कर्म सबै गर्भहरूमा हुन्छ । यो पनि यसै बाट जानिन्छ । बहु च कारिकामा लेखिएको छ कि-

पतिनै न हुने स्त्रीको गरोस् देवर कर्म त्यो । मर्यादा छ यही हुन्छ कर्म यो प्रतिगर्भमा ॥१४०॥

ब्रह्म पुराणको वचन छ—

गर्भाधानादि संस्कार गर्न योग्य छ बाबु नै । कुलको अन्य गोत्रैको गरोस् मर्त्य उ छैन ता ॥१४१॥

मदनरत्नमा सत्यव्रतले भनेकाछन्-

लोग्ने विदेशिएको होस् मरेको होस् छ स्त्री यता । असंस्कृत भने वंश्य गरून् देवर वा गुरू ॥१४१॥

हेमाद्रिका यमराजको वचन छ-

गरून् पुंसवनै कर्म पैलो दोश्रो कि मासमा । हुऊन् पुरूष नक्षत्रबीचका चन्द्रमा तर ॥१४३॥

वराहपुराणको वचन छ-

मूल श्रवण औ हस्ता पुनर्वसु मृगैशिरा । पुष्य यी हुन् शुभै कार्यविषे पुरूषसंज्ञक ॥१४४॥

अनुराधा पनि पुरूषनक्षत्र हो । अनुराधालाइ हविले देवताहरूले बढाए भन्ने श्रुति छ । गर्गको वचन पनि छ-

पुष्य श्रवण् हस्ता र अभिजित् औ पुनर्वसु । पुंनक्षत्र हुन् अश्विनी अनुराधा र प्रौष्टपाद् ॥१४५॥

नृसिंहको वचन छ-

यी पुंसवनकर्मादि गर्दा यो छोडनु पर्दछ । चतुर्दशी चतुर्थी र नौमी तो पर्व बीचका ॥१४६॥

ज्योतिर्निबन्धमा वसिष्ठको वचन छ-

हुनेछ गर्दा शनिवार मृत्यु त्यो सोममा ता तन-हानि हुन्छ ।
संतान मर्छन् बुधमा गरेमा भै काकबन्ध्या उत शुक्रकोमा ॥
भए पुंसवनै कर्म आदित्य-गुरू-भौममा । हुन आउँछ नै लाभ पछि उत्तम पुत्रको ॥१४७-१४८॥

अनवलोभन कर्मको पनि यही काल हो । दीपिकामा त चौथो महिनामा अनवलोभन गर्नु भनेको छ—

अथ सीमन्तः। हेमाद्रौ वैजपायः–'अथ सीमन्तोन्नयनं चतुर्थे पंचमे षष्ठेऽष्टमे वा' इति। वसिष्ठः–'चतुर्थे सप्तमे मासि षष्ठे वाप्यथवाष्टमे।' हेमाद्रौ शङ्खः–'गर्भस्यन्दने सीमन्तोन्नयनं यावद्वा न प्रसवः ॥१४९॥" काष्णाजिनिः—"गर्भलम्भनमारभ्य यावन्न प्रसवस्तदा। सीमन्तोन्नयनं कुर्याच्छङ्खस्य वचनं यथा ॥१५०॥" मासश्चात्र सौरःसावनो वा। कालविधाने—"चतुर्थषष्ठाष्टममासभाजि सौरेण गर्भे प्रथमं विधेयम्। सीमन्तकर्म द्विजभामिनीनां मासेऽष्टमे विष्णुबलि च कुर्यात् ॥१५१॥" वसिष्ठः —'चतुर्थे सावने मासि षष्ठे वाप्यथ वाष्टमे ॥१५२॥ ज्योतिर्निबन्धे नारदः––'अरिक्तापर्वदिवसे कुजजीवार्कवासरे ॥१५३॥" कालविधाने–"सीमन्ते तिष्यहस्तादितिहरिशशभृत्पौष्णविष्ण्युत्तराख्याः। पञ्चच्छिद्रं च रिक्ता पितृतिथिमपहायापराः स्युः प्रशस्ताः ॥१५४–१५५॥" पञ्चच्छिद्रं चाह वसिष्ठः––"चतुर्दशी चतुर्थी च अष्टमी नवमी तथा। षष्ठी च द्वादशी चैव पञ्चच्छिद्राह्वयाः स्मृताः॥ क्रमादेतासु तिथिषु वर्जनीयाश्च नाडिकाः। भूताष्टमनुतत्त्वांकदशशेषास्तु शोभनाः ॥१५६–१५७॥" कालनिर्णये––"शुभसंस्थे निशानाथे चतुर्थी च चतुर्दशीम्। पौर्णमासीं प्रशंसन्ति केचित्सीमन्तकर्मणि ॥ १५८ ॥" बृहस्पतिः––"पूर्वपक्षः शुभः प्रोक्तः कृष्णश्चांत्यं त्रिकं विना। चतुर्दशी चतुर्थी च शुक्लपक्षे शुभप्रदे ॥१५९॥" नारदः––"विप्रक्षत्रिययोः कुर्यादिदं सीमन्तकर्म तत्। वैश्यशूद्रकयोरेतद्विना

अब सीमन्त भन्दछन्। हेमाद्रिमा वैजवायको। वचन छ कि—चौथो पाँचौं छैटौं वा आठौं महिनामा सीमन्तोन्नयन गरोस्। वसिष्ठको वचन छ। चौथो पाँचौं छैटौं वा आठौं महिनामा गरोस्। हेमाद्रिमा शंखको वचन छ–

रहेको गर्भ त्यो चल्छ जहाँ सम्म तवैतक। अघिनै हुनु सुत्केरी सीमन्तोन्नयनै गरोस् ॥१४९॥

फेरि काष्णाजिनीको वचन पनि छ–

लिई गर्भ रहे देखि प्रसवैकाल सम्म त्यो। शंखका वचनै ठीक सीमन्तोन्नयनै गरोस् ॥१५०॥

यसमा सौर अथवा सावन महिना लिनु पर्दछ। कालविधानमा लेखिएको छ कि–

पैलो भए गर्भ द्विजातिस्त्रीको चौथो र छैटौं किंत आठ मासमा।
सीमन्तकर्मादिक गर्नु पर्छ देओस् बली विष्णुकनै त आठमा ॥१५१॥

वसिष्ठको वचन छ कि—

चौथो छैटौं तथा आठौं मैत्रा सावन वर्षको। भएमा कर्म सीमन्त गरेमा हुन्छ श्रेय छ ॥१५२॥

ज्योतिर्निबन्धमा नारदको वचन छ–

रिक्ता र पर्वले भिन्न अरू तो तिथिमा शुभ। गुरू-भौम र सूर्यैमा गरोस् सीमन्त-कर्म त्यो ॥१५३॥

कालविधानमा लेखिएको छ कि–

सीमन्त कर्म गर्दामा पुष्य हस्ता पुनर्वसु। श्रवणै मृगशिरा र रेवती अनि रोहिणी॥
उत्तरा तीन छन् श्रेष्ठ रिक्ता औ पञ्चछिद्र र। अमावास्या कनै छोडी छन श्रेष्ठ अरू ती तिथि ॥१५४-१५५॥

पञ्चछिद्र वसिष्ठले भनेका छन्–

चतुर्दशी चतुर्थी र अष्टमी नवमी तथा। तिथि यी द्वादशी षष्ठी कहिन्छन् पञ्चछिद्र नै॥
फेरि यी तिथिमा सारा पाँच आठ र चौदह। सत्ताइस दशै नौ यी घडी वर्जित निन्द्य छन् ॥१५६-१५७॥

काल निर्णयमा लेखिएको छ–

सीमन्तमा चन्द्र श्रेष्ठ हुन चतुर्थी चतुर्दशी। भनेर भन्दछन श्रेष्ठ पूर्णिमाकन त्यो पनि ॥१५८॥

बृहस्पतिको वचन पनि छ–

सीमन्तकर्ममा शुक्लपक्षनै शुभ हो अति। पछिल्ला तिथि ती पाँच छोडी कृष्ण पनी शुभ ॥१५९॥

निश्यपि केचन॥१६०।" वाराः पूर्वोक्ता एव। एतच्च सकृदेव कार्यमिति विज्ञानेश्वरः'सकृच्च संस्कृता नारी सर्वगर्भेषु संस्कृता ॥१६१॥" इति देवलोक्तेः। सकृत्प्रतिगर्भं वा कार्यमिति हेमाद्रिः। "सकृच्च कृतसंस्काराः सीमन्तेन द्विजस्त्रियः। यं यं गर्भं प्रसूयन्ते स सर्वः संस्कृतो भवेत् ॥१६२॥ इति हारीतोक्तेः। "सीमन्तोन्नयनं तूर्ध्वं न स्त्रीसंस्कार इष्यते। केचिद्गर्भस्य संस्कारात्प्रतिगर्भं प्रयुञ्जते ॥१६३॥" इति हेमाद्रौ विष्णुवचनाच्च। हेमाद्रौ विष्णुवचनाच्च। स एव--"स्त्री यद्यकृतसीमन्ता प्रसवेत्तु कथंचन। गृहीतपुत्रा विधिवत्पुनः संस्कारमर्हति ॥१६४॥"

सीमन्ते भोजने प्रायश्चित्तमुक्तं पराशरमाधवीये धौम्येन--"ब्रह्मौदने च सोमे च सीमन्तोन्नयने तथा। जातकर्मनवश्राद्धे भुक्त्वा चान्द्रायणं चरेत् ॥ १६५ ॥" ऋग्विधाने तु--"अराइवे जपेन्मंत्रं शतवारंन संशयः। सीमन्ते च यदा भुंक्ते मुच्यते किल्बिषात्तदा ॥१६६॥ इति। अथ गर्भिणीतत्पतिधर्माः॥ वराहः--'सामिषमशनं यत्नात्प्रमदा परिवर्जयेदतः प्रभृति ॥१६७॥" गृह्यकारिकापि--' अंगारमस्मास्थिकपालचुल्हीशूर्पादिकेषूपविशेन्न नारी। सोलूखलाद्ये दृषदादिके वा यन्त्रे तु पाद्ये न तथोपविष्टा॥ नो मार्जनीगोमयपिण्डकादौ कुर्यान्न वारिएयवगाहनं सा। अंगारभूत्या न नखैर्लिखेत् क्ष्मां कलिं वपुर्भंगमथो न कुर्यात्॥ नो मुक्तकेशी

नारदको वचन छ कि—

दिनमा गर्नु सीमन्त विप्र-क्षत्रियको भने। गर्नु त्यो वैश्य-शूद्रको दिनमा रातमा पनि ॥१६०॥

यसमा वार लिदा माथि भनिएकै लिनु। सीमन्त एकै पटक गर्नु पर्छ भनेर विज्ञानेश्वर भन्दछन्।

देवलको वचन पनि छ–

रहेको गर्भमा पैलो गरे संस्कार राम्ररी। पछिका गर्भमा सारा हुन्छे स्त्री संस्कृतै अति॥

हेमाद्रि त यसो भन्दछन् कि पहिलो गर्भमा वा गर्भैपिच्छे सीमन्त कर्म गरोस्। हारीतको वचन छ कि–

सीमन्तले एकपल्ट द्विज स्त्री छ त संस्कृत। पैदा गर्छे गर्भ जो जो त्यो हुन्छ सब संस्कृत ॥१६२॥

हेमाद्रिमा विष्णुको वचन छ कि–

कुने संस्कार गर्दैनन् कर्म-सीमन्तलाइ के। हुनाले गर्भ-संस्कार गर्दछन् प्रतिगर्भमा ॥१६३॥

विष्णुको वचन पनि त्यहीं नै छ–

खुत्केरी भै भने स्त्री के सीमन्तै न गरीकन। जन्मेमा पुत्रविधिले संस्कारै गर्नु योग्य छ ॥१६४॥

सीमन्तका भोजनमा माधवीयमा धौम्यले यो प्रायश्चित्त भनेको छ–

जातकर्म नयाँ श्राद्ध सोम सीमन्तमा तथा। त्यो ब्रह्मौदन-कर्ममा खाई चान्द्रायण गरोस् ॥१६५॥

ऋग्विधानमा लेखिएको छ–

सए पल्ट जपोस् मन्त्र अराइव र पापले। छुट्छ त्यो मर्त्य सीमन्तविषे भोजन जो गऱ्यो ॥१६६॥

अब गर्भिणी र गर्भिणीका पतिको धर्म भन्दछन्। त्यसमा वराहले भनेका छन्–

गर्भधारण देखिली नारीले गर्भधारका। आमिषै साथका सारा छोडोस् भोजनलाइ ती ॥१६७॥

गृह्यकारिकामा पनि लेखिएको छ–

खरानि अङ्गार कपाल चूल्हो नाङ्लो तथा हाड र ओखलैमा।
दुङ्गो र यन्त्रै तुप मार्जनीमा गोबर् र पाधादिकमा न बस्नु॥
पसेर पानीबिच त्यो न न्हाओस् अङ्गारनङ्ले भुइमा न कोरोस्।
नाङ्गी न होस् बाँधि रहोस् स्वकेश शरीर भङ्ग झगडा त्यजोस् त्यो॥
त्यजोस् हुँदा साझ त खानु-सुत्नु बोल्दैन बोलोस् वचनै अमङ्गल।

विवसाथ वा स्याद्भुंक्ते न सन्ध्यावसरे न शेते। नामंगलं वाक्यमुदीरयेत्सा शून्यालयं वृक्षतलं न यायात् ॥१६८-१७०॥" विष्णुधर्मोत्तरे--"कटुतीक्ष्णकषायाणि अत्युष्णलवणानि च। आयासं च व्यवायं च गर्भिणी वर्जयेत्सदा ॥१७१॥" हेमाद्रौ कौडिन्यः--'मुण्डनं पिण्ड-दानं च प्रेतकर्म च सर्वशः। न जीवत्पितृकः कुर्यात् गुर्विणीपतिरेव च ॥१७२॥ मिताक्षरायां-"उदन्वत्तोम्भसि स्नानं नखकेशादिकर्त्तनम्। अन्तर्वत्न्याः पतिः कुर्वन्नप्रजा जायते ध्रुवम् ॥१७३॥" पृथ्वीचंद्रोदये गारुडे-'गयायां पिण्डदानस्य न कदाचिन्निराक्रिया ॥१७४॥" अत्र काले दाप्रत्ययस्मृतेर्निषिद्धकालस्यैवापवादो न तु जीवत्पितृगर्भिणीपत्याशौचादिनिमित्तस्य अग्निहोत्रेयावज्जीवत्कालपरत्वाभावात्। अन्यथा आशौचे निमित्तेपि गयायात्राश्राद्धश्च स्यात्। यत्र तु निमित्तसंयोगस्यापवादो यथाशौचेऽग्निहोत्रादेः यथा वा जीवत्पितृकस्य मातुगयान्वष्टकादौ तत्र तदेव भवति नान्यदिति संक्षेपः। प्रयोगपारिजाते कश्यपः—"गर्भिणी कुंजराश्वादिशैलहर्म्यादिरोहणम्। व्यायामं शीघ्रगमनं शकटारोपणं त्यजेत् ॥ शोकं रक्तविमोक्षं च साध्वसं कुक्कुटासनम्। व्यवसायं दिवास्वापं रात्रौ जागरणं त्यजेत् ॥१७५-१७७॥" मदनरत्ने स्कान्दे—"हरिद्रा कुंकुमं चैव सिन्दूरं कज्जलं तथा। कूर्पासकं च ताम्बूलं मांगल्याभरणं शुभम् ॥ केशसंस्कारकबरीकरकर्णविभूषणम्। भर्तुरायुष्यमिच्छन्ती दूरयेद्गर्भिणी न हि ॥१७८-१७९॥" बृहस्पतिः—"चतुर्थे मासि षष्ठे वाप्यष्टमे गर्भिणी यदा। यात्रा

जादै न जाओस् घर शून्यमा र कै वृक्षको फेदविषे न जाओस् ॥१६८-१७०॥

विष्णुधर्मोत्तरमा पनि लेखिएको छ-

पीरो तीखो तथा टर्रो नुनीलो उष्ण भोजन। छोडोस् स्त्री गर्भिणी नित्य परिश्रम र मैथुन ॥१७१॥

हेमाद्रिमा कौडिन्यको वचन छ-

प्रेतकर्म पनी सारा पिण्डदान र मुण्डन। छोडोस् बाबु हुने त्यस्तै गर्भिणीको पति पनि ॥१७२॥

मिताक्षरामा पनि छ कि-

सिन्धुका जलमा स्नान नख-केशादिकर्तन। हुन्छ पर्‍यै प्रजाहीन गर्छ ता गर्भिणी-पति॥१७३॥

पृथ्वीचन्द्रोदयमा गरूड-पुराणको वचन छ-

गर्भिणी पतिले त्यस्ता गयातीर्थविषे गई। गर्नु ता पिण्डकोदान निषेधै छैन क्यै गरे ॥१७४॥

यसैका मूलको वचनमा कालार्थमा दाप्रत्ययभएकोले निषिद्धकालको अपवाद छ। जीवपितृक र गर्भिणीपतिका अशौच आदिका निमित्तको छैन। किन भने? यो वचन अग्निहोत्रमा जीवनपर्यन्तकै समान कालको बोधकछैन। न भए अशौच निमित्तमा गया यात्रा र श्राद्ध पनि हुने छैनन्। जहाँ निमित्तका संयोगको अपवाद हुन्छ। जस्तो अशौचमा अग्निहोत्र आदिको निषेध, जस्तो जीवत्पितृकले माताको गया श्राद्ध गर्नु। अन्वष्टका आदिमा त्यहाँ त्यही हुन्छ इति संक्षेपः। प्रयोग पारिजातमा कश्यपको वचन छ-

न चढोस् गर्भिणी नारी घोडा महल पर्वत। हात्ति इत्यादि औ छोडोस् शीघ्र गमन मैथुन ॥
कुक्कुटासनले वस्तु शोक रक्तविमोक र। श्रम साहस नै गर्नु छोडोस् इत्यादि गर्भिणी ॥
रात्रीमा वस्तु जाग्राम दिनमा वस्तु यी सब। त्यो त्यस्ती गर्भिणी स्त्रीले छोड्नु पर्दछ वास्तव ॥१७५-१७७॥

मदनरत्नमा स्कन्द पुराणको वचन छ-

हरिद्रा कुंकुमै शुद्ध चोलो सिन्दूर गाजल। माङ्गल्य-गहना सारा तथा ताम्बूल भक्षण ॥
जूरो र केश संस्कार गहना हात-कानका। पोइको आयु खोज्ने स्त्री गर्भिणी यी त्यजोस् सब ॥१७८-१७९॥

नित्यं विवर्ज्यास्यादाषाढे तु विशेषतः ॥१८०॥" याज्ञवल्क्यः–"दौहृदस्याप्रदानेन गर्भो दोषमवाप्नुयात् । वैरूप्यं मरणं चापि तस्मात्कार्यं प्रियं स्त्रियाः ॥१८१॥" दौहृदं गर्भिणीप्रियम् । तत्रैवाश्वलायनः–"वपनं मैथुनं तीर्थं वर्जयेद्गर्भिणीपतिः । श्राद्धं च सप्तमान्मासादूर्ध्वं चान्यत्र वेदवित् ॥१८२॥"

श्राद्धं तद्भोजनमिति प्रयोगपारिजातः । कालविधाने मुहूर्तदीपिकायां च–"क्षौरं शवानुगमनं नखकृन्तनं च युद्धादिवास्तुकरणं त्वतिदूरयानम् । उद्वाहमौपनयनं जलवेश्च गाहमायुःक्षयार्थमिति गर्भिणिकापतीनाम् ॥१८३॥" रत्नसंग्रहे गालवः–"दहनं वपनं चैव चौलं च गिरिरोहणम् । नावा आरोहणं चैव वर्जयेद्गर्भिणीपतिः ॥१८४॥" अन्यत्रापि–"प्रव्यक्तगर्भापतिरब्धियानं मृतस्य वाहं क्षुरकर्म संगम् । तस्यानुयत्नेन गयादितीर्थयागादिकं वास्तुविधिं न कुर्यात् ॥ प्रव्यक्तगर्भा वनिता भवेन्मासत्रयात्परम् । षण्मासात्परतः सूतिर्नवमेरिष्टवासिनी ॥१८५–१८६॥" अथ सूतिगृहप्रवेशः । गर्गः–"रोहिण्यैन्द्रवपौष्णेषु स्वातीवारुणयोरपि । पुनर्वसौ पुष्यहस्तधनिष्ठाश्युत्तरासु च ॥ मैत्रे त्वाष्ट्रे तथाश्विन्यां सूतिकागारवेशनम्॥१८७-१८८॥" एतच्च सम्भवे । 'प्रसूतिसम्भवे काले सद्य एव प्रवेशयेत् ॥१८९॥' इति वसिष्ठोक्तेः । तच्च

बृहस्पतिको वचन छ–

चौथो छैटौं तथा आठौं महिनामा विशेषले । आषाढ महिनाबीच यात्रा नै गर्भिणी त्यज्नोस् ॥१८०॥

याज्ञवल्क्यको वचन पनि छ–

गर्भमा दोष नै हुन्छ न गर्दा गर्भिणी प्रिय । विरूप-मरणै हुन्छ तस्मात् प्यारो गरोस् सँधै ॥१८१॥

त्यही नै आश्वलायन भन्दछन्–

गर्भिणीपति ता छोडोस् गर्न मैथुन मुण्डन । महिना देखि सातौं ली श्राद्धकर्म पनी सब ॥१८२॥

यहाँ श्राद्ध शब्दले श्राद्धको भोजन जिन्छन् । यो प्रयोग पारिजातमा कहिएको छ । कालविधान र मुहूर्त दीपिकामा पनि लेखिएको छ ।

कपाल–नङ् काटनु मलामि जानु वास्त्वादि गर्नु अति दूरजानु ।
विवाह युद्धै व्रतबन्ध गर्नु समुद्र स्नानै पति–आयु हर्छ ॥१८३॥

रत्नसंग्रहमा गालवको वचन छ—

दाह मुण्डन चौले र पर्वते–नाउ चढ्नु भो । पतिले गर्भिणी स्त्री को न गरोस् यी क्षुरा कर्म ॥१८४॥

अन्यत्र पनि लेखेको छ

स्त्रीको हुने गर्भ कुनै पतीले प्रयत्नले छोड्नु समुद्रस्नान ।
क्षौरांगचौरै मृतबाह-तीर्थ-गयादि श्राद्धै मख-वास्तुकर्म ॥
हुने स्त्री प्रकटै गर्भ हुन्छे तीन महिनापछि । छैटौंमा सूति नौमा ता सुत्केरी गृहवासिनी ॥१८५–१८६॥

अब सूतिगृहप्रवेशको निर्णयगर्दछन् । त्यसमा गर्गहरू भन्दछन्—

शतभिषा तथा स्वाति मृगशिरा र रोहिणी । पुनर्वसु पुष्य हस्ता धनिष्ठा तीन उत्तरा ॥
अनुराधा तथा चित्रा नक्षत्रैविच अश्विनी । सूतिकागृहमा शुद्ध पसाओस गर्भिणीकन ॥१८७–१८८॥

हुन सक्छ भने मात्रयो सब जान्नु पर्दछ । वसिष्ठले भनेका छन् कि-

बेला भए पछी त्यस्तो हुने प्रसव वास्तव । पसाओस् गर्भिणीलाई सूतिकागृहमा छिटै ॥१८९॥

नैर्ऋत्यां कार्यम् । 'वारुण्यां भोजनगृहं नैर्ऋत्यां सूतिकागृहम् ॥१९०॥" इति वसिष्ठोक्तेः विष्णुधर्मोत्तरे-"दशाहं सूतिकागारमायुधैश्च विशेषतः । वह्निना तिन्दुकालातैः पूर्णकुम्भैः प्रदीपकैः ॥ मुशलेन तथा वारिवर्णकैश्चित्रितेन च ॥१९१-१९२॥" अथ जातकर्म । पारिजाते वसिष्ठः—'श्रुत्वा जातं पिता पुत्रं सचैलं स्नानमाचरेत् ॥१९३॥' मनुः-"नाड्नाभिवर्द्धनात्पुंसो जातकर्म विधीयते ॥१९४॥" वर्द्धनं छेदनम् । हेमाद्रौ वैजवापः-"जन्मतोऽनन्तरं कार्यं जातकर्म यथाविधि । दैवादतीतकालं चेदतीते सूतके भवेत् ॥ १९५ ॥" पृथ्वीचन्द्रोदये विष्णुधर्मे—'अच्छिन्ननाभिकर्त्तव्यं श्राद्धं वै पुत्रजन्मनि ॥१९६॥ पुत्रपदेन कन्यापि गृह्यते । तदाह तत्रैव कार्ष्णाजिनिः—'प्रादुर्भावे पुत्रपुत्र्योर्ग्रहणे चन्द्रसूर्ययोः । स्नात्वानन्तरमात्मीयान् पितृश्राद्धेन तर्पयेत् ॥१९७॥" एतच्च रात्रावपि कार्यम् । 'पुत्रजन्मनि यात्रायां शर्वर्यां दत्तमक्षयम् ॥१९८॥" इति । तत्रैव व्यासोक्तेः । वैजवापः—"जातमात्रकुमारस्य जातकर्म विधीयते । स्तनप्राशनतः पूर्वं नाभिकर्त्तनतोऽपि वा ॥१९९॥ एतेन नैमित्तिकमपीदम् । जातेष्टिवदाशौचान्ते कार्यमिति शंका परास्ता । 'जाते कुमारे पितृणामामोदात्पुण्यं तदहः ॥२००॥ इति हारीतोक्तेश्च । अत्र श्राद्धप्रायेण हेम्ना वा कार्यमित्युक्तम् पृथ्वीचन्द्रोदये आदित्यपुराणे—'जातश्राद्धे न दद्यात्तु पक्वान्नं ब्राह्मणेष्वपि' इति । हेमाद्रिस्तु-"पुत्रजन्मनि कुर्वीत श्राद्धं

यो सूतिकागृह नैर्ऋत्य कुनामा बनाउनु पर्दछ । उनैले भनेकाछन्-

दिशा पश्चिम तर्फ नै पार्नु भोजनको घर । नैर्ऋत्य-कोणमा चाँहि बनाओस् सूतिका गृह ॥१९०॥

विष्णुधर्मोत्तरमा पनि कहिएको छ-

दशै दिनतकै त्यस्तो सूतिकागृहलाइ ता । अस्त्र-तिन्दुक-आगोले अघुल्टो-दीपकादिले ॥

घडाले जलले पूर्ण मुशलै वारिवर्णक । नाना चित्रादिले राम्रोस् सुशोभित गरीकन ॥१९१-१९२॥

अब जातकर्मको निर्णय गर्दछन् । पारिजातमा वसिष्ठको वचन छ—

सुनेर पुत्रको जन्म त्यस वेला पिता स्वयम् । लगाएका लुगै साथ गरोस् स्नान यथाविधि ॥१९३॥

मनुष्यहरूको सारा अगावै नाल काट्नुको । जातकर्म विधानै त्यो कहिएको छ वास्तव ॥१९४॥

हेमाद्रिमा वैजवायले भनेकाछन ।

जातकर्म गरोस् जन्म भै सक्ता विधिपूर्वक । बितेमा काल त्यो दैवयोगले सूतकै पछि ॥१९५॥

पृथ्वीचन्द्रोदयमा विष्णुधर्मको वचन छ—

जन्ममा पुत्र-पुत्रीको अगावै नाल काट्नुको । श्राद्धकर्मादि सम्पूर्ण गर्न पर्दछ वास्तव ॥१९६॥

त्यै कुरो कार्ष्णाजिनीले भनेकाछन—

जन्ममा पुत्र-पुत्रीको ग्रहणमा चन्द्र-सूर्यको । आपना पितृकनै न्वाई श्राद्धले तृप्त नै गरोस् ॥१९७॥

यो कर्म रात्रीमा पनि गर्नु पर्दछ । त्यहीं नै व्यासले भनेका छन्-

वेलामा पुत्र जन्मैको यात्राबीच प्रयागको । दिएका वस्तु ती सारा दिन्छन् नै फल अक्षय ॥१९८॥

वैजवाय त यसो भन्दछन् कि-

जन्मने बित्तिकै दूधपान औ नाल छेदन । अगावै पुत्रको त्यस्तो जातकर्म गरिन्छ त्यो ॥१९९॥

यस कारण यो कर्म नैमित्तिक मानिन्छ । यो कर्म जातेष्टिकै ठीक अशौचका अन्तमा गर्नु भन्ने शंका पनि हट्तछ । हारीतले पनि भनेकाछन्-

पुत्रका जन्मले आपनो पितृमा हुन्छ हर्ष नै । यस कारण मानिन्छ जन्मको दिन पुण्य त्यो ॥२००॥

हेम्नैव बुद्धिमान् । न पक्वेन न चामेन कल्याणान्यभिकामयन् ॥२०१॥ इति संवर्त्तोक्तेर्हेम्नैवेत्याह । एतच्च जननाशौचे मरणाशौचे च कार्यमित्याह मिताक्षरायां प्रजापतिः—"आशौचे तु समुत्पन्ने पुत्रजन्म यदा भवेत् । कर्त्तुस्तात्कालिकी शुद्धिः पूर्वाशौचेन शुद्ध्यति ॥२०२-२०३॥

केचित्तु—"मृताशौचस्य मध्ये तु पुत्रजन्म यदा भवेत् । आशौचापगमे कार्यं जातकर्म यथाविधि ॥२०४॥" इति स्मृतिसंग्रहोक्तेराशौचान्ते कार्यमित्याहुः । स्मृत्यर्थसारेऽपि विकल्प उक्तः—"मृदुध्रुवचरक्षिप्रभेष्वेषामुदयेऽपि चागुरौ शुक्रेऽथ वा केंद्रे जातकर्म च नाम च ॥" मृद्वादिलक्षणमाह श्रीधरः—"रोहिण्युत्तरभं स्थिरं गिरिशमूलेन्द्रोरगा दारुणं क्षिप्रं चाश्विदिनेशपुष्यमनलेंद्राग्नी तु साधारणम् । उग्रं पूर्वमथांतकं मृदुगति त्वाष्ट्रांत्यमैत्रं चरं विष्णुस्वातिशतोडुवस्वदितयः कुर्युः स्वसंज्ञाफलम् ॥२०५-२०८॥" अत्र सर्वत्र जातनामकर्मादावुक्तकालातिक्रमे नक्षत्रादिकं ज्ञेयम् । "देशकालोपघाताद्यैः कालातिक्रमणं यदि । अनस्तगे ज्येंदुसिते तत्कार्यं चोत्तरायणे ॥ २०९ ॥" इति मदनरत्ने नारदोक्तेः । बृहस्पतिरपि—"मुख्यालाभे विधिज्ञेन विधिश्चिंत्योऽप्रमादतः । नक्षत्रतिथिलग्नानां विचार्यैवं पुनः पुनः ॥२१०॥" सूतके संध्यादौ विशेषं वक्ष्यामः । अथ जन्मनि दुष्टकालाः । तत्र गंडान्तः । ज्योतिर्निबंधे नारदः—"पूर्णानंदाख्ययोस्तिथ्योः संधिर्नाडीद्वयं तथा । गंडान्तं मृत्युदं जन्मयात्रोद्वाहव्रतादिषु ॥

यहाँ श्राद्ध आमाश्रले वा सुवर्णले गर्नु पर्दछ । पृथ्वीचन्द्रोदयमा आदित्यपुराणका वचनले भनेको छ–पुत्र जन्मको श्राद्धमा ब्राह्मणहरूलाइ पकान्न न देओस् । हेमाद्रि त यसो भन्दछन् कि–

गरोस् सुवर्णले श्राद्ध बुद्धिमान् पुत्र-जन्ममा । कल्याण खोज्छ ता हुन्न गर्ने पक्व र आमले ॥२०१॥

यो संवर्तका वचनले सुवर्णले नै श्राद्ध गर्नु पर्दछ । यो गर्दा जन्म अथवा मरणका अशौचमा पनि गर्नु पर्दछ । मिताक्षरामा प्रजापतिले भनेका छन्–

यता परि रहेको छ कै अशौच उतातिर । कर्ताकन छ तत्काल शुद्धि ता पुत्र जन्मिए ॥
अशौच जन्मको चाँहि मरणाशौच साथ त्यै । हट्न जान्छ निवृत्ति मै यस्मा यस्तै छ निर्णय ॥२०२-२०३॥

कुनै त यसो भन्दछन् कि–

परेमा मरणाशौच पुत्रजन्म भयो भने । जातकर्म गरोस् सारा अशौच सकिए पछि ॥२०४॥

स्मृति संग्रहका यस वचनले अशौचका अन्तमा गर्नु पर्दछ । स्मृत्यर्थसारमा पनि विकल्प कहिएको छ मृदु ध्रुव चर क्षिप्र संज्ञक नक्षत्र र यिनका उदयमा र यस्तै लग्नमा जसमा गुरू र शुक्र केन्द्रमा हुन् जातकर्म र नामकर्म गरोस् । मृदु आदिका लक्षण श्रीधरले भनेकाछन्—

स्थिर छन् उत्तरा तीन नक्षत्र पनि रोहिणी । आर्द्रा मूल तथा ज्येष्ठा छन् अश्लेषा त दारूण ॥
अश्विनी हस्त औ पुष्य क्षिप्रसंज्ञक छन् यति । विशाखा कृत्तिका ज्येष्ठा छन साधारण संज्ञक ॥
तीनै पूर्वा र भरणी उग्रसंज्ञक छन् यति । रेवती मृगशिर् चित्रा मृदुसंज्ञक हुन् यति ॥
पुनर्वसु शतैभिषा धनिष्ठा स्वाति यी भने । चर संज्ञक छन् दिन्छन् संज्ञा सरि फलै निज ॥२०५-२०८॥

यहाँ सबै ठाउँमा जातकर्म र नाम आदिमा कालको अतिक्रम भयो भने त नक्षत्र आदि जानु । किन कि ? मदनरत्नमा नारदको वचन छ–

नाघेमा काल देशै र कालका उपघातले । उत्तरायण मै गर्ने गुर्वादि उदितै हुँदा ॥२०९॥

बृहस्पतिको वचन पनि छ–

होशले विधिज्ञान्नेले मुख्यकाल बित्यो भने । तिथि लग्न र नक्षत्र विधि हेर्नु विचारले ॥२१०॥

कुलीरसिंहयोः कीटचापयोर्मीनमेषयोः। गंडान्तमंतरालं स्याद्घटिकार्द्धं मृतिप्रदम् ॥ सार्पेन्द्र-पौष्णभेष्वंत्यषोडशांशोमसंधयः। तदग्रेभेष्वाद्यपादा भानां गण्डान्तसंज्ञकाः ॥२११-२१३॥" रत्नमालायां-"पौष्णाश्विन्योः सार्पपित्र्यर्क्षयोश्च यच्च ज्येष्ठामूलयोरंतरालम्। तद्गण्डान्तं स्याच्चतुर्नाडिकं हि यात्राजन्मोद्वाहकालेष्वनिष्टम् ॥२१४॥" रत्नसंग्रहे नवतीतारिष्टे—"सर्वेषां गण्डजातानां परित्यागो विधीयते। वर्जयेद्दर्शनं श्रावं तच्च पाण्मासिकं भवेत् ॥२१५॥" तिथ्य-र्क्षगण्डे पितृमातृनाशो लग्ने तु संधौ तनयस्य नाशः। सर्वेषु नो जीवति हन्ति बन्धून् जोषन्पुनः स्याद्बहुवारणाश्वः ॥" अथैषां दानमुत्तरगार्ग्ये-"तिथिगण्डे त्वनड्वाहं नक्षत्रे धेनुरुच्यते। कांचनं लग्नगण्डे तु गण्डदोषो विनश्यति ॥ उत्तरे तिलपात्रं स्यात्पुष्ये गोदानमुच्यते। अजा-प्रदानं त्वाष्ट्रे स्यात्पूर्वाषाढे तु कांचनम् ॥ उत्तरातिष्यचित्रासु पूर्वाषाढोद्भवस्य च। कुर्याच्छांतिं प्रयत्नेन नक्षत्राकारजां बुधः ॥२१६-२१८॥" अथाश्लेषाफलम्। "मूर्द्धास्यनेत्रगलकांसयुगं च बाहुहृज्जानुगुह्यपदमित्यहिदेहभागः। बाणाद्रिनेत्रहुतभुक् श्रुतिनागरुद्रषण्णंदपंचशिरसः क्रम-शस्तु नाड्यः॥ राज्यं पितृक्षयो मातृनाशः कामक्रियारतिः। पितृभक्तो बली स्वघ्नस्त्यागी भोगी धनी क्रमात् ॥ २१९-२२० ॥" ज्येष्ठाफलमुक्तं ब्रह्मयामले—"ज्येष्ठादौ जननीमाता

सूतक परेमा सन्ध्या आदिको विशेष भन्नेछन्। अब जन्ममा दुष्टकाल भन्दछन्। त्यसमा ज्योतिर्निबन्धका वचनले नारदले गण्डान्त भनेकाछन्।

तिथि पूर्णा र नन्दाका सन्धिको ती घडी दुई। हो गण्डान्त मृत्यु दिन्छ जन्म-यात्रा-विवाहमा ॥
कर्क सिंह वृश्चिकै र धनु औ मेष-बीचका। हुन् गण्डान्त घडी आधा दिनेछन् मृत्यु यी पनि ॥
ज्येष्ठा रेवति अश्लेषा पछिका सोह्र ती घडी। नक्षत्रका अधिल्ला ती पाउ गण्डान्त हुन् यति ॥२११-२१३॥

रत्नमालामा लेखेकोछ-

ज्येष्ठा श्लेषा रेवती-अश्विनीको गण्डान्तै हुन् चार् घडी-मूल्-मघैको।
तस्मात् छोड्नु बीचका चार् घडी ती यात्रा जन्मै छन् विहामा अनिष्ट ॥२१४॥

रत्न संग्रहमा नवनीतारिष्टमा लेखिएको छ-

गण्डान्तमा जन्मिएका शिशुको त्याग उक्त छ। बोल्तु-सुन्नु पनी हुन्न ठ्याक्कै छ महिनाभरी ॥२१५॥

तिथि र नक्षत्रका गण्डान्तमा माता पिताको नाश हुन्छ। लग्नका सन्धिमा पुत्र नाश हुन्छ। सबै गण्डान्तमा जन्मिएको बालक बाँच्दैन तथा बन्धुहरूलाई नष्ट गर्दछ। यदि बाँच्छ भने ता धेरै घोडा र हात्ती राख्ने हुन्छ। अब यिनको दान कहिन्छ जुन उत्तर गार्ग्यमा लेखिएको छ-

तिथि नक्षत्र-लग्नैका गण्डान्तैमा क्रमैसित। साँढे गाइ दिदा स्वर्ण दोष त्यो नाशिइन्छ नै ॥
उत्तरामा तिलै-पात्र देओस् गोदान पुष्यमा। अजाको दान चित्रामा पूर्वाषाढाबिषे सुन ॥
जन्मेको उत्तरा-तिष्य पूर्वाषाढा र चित्रमा। नक्षत्राकार शिशुको बनाइ शान्ति नै गरोस् ॥२१६-२१८॥

अब अश्लेषाको फल भन्दछन् मस्तक मुख नेत्र गला दुवै काँध हाथ हृदय जानु लिङ्ग चरण यी अश्लेषाका देहका भाग हुन्। यसका मस्तकका क्रमले यी घडी छन् पाँच सात दुई तीन चार आठ एघार छ नौ र पाँच। यिनको क्रमैले यस्तो फल छ-

राज्य औ पितृनाशै र मातृनाश कर्मप्रीति भो। पितृभक्त र बलवान् मृत्युबालकके तथा ॥
त्यागी भोगी र धनवान हुँन आउँछ वास्तव। माथिका घडिमा सारा जन्मेको बालकै छ ता ॥२१९-२२०॥

ज्येष्ठाको फल ब्रह्मयामलमा कहिएको छ—

ज्येष्ठाका आदिमा जन्म भएको शिशु त्यो यहाँ। आमा नै आफ्नी आमाको नाश गर्दछ वास्तव ॥

द्वितीये जननीपिता । तृतीये जननीभ्राता स्वयं माता चतुर्थके ॥ आत्मानं पंचमे हन्ति षष्ठे गोत्रक्षयो भवेत् । सप्तमे चोभयकुलं ज्येष्ठं भ्रातरमष्टमे । नवमे श्वशुरं हन्ति सर्वं हन्ति दशांशके ॥२२१-२२४॥" इति ।

अथ मूलफलं । लल्लः—"अभुक्तमूलसम्भवं परित्यजेच्च बालकम् । समाष्टकं पिताथ वा न तन्मुखं विलोकयेत् ॥ तदाद्यपादके पिता विपद्यते जनन्यथ । तृतीयके धनक्षयश्चतुर्थकः शुभावहः ॥ प्रतापमंत्यपादतः फलं तदेव सार्पभे ॥२२५-२२७॥" अभुक्तमूलं त्वाह वृद्धवसिष्ठः—"ज्येष्ठांत्ये घटिका चैका मूलादौ घटिकाद्वयम् ॥२२८॥ अभुक्तमूलमित्याहुर्जातं तत्र विवर्जयेत् ॥" केचिज्ज्येष्ठांत्यं मूलाद्यं च पादं अभुक्तमूलमाहुः । कश्यपसंहितायां त्वन्यथोक्तम्—"मूलाद्यपादजो हन्ति पितरं तु द्वितीयजः । मातरं स्वां तृतीयोर्थान् सुहृदं च तुरीयजः ॥ फलं तदेव सार्पर्क्षे प्रतीपं त्वंत्यपादतः ॥२२९-२३०॥" अथ मूलवृक्षः । जयार्णवे—"मूलं स्तम्भस्त्वचा शाखा पत्रं पुष्पं फलं शिखा । वेदाश्च मुनयश्चैव दिशश्च वसवस्तथा ॥ नन्दा बाणारसा रुद्रा मूलभेदः प्रकीर्त्तितः । मूलं मूलविनाशाय स्तम्भे हानिर्धनक्षयः॥ त्वचि भ्रातुर्विनाशाय शाखा मातुर्विनाशकृत् । पत्रे सपरिवारः स्यात्पुष्पेषु नृपवल्लभः ॥ फलेषु लभते राज्यं शिखायामल्पजीवितम् ॥ २३१-२३४ ॥" अन्यत्र त्वन्यथोक्तम्—'मूलं सप्तघटीषु मूलहननं स्तम्भेष्टसु स्वक्षयं त्वग्दिग्बंधुविनाशनं च विटपे रुद्रैर्हतो मातुलः । पत्रेऽर्कैः सुकृतिस्तु बाणकुसुमे मंत्री फले सागरे राजावह्निशिखाल्पमायुरिति तन्मूलांघ्रिपे स्यात्फ-

---

पितालाइ त माताकै दोश्रोमा नाश्छ त्यो पुनः । तेश्रोमा आफ्नि आमाको भाइ मातुल पिर्दछ ॥
मातालाइ त चौथोमा पाँचौमा आफुलाइ नै । छैटौंमा गोत्र सातौमा ती दुवैकुल नाश्तछ ॥
साक्षात् दाजुकनै आफनो आठौंमा पिर्छ त्यो पुनः । नवौंमा ससुरैलाई दशौंमा सब नाश्तछ २२१-२२४

अब मूलको फल भन्दछन् । लल्लको वचन छ ।

अभुक्तमूल पारेर जन्मेको शिशु त्याग्दिनु । आठवर्षतकै त्यस्को न हेरोस् मुख नै पिता ॥
त्यसको पाउमा पैलो जन्मेमा बाबु पिर्दछ । दोश्रोमा जननी, तेश्रो धन, चौथो छ श्रेयद ॥
अश्लेषाको त्यही अन्त्यपादै संग त येसको । विपरीत भएको छ भन्दछन् ती विवक्षित ॥२२५-२२७॥

अभुक्तमूललाइ वृद्धवसिष्ठले भनेकाछन् ।

ज्येष्ठाका अन्त्यको पैलो घडी एक र मूलका । दुइ घडी त पैलेका अभुक्तमूल भन्दछन ॥२२८॥

तस्मात् त्यसमा जन्मेको बालकलाई छोड्नोस् । कुनै त ज्येष्ठाको अन्त्य घडी र मूलको आदिको दुइ घडी अभूक्तमूल भन्दछन् । काश्यप संहितामा अरूथोकै भन्दछन् ।

पाउमा मूलको पैलो जन्मेको शिशु बाबु र । आमाकन त दोश्रोमा तेश्रोमा धन नाश्तछ ॥
तथा मित्रकनै नाश्छ चौथोमा, विपरीतको । फल ता पाउले अन्त्य अश्लेषा बीच जाननु॥२२९-२३०॥

अब मूलवृक्ष भन्दछन् । जयार्णवमा लेखिएको छ ।

मूल स्तम्भ त्वचा शाखा पत्र पुष्प फलै शिखा । चार सात दश आठ नौ पाँच छ एघार ता ॥
यिनका घडि हुन्छन यी क्रमै साथ यसो गरी । मूलमा मूल नाशिन्छ स्तम्भमा धन-हानि छ ॥
त्वचामा भाइ नाशिन्छ पत्रमा परिवार र । शाखामा जननी मर्छें पुष्पमा भो नृपप्रिय ॥
जन्ममा फलमा चाँहि राज्यैलाभ छ बालमा । शिखाबीच परेमा त अल्पजीवन भो शिशु ॥२३१-२३२॥

अन्यत्र त अरूथोकै भनेको छ ।

लम् ॥२३५-२३८॥" भूपालवल्लभः—"भूपालसिंहेषु घटे च मूलं दिवि स्थितं युग्मतुलांगनांत्ये। पातालगं मेषधनुःकुलीरनक्रेषु मर्त्येष्विति संस्मरन्ति ॥ स्वर्गे मूले भवेद्राज्यं पाताले च धनागमम्। मृत्युलोके यदा मूलं तदा शून्यं समादिशेत् ॥२३९-२४०॥" वसिष्ठः—"नैर्ऋत्यभोद्भूतसुतः सुता वा त्रिपादवश्यं श्वशुरं निहन्ति। तदंत्यपादे जनितो निहन्ति तस्योत्क्रमेणाहिभवे कलत्रम् ॥ सुरेशताराजनिता धवाग्रजं द्विदैवताराजनिता तु देवरम्। पुरंदरर्क्षे जनितः सुतस्तथा स्वस्याग्रजं हन्ति न पुत्रिका यदि ॥" प्रयोगपारिजाते—'मूलजा श्वशुरं हन्ति व्यालजा च तदंगनाम्। माहेंद्रजाग्रजं हन्ति देवरं तु द्विदैवजा ॥२४१-२४२॥" नृसिंहप्रसादे—"धवाग्रजं हन्ति सुरेंद्रजाता तथैव पत्न्या भगिनीं पुमांश्च। द्विदैवजा देवरमाशु हन्याद् यानुजामाशु निहन्ति सूनुः ॥ पत्न्यग्रजामग्रजं वा हन्ति ज्येष्ठर्क्षजः पुमान्। तथा भार्यां स्वसारं वा शालकं वा द्विदैवजः ॥ कन्यका देवर हन्ति विशाखांत्यसमुद्भवा। आद्यपादत्रयं नैव आद्यभे तु पुमान् भवेत् ॥ न हन्याद्देवरं कन्या तुलामिथद्विदैवजा। तदृक्षांत्योद्भवा वर्ज्या दुष्टा वृश्चिकपुच्छवत् ॥ २४३-२४७ ॥" चित्रार्धद्वे पुष्यमध्ये द्विपादे पूर्वाषाढाधिष्ण्यपादे तृतीये। जातः पुत्रश्चोत्तरार्द्धे विधत्ते मातापित्रोर्भ्रातरं बालनाशम् ॥ द्विमासं चोत्तरादोषः पुष्ये

मूलका घडिमा सात जन्मेमा मूल नाश छ। स्तम्भका घडिमा आठ हुन जान्छ सुखक्षय ॥
स्ववन्धुको नाश हुन्छ स्वचाका घडिमा दश। मामा मर्दछ शाखाको पधार घडिमा परे ॥
पत्रका घडिमा बाह्र पुण्यशील भयो शिशु। पुष्यका घडिमा पाँच मन्त्री नै हुँन आउँछ ॥
फलका घडिमा सात राजा नै हुन्छ बालक। शिखाका घडिमा तीन अल्पायु हुन आउँछ ॥२३५-२३८॥

यो मूलवृक्षको फल हो। भूपाल वल्लभले लेखेका छन्।

छ स्वर्गमा मूल वृषे र वृश्चिक ती सिंह-कुम्भैतिर औ पतालमा।
छ मीन कन्या मिथुनैतुलाविषे भन्छन धरामा अरू बाँकिमा भने ॥
भएमा मूल स्वर्गमा राज्य पातालमा धन। रहेमा मर्त्यलोकैमा पाउला सर्वनाश त्यो ॥२३९-२४०॥

वसिष्ठको वाक्य छ—

मूल नक्षत्रमा जन्मेको सन्तान अवश्य ससुरालाई नै नष्ट गर्दछ त्यसको अन्त्यपादमा पैदा भएको सन्तान सासुलाइ नै पिर्दछ। अश्लेषामा यसको फल विपरीत जान्नु। ज्येष्ठामा पैदा भएकी कन्या जेठाजुलाई र विशाखामा जन्मेकी चाँहि देवरलाइ मार्दछे। ज्येष्ठामा जन्मेको भोरो आफ्नो दाजुलाइ नै मार्दछ। जेठी छोरी हो भने त त्यस्तो हुँदैन। प्रयोग पारिजातमा त यस्तो लेखिएकोछ कि—

ससुराकन नै नाश्छे जन्मेकी मूलमा सुता। यता सासुकनै पिछें अश्लेषाविच जन्मिए ॥
जेठाजुकन नै नाश्छे ज्येष्ठामा जन्मिई भने। जन्मिएकी विशाखामा देवरैकन नाश्तछे ॥२४१-२४२॥

नृसिंहप्रसादमा लेखिएको छ—ज्येष्ठामा पैदाभएकी कन्या जेठाजु सानीआमा मामालाइ नाश्तछे। विशाखामा जन्मिएकी छ भने देवरैकन नाश्तछे। पुत्र छ भने त तुरुन्त शालीलाइ पिर्दछ।

पुत्र नाश्तछ ज्येष्ठाको जेठानै जेठिसासु वा। शाली-शालाकनै नाश्छ विशाखाको भने सुत ॥
अन्त्यमा नै विशाखाको जन्मेकी छ सुता भने। अवश्य नष्ट नै गर्छे आफ्नो देवरलाइ ने ॥
त्यस्तो दोष छैंदै छैन पहिला तीन पाउमा। यदि यी पाउमै तीन जन्मेको पुत्र हो भने ॥
तुलाराश संगै मिल्दो विशाखाबीच वास्तव। जन्मेकी छ भने कन्या कसै नाश्दिन देवर ॥
त्यही नक्षत्रका अन्त्य पाउमा जन्मिदी सुता। बिच्छीको पुच्छके ठीक गरेरै त्याग्नु योग्य छ २४१-२४७

चैव त्रिमासिकः । पूर्वाषाढाष्टमे मासि चित्रा षाण्मासिकं फलम् ॥ नवमासं तथाऽश्लेषा मूले चाष्टकवर्षकम् । ज्येष्ठा पंचदशे मासि पुत्रदर्शनवर्जिता ॥२४८-२५०॥"

वसिष्ठः--"व्यतीपातेऽङ्गहानिः स्यात्परिघे मृत्युमादिशेत् । वैधृतौ पितृहानिः स्यान्नष्टेदा-न्धतां व्रजेत् ॥ मूले समूलनाशः स्यात् कुलनाशो धृतौ भवेत् । विकृताङ्गश्च हीनश्च संध्ययो-रुभयोरपि ॥ पर्वण्यपि प्रसूतौ च सर्वारिष्टभयप्रदः । तद्वत्सदंतजातश्च पादजातस्तथैव च ॥ तस्मा-च्छांतिं प्रकुर्वीत ग्रहाणां क्रूरचेतसाम्॥२५१-२५४॥" गर्गः--"कृष्णां चतुर्दशीं षोढां कुर्यादादौ शुभं स्मृतम् । द्वितीये पितरं हन्ति तृतीये हन्ति मातरम् ॥ चतुर्थे मातुलं हन्ति पंचमे वंशनाश-नम् । षष्ठे च धननाशः स्यादात्मनो वंशनाशनम् ॥२५५-२५६॥" देवकीर्तिः--"यद्येकस्मिन् धिष्ण्ये जायन्ते दुहितरोथ वा पुत्राः । पितुरन्तेकरा ह्येते यद्यपरे प्रीतिरतुला स्यात् ॥२५७॥" गर्गः--"एकस्मिन्नेव नक्षत्रे भ्रात्रोर्वा पितृपुत्रयोः । प्रसूतिश्च तयोर्मृत्युर्भवेदेकस्य निश्चितम् ॥२५८॥" शौनकः--"ग्रहणे चन्द्रसूर्यस्य प्रसूतिर्यदि जायते । व्याधिपीडा तदा स्त्रीणामादौ तु ऋतुदर्शनात् ॥ इत्थं संजायते यस्य तस्य मृत्युर्न संशयः ॥२५९-२६०॥" शान्तिस्तु--"तद्व्याधिपते रूपं सुवर्णेन प्रकल्पयेत् । सूर्यग्रहे सूर्यरूपं हैमं चंद्रं तु राजतम् ॥ राहुरूपं प्रकुर्वीत नागेनैव विचक्षणः । (नागः सीसम्) त्रयाणां चैव रूपाणां स्थापनं तत्र कारयेत् ॥"

चित्राका पहिलो आधाभाग पुष्यका बीचमा दुइ पाद र पूर्वाषाढाका तेश्रा पाचमा वा उत्तरार्धमा पैदा भएको पुत्र क्रमैले आमा बाबु भाइ र बालकको नाश गर्दछ ।

दोष ता उत्तराको त्यो हुन्छ मासतकै दुई । पूर्वाषाढाको मासआठ पुष्यको तीनमास छ ॥
छ महातक चित्राको अश्लेषाको छ मास नौ । ठीक आठ वर्षतकै मूलको दोष हुन्छ त्यो ॥
पन्द्र महातकै हुन्छ ज्येष्ठाको दोष त्यो भने । तस्मात् त्यत्तितकै हेर्ने हुँदैन सुतको मुख ॥२४८-२५०॥

वसिष्ठको वचन छ-

अङ्गहानि व्यतीपातमा मृत्यु भो परिवेत्रिच । वैधृतिमा पितृहानि अन्धैभो नष्ट चन्द्रमा ॥
मूलमा समूल नाशिन्छ धृतिमा कुलनाश छ । विकृताङ्गर हीनाङ्ग जन्मे बालक त्यो कि वा ॥
साँझमा दुइटै यहा पर्वमा जन्मियो भने । अरिष्ट र भयै सारा दिने त्यो हुन आउँछ ॥
अगाडि पाउ फेकेर जन्मेको दाँत साथमा । मानिन्छ अशुभै तस्मात् गर्नु शान्ति ग्रहादिको २५१-२५४

गर्गको वचन छ-

कृष्ण चतुर्दशीलाइ पैले भाग छ लाउनु । शुभै छ पहिलो भाग दोश्रोमा बाबु नाश्त छ ॥
आमा नाश्तछ तेश्रोमा चौथो मातुल पर्दछ । पाचौंमा वंश छैटौंमा धन औ वंश नाश्तछ २५५-२५६

देवकीर्तिको वाक्य पनि छ-

यदि नक्षत्रमा यौटै कन्या औ पुत्र जन्मिये । भने तो बाबु नै नाश्छन् ठूलो प्रीति छ भित्रमा ॥२५७॥

गर्गको वाक्य छ—

यौटै नक्षत्रमा भाइ-भाईको पितृ-पुत्रको । भयो जन्म भने देखि यौटा मर्दछ निश्चित ॥२५८॥

शौनकको वाक्य छ—

भै सुत्केरी भने स्त्री कै ग्रहणमा चन्द्र-सुर्यको । हुनेछ रोगले पीडा हुनु भन्दा अघी ऋतु ॥
यस्तो प्रकार जसको भएको छ भने उता । चाँहैनै मर्न जानेछ यसमा छैन संशय ॥२५९-२६०॥

यसको शान्ति यस्तो छ—

आकृष्णेनाप्यायस्वस्वर्भानोरिति पूजामन्त्राः । नक्षत्रदेवतायास्तन्मन्त्रेण । "सम्पूज्य तु यजेत्सूर्यं समिद्भिश्चार्कसम्भवैः । चन्द्रग्रहे च पालाशैर्दूर्वाभी राहुमेव च ॥ समिद्भिर्ब्रह्मवृक्षस्य मेशाय जुहुयाद्बुधः । आज्येन चरुणा चैव तिलैश्च जुहुयात्ततः ॥ पंचगव्यैः पंचरत्नैः पंचपल्लवपंचपद्मवैः । जलैरोषधिकल्कैश्च अभिषेकं समाचरेत् ॥ मन्त्रैर्वारुणसम्भूतैरापो हिष्ठादिभिस्त्रिभिः । इमं मे गंगे पुरतस्त्वायामिति मन्त्रकैः ॥ यजमानस्ततो दद्याद्भक्त्या प्रतिकृतित्रयम् ॥२६१-२७०॥" मात्स्ये-"अकालप्रसवा नार्यः कालातीतप्रजास्तथा । विकृतप्रसवाश्चैव युग्मप्रसवकास्तथा ॥ अमानुषा अमुण्डाश्च अज्ञातव्यंजनास्तथा । हीनांगा अधिकांगाश्च जायन्ते यदि वा स्त्रियः॥ पशवः पक्षिणश्चैव तथैव च सरीसृपाः । विनाशस्तस्य देशस्य कुलस्य च विनिर्दिशेत् ॥ निर्वासयेत्तां नगरात्ततः शान्तिं समाचरेत् ॥२७१-२७४॥" विष्णुधर्मोत्तरे "उपरि प्रथमं यस्य जायन्ते च शिशोर्द्विजाः । दन्तैर्वा सह यस्य स्याज्जन्म भार्गवसत्तम ॥ द्वितीये च तृतीये च चतुर्थे पंचमे तथा । यदा दन्ताश्च जायन्ते मासे चैव महद्भयम् ॥ मातरं पितरं वाथ खादेदात्मानमेव च ॥२७५-२७७॥" अधोर्ध्वदन्तजननशान्तिः । "गजपृष्ठगतं बालं नौस्थं वा स्नापयेद्द्विज । तदभावे तु वर्मस्थं कांचने वा वरासने ॥सर्वौषधैः सर्वगन्धैर्बीजैः पुष्पैः फलैस्तथा । पंचगव्येन रत्नैश्च मृत्तिकामिश्च भार्गव ॥ स्नापयेदित्यन्वयः । स्थालीपाकेन धातारं पूजयेत्तदनन्तरम् । सप्ताहं चात्र कर्त्तव्यं तथा ब्राह्मणभोजनम् ॥ अष्टमेऽहनि भद्रासनोपरि बालं निवेश्य । भद्रासने निवेश्यैनं मृद्भिर्मूलैः फलैस्तथा । सर्वौषधैः सर्वगन्धैः सर्वबीजैस्तथैव च ॥ स्नापयेत्पूजयेचापि वह्निं सोमं समीरणम्

नक्षत्रपतिको त्यस्तो बनाओस् मूर्ति स्वर्णको । सूर्यका ग्रहणैबीच सूर्यको सुनको हओस् ॥
चन्द्रका ग्रहणैबीच चन्द्रको चाँदिको हओस् । सीसाको राहुको मूर्ति बनाओस् त्यसमा पुनः ॥
ती तीनै मूर्तिको फेरि उहाँ स्थापन नै गरी । पूजा गरोस् तलैका यो मन्त्रले क्रमले शुभ ॥
आकृष्णेन तथा आप्यायस्व स्वर्भानु हुन् जुन । उनैका मन्त्रले पूजा गर्नु नक्षत्र-देवको ॥
आँकको समिधाद्वारा सूर्यको र पलाशले । चन्द्रको अनि दूबोले राहुको गर्नु पूजन ॥
समिधाहरुले फेरि पिप्पलैका सुधी नर । गरोस् नक्षत्रस्वामीको हवनै विधिपूर्वक ॥
पवित्र घिउले त्यस्तै शुद्ध ती चरुले पनि । तिलले विधि साथैमा गरोस् होम स्वयम् अनि ॥
पञ्चगव्य पञ्चरत्न पञ्चपल्लव पञ्चत्वक् । औषधि-जल-कल्कैले अभिषेक गरोस् अनि ॥
द्वारा वरुणको मन्त्र आपोहिष्ठादि तीन र । इमं मे गंगे र तत्वायामिले हुन्छ काम त्यो ॥
यजमान अनी ठूलो श्रद्धा भक्ति लिईकन । ती तीनै मूर्तिको दान गरोस् नै विधिपूर्वक ॥२६१-२७०॥

मत्स्यपुराणको वचन छ—

वेला नाघेर सुत्केरी हुने, वेला न भैकन । जन्माउने विकारैका जोडा सन्ताननै पनि ॥
अमानुष बिना शिर्का न पुगेका ति अङ्गका । अङ्ग नै हीनका त्यस्तै ज्यादा अङ्ग हुने तथा ॥
पशु पक्षी तथा सर्प घिस्रिने जन्तु ठीकका । जन्माउछे कुनै नारी भने त्यो देश नष्ट भो ॥
त्यसकै साथमा फेरि नष्ट भो कुल त्यो पनि । निकालोस् देशबाटै त्यो स्त्री गरोस् शान्तिनै अनि॥२७१-२७४॥

विष्णुधर्मोत्तरमा लेखेको छ—

पहिले माथिमा दाँत निस्कन्छन् शिशुको जुन । जन्म्यो जो दाँतकै साथ यद्वा भार्गवसत्तम ! ॥
दोश्रो तेश्रो तथा चौथो मासमा दाँत निक्लिए । भय अत्यन्त नै ठूलो हुन आउँछ वास्तव ॥
आफ्ना माता-पितालाई शिशु त्यो नष्ट गर्दछ । अथवा आफुनै साक्षात् हुन आउँछ नष्ट नै ॥२७५-२७७॥

अब माथिबाट दाँत निस्किएको शान्ति भन्दछन् ।

पर्वतांश्च तथाख्यातान् देवदेवं च केशवम् ॥ एतेषामेव जुहुयात् घृतमग्नौ यथाविधि । ब्राह्मणानां तु दातव्या ततः सम्भृज्य दक्षिणा ॥ अष्टमेऽहनि विप्राणां तथा देयात्र दक्षिणा । कांचनं रजतं माश्च शुवं वा घनमेव च ॥ दन्तानामष्टमे मासि षष्ठे मासि ततः पुनः । दन्ता यस्य च जायन्ते माता वा म्रियते पिता ॥ बालको म्रियते तत्र स्वयमेव न संशयः । दधिचौद्रघृताक्तानामश्वत्थस-मिधां तथा ॥ जुहुयादष्टोत्तरशतं समन्त्रेण तु मन्त्रवित् । धेनुं च दक्षिणां दद्यात्ततः सम्यवते सुखम् ॥२७८-२८८॥" ज्योतिर्निबन्धे तु अष्टमः शुभ इत्युक्तम् । अष्टमादिषु दन्तोत्थानं शुभावहमित्यतद्गुणसंविज्ञानबहुव्रीहिणा वा नवमासादिग्रहणम् । ब्रह्मयामले—"प्रथमं दन्तनिर्मु-क्तिरूर्ध्वं बालस्य चेद्भवेत् । क्लेश य मातुलस्येह तदा प्रोक्ता महर्षिभिः ॥ सौवर्णे राजतं वापि ताम्रकांस्यमयं तु वा । दध्योदनेन सम्पूर्णम् पात्रं दद्याच्छिशोः करे ॥" "समन्त्रं भाजनं दत्त्वा स पश्येन्मातुलः शिशुम् । सालङ्कारं सवस्त्रं च शिशुमालिंग्य सादरम् ॥२-६-२६०॥" तत्र मन्त्रः—"रक्ष मां भागिनेय त्वं रक्ष मे सकलं कुलम् । गृहीत्वा भाजनं सान्नं प्रसन्नो भव मे सदा ॥ निर्विघ्नं कुरु कन्याणं निर्विघ्नां च स्वमातरम् । मय्यात्मानमधिष्ठाप्य चिरं जीव मया सह ॥ एवं कृते विधाने तु विघ्नः कोपि न जायते ॥२६१-२९३॥" इति । अथ त्रिकशान्तिः शान्तिसर्वस्वे-"सुतत्रये सुता चेत्स्यात्ततत्रये वा सुतो यदि । मातापित्रोः कुलस्यापि तदानिष्टं

राखेर शिशुलाई त्यो डुङ्गामा हात्तिमा कि वा । अथवा सुनकै कोही राखी आसनबीचमा ॥
सारा औषधि औ गन्ध बीजले फल-पुष्पले । पञ्चगव्य तथा रत्न-माटोले नै नुहाउनु ॥
ब्रह्माकन पुजोस् फेरि विशुद्धै स्थालिपाकले । अनि सात दिनै सम्म गराओस् विप्रभोजन ॥
राखी भद्रासनैबीच आठौं दिन भए पछि । माटोले फल-मूलैले औषधि-गन्धले सब ॥
बीजले पनि सम्पूर्ण गराओस् स्नान-पूजन । अनि होम गरोस् विद्वान् अग्निमा विधिजीकन ॥
पवनै अग्नि औ सोम प्रसिद्ध सब पर्वत । देवका देव ती साक्षात् विष्णुमा दिनु आहुति ॥
गरी अनि पुजा रात्रो विप्रमा दक्षिणा दिनु । गर्नु दान-सुनै-चाँदि-पृथ्वी-गाइ-धनादिको ॥
यदि बालकका दाँत आठौं-छैटौं कि मासमा । निस्किए ता पिता मर्छ माता वा मर्छ आफु कि ॥
अश्वत्थ समिधाद्वारा दही-मह-घृतादिले । लगाइ सिञ्चन होमै नै गराओस् त्यो विधिज्ञले ॥
ती मन्त्र साथका शुद्ध पल्ट एकसए तक । दिनु आहुति ता आठैं सायमा विधिपूर्वक ॥
देओस् तिनकनै फेरि गाई औ दक्षिणा पनि । गरे देखि यसो त्यस्ले सुख पाउँछ वास्तव॥२७८-२८८॥

ज्योतिर्निबन्धमा त अष्टम महिना शुभ कहिएको छ । अथवा आठौं छ आदिमा जसको यस्ता महिनामा दाँत निस्कनु शुभ छ । यहाँ (अष्टम आदौ येषु) यो अतद्गुण संविज्ञान बहुव्रीहिले नवौं आदि महिनाको ग्रहण गरिएको छ । ब्रह्मयामलमा त यस्तो कहिएको छ—

जुन बालकको माथि पहिले दाँत निस्किए । मामामा त्यसको हुन्छ क्लेश अत्यन्त नै तब ॥
महर्षिहरूले शान्ति कहियो त्यसमा यही । काँसो सुवर्ण-चाँदीको ताँबाको पात्र बीचमा ॥
दही र भात राखेर मामा भानिजको निज । राखोस हातमा हालोस् अगाँलो गहना दिई ॥२८६-२१०॥

यहाँ यस्तो मन्त्र लेखेको छ—

मेरो कुल तथा मेरै रक्षा नै गर भानिज ! । लिई यो अन्नको भाँडो खुश होउ तिमी अब ॥
मलाई जननीलाई गर निर्विघ्न श्रेय नै । घेरै सम्म तिमी बाँच अधिष्ठान गरी ममा ॥
यस्तो विधान गर्नाले माथिका रीतले सब । त्यस्तो परे पनी केही विघ्न पर्दैन वास्तव ॥२६१-२६३॥

महद्भवेत् ॥ ज्येष्ठनाशो धने हानिर्दुःखं वा सुमहद्भवेत् । तत्र शान्तिं प्रकुर्वीत वित्तशाठ्यविवर्जितः । यातस्यैकादशाहे वा द्वादशाहे शुभे दिने । आचार्यमृत्विजो वृत्वा ग्रहयज्ञपुरःसरम् ॥ ब्रह्मविष्णुमहेशेंद्रप्रतिमाः स्वर्णतः कृताः । पूजयेद्धान्यराशिस्थाः कलशोपरि शक्तितः ॥ पंचमे कलशे रुद्रं पूजयेद्रुद्रसंख्यया । रुद्रसूक्तानि चत्वारि शान्तिसूक्तानि सर्वशः ॥ आचार्यो जुहुयात्तत्र समिदाज्यतिलांश्चरुम् । अष्टोत्तरसहस्रं वा शतं वा त्रिशतं तु वा ॥ देवताभ्यश्चतुर्थ्यन्तान्नादिभ्यो ग्रहपुरःसरम् । ब्रह्मादिमन्त्रैरिन्द्रस्य यत इन्द्र भयामहे ॥ ततः स्विष्टकृतं हुत्वा बलिं पूर्णाहुतिं ततः । अभिषेकं कुटुम्बस्य कृत्वाचार्यं प्रपूजयेत् ॥ हिरण्यं धेनुरेका च ऋत्विजां दक्षिणा ततः । आज्यस्य वीक्षणं कृत्वा शान्तिपाठं तु कारयेत् ॥ ब्राह्मणान्भोजयेच्छक्त्या दीनानाथांश्च तर्पयेत् । कृत्वैवं विधिना शान्तिं सर्वारिष्टाद्विमुच्यते ॥२९४–३०७॥"

इति गर्गसंहितोक्तत्रिकशान्तिः ।

अन्येषु मूलादिऋक्षेषु शांत्यादि प्रयोगपारिजाते शांतिरत्ने च ज्ञेयम् । मिताक्षरायां मार्कण्डेयः—"रक्षणीया तथा षष्ठी निशा तत्र विशेषतः । रात्रौ जागरणं कार्यं जन्मदानां तथा बलिः ॥ पुरुषाः शस्त्रहस्ताश्च नृत्यगीतैश्च योषितः । रात्रौ जागरणं कुर्युर्दशम्यां चैव सूतके ॥३०८–३०९॥" व्यासः—"सूतिकावासनिलया जन्मदा नाम देवताः । तासां यागनिमित्तं

अब तीन पुत्र जन्मे पछि जन्मेकी कन्याको वा तीन कन्या जन्मे पछि जन्मेका पुत्रको शान्ति मन्दछन—

तीनोटा पुत्र जन्मेर पुत्री जन्मी भने पनि । तिनोटा पुत्रि जन्मेर पुत्र जन्म्यो भने पनि ॥
कुल-माता-पिताको नै अनिष्ट हुन्छ त्यो महान । धनक्षय महान दुःख नाश भो ज्येष्ठ पुत्रको ॥
पर्‍यो भने यहाँ यस्तो शान्ति नै गर्नु पर्दछ । आफ्नो पैसा भए सम्म भेटे सरह शक्तिले ॥
जन्मिएको एघारै वा द्वादशै दिनमा शुभ । वरी आचार्य औ ऋत्विक् ग्रहको गर्नु पूजन ॥
विधिले कलशै माथि रहेका धान्य राशिमा । प्रतिमाकन स्वर्णैको ब्रह्मा-विष्णु-महेशको ॥
इन्द्रको पनि राखेर गर्नु पूजन राम्ररी । पाचौं कलशमा पुज्नु शिवमा रुद्रसूक्तले ॥
शान्तिका सूक्तले सारा ती चारै रुद्रसूक्तले । ब्रह्मादि देवतालाई पूजा गर्नु विधानले ॥
आचार्यले अनी पुज्नु ग्रहका होम पूर्वक । ब्रह्मा-विष्णु-शिवैलाई उनकै मन्त्रले सब ॥
अनि इन्द्र कनै पुज्नु यत इन्द्र भयामहे । मन्त्रले यी तिलैले र समिध् औ चरू घीउले ॥
पछि होम पनी गर्नु अष्टोत्तर सहस्र वा । सय वा तीन सौ यद्वा आहुतिले पुनः पुनः ॥
अनि स्विष्टकृतै होम गरेर विधिले सब । पूर्णाहुति गरोस् विद्वान् दिएर सबमा बलि ॥
अभिषेक गरी फेरि कुटुम्बहरूमा निज । आचार्यकन पूजेर यौटी गाइ सुनै दिनु ॥
ऋत्विक्हरू कनै सारा श्रद्धाले दक्षिणा दिनु । हेरेर घिउमा छाया शान्ति पाठ गराउनु ॥
विप्र-भोज गराएर पारेमा दीन-तृप्त ती । शान्तिका विधिले यस्तो गरे छुट्छ अरिष्ट त्यो ॥२९३-३०७॥

इति गर्ग संहितामा भनको त्रिकजननशान्ति ।

अरू मूल आदि नक्षत्रमा जन्मेकाको शान्ति आदि प्रयोग पारिजात र शान्तिरत्नमा लेखिएको छ । यसै बाट जान्नु पर्दछ । मिताक्षरामा मार्कण्डेयको वचन छ–

गर्नु रक्षण त्यो छैटौं रात्रीबीच विशेषले । बस्नु जाग्राम रात्रीमा जन्मदैमा दिनू बलि ॥
नारीले नृत्य-गीतैले नरले शस्त्र हातमा । बसून् जाग्राम रात्रीमा सूतकमा दशमी विषे ॥३०८-३०९॥

व्यासको वचन छ–

तु शुद्धिर्जन्मनि कीर्त्तिता ॥ प्रथमे दिवसे षष्ठे दशमे चैव सर्वदा । त्रिष्वेतेषु न कुर्वीत सूतकं पुत्रजन्मनि ॥३१०-३११॥" अपरार्के ब्राह्मे—"कन्याश्चतस्रो राकाद्या वातघ्नी चैव पंचमी । क्रीडनार्था च बालानां षष्ठी च शिशुरक्षिणी ॥ खड्गे तु पूजनीया वै वैश्यैर्व्रात्यैर्द्विजातिभिः॥३१२॥ ३१३॥" राकानुमतिः सिनीवालीकुहूरिति चतस्रः कन्या इत्यर्थः । अथ दत्तकपुत्रपरिग्रहविधिः । पारिजाते शौनकः—"शौनकोऽहं प्रवक्ष्यामि पुत्रसंग्रहमुत्तमम् । अपुत्रो मृतपुत्रो वा पुत्रार्थं समुपोष्य च ॥ वाससी कुण्डले दत्त्वा उष्णीषं चांगुलीयकम् । बन्धूनन्नेन सम्भोज्य ब्राह्मणांश्च विशेषतः ॥ अन्वाधानादि यत्तत्र कृत्वाज्योत्पवनान्तकम् । दातुः समक्षं गत्वा तु पुत्रं देहीति याचयेत् ॥" "दाने समर्थो दातास्मै ये यज्ञेनेति पञ्चभिः । देवस्य त्वेति मन्त्रेण हस्ताभ्यां परिगृह्य च ॥ अंगादंगे त्र्यृचं जप्त्वा आघ्राय शिशुमूर्द्धनि । गृहमध्ये तमाधाय चरुं हुत्वा विधानतः ॥ यस्त्वाहृदेत्यृचा चैव तुभ्यमग्न ऋचैकया । सोमोददादित्येताभिः प्रत्यृचं पंचभिस्तथा ॥ स्विष्टकृदादिहोमं च कृत्वा शेषं समापयेत् । ब्राह्मणानां सपिण्डेषु कर्त्तव्यः पुत्रसंग्रहः॥ तदभावे सपिण्डो वान्यत्र तु नैव कारयेत् ॥३१४-३२२॥" मिताक्षरादौ तु व्याहृतिभिराज्येन होम उक्तः । स च होमोत्तरं जलपूर्वकं देयः । न च वाङ्मात्रेण । 'व्याहृतिभिर्हुत्वा प्रतिगृह्णीयात्' इति वशिष्ठोक्तेः । "माता पिता वा दद्यात्तां यमद्भिः पुत्रमापदि । सदृशं प्रीतिसंयुक्तं स ज्ञेयो दत्रिमःसुतः॥३२३॥इति

सूतिकागृहमा बस्ने जन्मदा नाम देव छन् । कहियो जन्ममा शुद्धि तिन्कै पूजन निम्तिमा ॥
पुत्रका जन्ममा पैलो छैटौं अनि दशौं दिन । न गरोस् सूतकै कैले यसमा छ यही क्रम ॥३१०-३११॥

अपरार्कमा ब्रह्मपुराणको वचन छ—

द्विजाति-वैश्य-व्रात्याले राका अनुमती तथा । सिनीवाली कुहू त्यस्तै चार कन्याकनै यिनै ॥
वातघ्नी पञ्चमी त्यस्तै शिशु-क्रीडार्थ निम्तिमा । यिन्लाई खड्गमा पुज्नू ती षष्ठी शिशु रक्षिणी ३१२-३१३

अब दन्तकपुत्रपरिग्रहको विधि भन्दछन् । पारिजातमा शौनकले भनेकाछन्—

म शौनक भन्छु श्रेष्ठ पुत्रसंग्रहको विधि । मनुष्य अपुतो यद्वा मरेको पुत्र मानिस ॥
उपवास गरोस् पैले पुत्रका प्राप्ति निम्तिमा । देओस बालकको निम्ति पगडी वस्त्र कुण्डल ॥
तथा अँगुठी इत्यादि बन्धुलाइ विशेषले । ब्राह्मणैहरूलाई ती गराओस् शुद्ध भोजन ॥
अन्वाधानै देखि लिई आज्योत्पवन सम्म त होमी गै पास दाताको गरोस् याचन पुत्रको ॥
दिनै समर्थ दाता त्यो यो 'ये यज्ञेना मन्त्रले' जुन छन् थरका पाँच देओस् त्यो याचकैकन ॥
मन्त्रले यो देवस्य त्वा पढेरै हातमा लिई । अंगात् अंगात्, ऋचा पढ्दै शिशुको मस्तकै सुँघोस् ॥
विधिले चरू होमेर घरमा ल्याइ त्यस्पछि । यस्त्वा हृदा यो ऋचाले तुभ्यमग्ने ! पढी सब ॥
ऋचाले पनि यो यौटा सोमोददत आदि यी । ऋचाले पनि पाँचौटै स्विष्टकृत गरी होम् सकोस ॥
पुत्रलाइ सपिण्डैका विप्रले लिनु वेस छ । असपिण्ड न मिल्दामा न लेओस् अरूको सुत ॥३१४-३२२॥

मिताक्षरामा त व्याहृतिहरूले घिउको होम गर्नु भनेको छ । त्यो पुत्र होमको पछि बाट जल लिई संकल्प पूर्वक दिनु न कि खालि वाक्यले किन भने ? वसिष्ठले भनेका छन् कि—व्याहृतिहरूले होम गरेर पुत्र ग्रहण गरोस् । मनुको वचन पनि छ—

दिएको सुत, आपद्मा जलले पितृ-मातृले । सजातीय भनी जान्नु मान्नु नै पात्र प्रीतिको ॥३२३॥

त्यहीं वसिष्ठको वचन छ । जसको यौटै छोरो छ त्यसलाइ दिनु हुँदैन न ता त्यसलाइ कसैले लिनु नै हुन्छ । पतिको आज्ञा विना पत्नीले पुत्र दिनु र लिनु पनि हुन्न अधिकारै छैन । यो कुरो पति भएमा मात्रै लाग्ने हो । न भए यो वत्स र व्यासका वचनको विरोध हुन्छ कि पिता वा माता जसलाइ दिन्छन् त्यो दत्तकपुत्र कहिन्छ । यस वचनमा दान शब्द प्रतिग्रहको पनि उपलक्षण छ । जो रुद्र धरले

मनूक्तेः । तत्रैव वशिष्ठः —'नत्वेकं पुत्रं दद्यात् प्रतिगृह्णीयाद्वा न स्त्रीपुत्रं दद्यात् प्रतिगृह्णीयाद्वा अन्यत्रानुज्ञानाद्भर्तुः' इति । इदं च मर्तृसत्त्वे । अन्यथा–'दद्यान्माता पिता वापि स पुत्रो दत्तिमः स्मृतः' इति वत्सव्यासवचो विरोधः स्यात् । दानं प्रतिग्रहोपलक्षणम् । यत्तु समन्त्रकहोमस्य पुत्र-प्रतिग्रहांगत्वात् व्याहृत्यादिमन्त्रपाठे च स्त्रीशूद्रयोरनधिकारात् । तयोर्दत्तकः पुत्रो न भवत्येवेति शुद्धिविवेके रुद्रधरेणोक्तम् । वाचस्पतिश्चैवमाह । तन्न । भर्तृनुज्ञया स्त्रिया अपि प्रतिग्रहोक्तेः । यद्यपि मेधातिथिना भार्यात्ववददृष्टरूपं दत्तकत्वं होमसाध्यमुक्तम् स्त्रियाश्च होमाकरणेऽपि व्रतादिवद्द्विजद्वारा होमादि कारयेदिति हरिनाथादयः । सम्बन्धतत्त्वेप्येवम् । एवं शूद्रस्यापि स्त्रीशूद्राश्च सधर्मेण इति स्मृतेः । अत एव शूद्रकर्तृको होमो विप्रद्वारैव पराशरोक्तः —"दक्षिणार्थं तु यो विप्रः शूद्रस्य जुहुयाद्धविः । ब्राह्मणस्तु भवेच्छूद्रः शूद्रस्तु ब्राह्मणो भवेत् ॥३२४॥ अत्र माधवाचार्यः —"यो विप्रः शूद्रदक्षिणामादाय तदीयं हविः शान्तिपुष्ट्यादिसिद्ध्ये वैदिकैर्मन्त्रैर्जुहोति तस्य विप्रस्यैव दोषः । शूद्रस्तु होमफलं लभेतैवेति व्याचचक्षे ।" दत्तके विशेषः कालिकापुराणे —"पितुर्गोत्रेण यः पुत्रः संस्कृतः पृथिवीपते । अचूडान्तं न पुत्रः स पुत्रतां याति चान्यतः ॥ चूडोपायनसंस्कारा निजगोत्रेण वै कृताः । दत्ताद्यास्तनयास्ते स्युरन्यथा दास उच्यते ॥ ऊर्ध्वं तु पञ्चमाद्वर्षान्न दत्ताद्याः सुता नृप । गृहीत्वा पंचवर्षीयं पुत्रेष्टिं प्रथमं चरेत् ॥ पञ्चमोर्ध्वं स्वदानेच्छोरेव दानं तु नान्यथा ॥३२५-३२८॥" विक्रयं चैव दानं च न नेयाः स्युर्निच्छवः ॥ दाराः पुत्राश्च सर्वस्वमात्मनैव तु योजयेत् ॥३२९॥" इति हेमा-

---

द्रि विवेकमा यस्तो भनेका छन कि मन्त्र सहितको होम पुत्र लिनाको अङ्ग हो । व्याहृति आदि मन्त्र पढ्नामा स्त्री र शूद्रको अधिकार छैन । तिनको दत्तक पुत्र नै हुदैन । वाचस्पतिले पनि यस्तै भनेकाछन् । त्यो पनि ठीक होइन । किन कि ? पतिका आज्ञाले स्त्रीको पनि प्रतिग्रह कहिएको छ । यदि मेधातिथिले भार्यात्वकै समान अदृष्टरूप दत्तकत्व होम साध्य कहिएको छ । यस हालत स्त्रीको होम असम्भव छ । तापनि स्त्री व्रत आदिकै समान ब्राह्मणद्वारा होम आदि गराऊन् । यसो हरिनाथ आदि भन्दछन् । सम्बन्धतत्त्वमा पनि यस्तो नै लेखेको छ । यस्तै प्रकार शूद्रका बारेमा पनि सम्झनु पर्दछ । किन कि-स्त्री र शूद्र यौटै धर्म भएका हुन्छन् भन्ने स्मृति छ । यसै कारण शूद्रले पनि ब्राह्मणद्वारा नै होम गराउनु भन्ने लेखिएको छ भनी पराशर भन्दछन्-

शूद्रको हवि होम्ने छ दक्षिणा निम्ति विप्रजो । हुन्छ त्यो ब्राह्मण शूद्र शूद्र ता ब्राह्मणै भयो ॥३२४॥

यसमा माधवाचार्य पनि भन्दछन् जो ब्राह्मण शूद्रको दक्षिणा लिएर शूद्रका हविलाइ शान्ति पुष्टि आदिका निमित्त वेदका मन्त्रादिले हवन गर्दछ त्यो ब्राह्मणकै दोष हो । शूद्रलाइ ता होमको फल मिली हाल्दछ । दत्तकमा विशेष कालिका पुराणमा लेखेको छ-

पिताका गोत्रले राजा ! भो संस्कार् जुन पुत्रको । मुण्डनै सम्म त्यो हुन्न अरुको पुत्र ता कसै ॥
उस्को मुण्डन-संस्कार गरियो आफ्नु गोत्रले । दत्तकै पुत्र हुन्छन् ती नत्र ता दास नै भए ॥
पाँच वर्ष पछाडीका हुन्छन् दत्तक पुत्र ती । पुत्रली वर्ष पाँचैको पुत्रेष्टि पहिले गरोस् ॥
पाँचवर्ष पछाडी ता तिनै नै दिन सक्तछन् । अस्लाइ दिन इच्छा छ सक्तै नत्र अरू ता दिन ॥३२५-३२८॥

किन भने ? हेमाद्रि र माधवमा व्यास र दक्षका यी वचन छन् कि-

हुन्न बिना स्वइच्छाले बेच्नु औ दिनु यी दुवै । तस्मात् स्त्री पुत्र सर्वस्व आफुनै दिन सक्तछन् ॥३२९॥

याज्ञवल्क्यले पनि यसो भन्दछन्-

द्रिप्राधवधृतव्यासदक्षादिवचनात् । यच्च याज्ञवल्क्यः —'स्वकुटुम्बाविरोधेन देयं दारसुतादृते ॥३३०॥" इति तदूर्ध्वं स्वदानानिच्छुसंस्कृतपुत्रपरम् । तेन सर्वस्वदानेच्छुदारपुत्रदानं सिद्धम् ।

"योहिहिग्रभापारणः सुशेवोन्योदर्यो मनसामन्तवाउ" इति श्रुतौ दत्तकनिषेधः सोऽप्यौरसातिशयार्थः । अन्यथा शुनःशेफादिप्रतिग्रहश्रौतलिंगविरोधापत्तेः । 'उपेयां तव पुत्रताम्' इत्युक्तेः । इदं च श्रौतलिंगं स्वयं दत्तक्रीतपरम् । न दत्तकपरम् । द्वादशविधपुत्रमध्ये —'दत्तात्मा तु स्वयं दत्तः।' 'क्रीतश्च ताभ्यां विक्रीतः' इति याज्ञवल्क्येन तयोर्दत्तकाद्भेदोक्तेः । तयोश्च 'दत्तौरसेतरेषां तु पुत्रत्वेन परिग्रहः' इति कलौ निषेधात् । तेन संस्कारोत्तरं दत्तको न भवत्येवेति सिद्धम् । यत्तु विश्वजिदधिकरणे षष्ठे तत्र पुत्रादीनां ज्ञातित्वेन स्वशब्दवाच्यत्वात्पुत्रत्वेन दानमाशंक्य निराकृतम् । जन्यपुंस्त्वस्य दाने तत्रानिष्पत्तेः । दासत्वेन दानं भवत्येव । पुत्रस्वत्वाभावं वदन् पुत्रक्रयविक्रयादिशुनःशेफविक्रयादिश्रौतलिंगाद्दासक्रयविक्रयादिव्यवहारायोगान्मूर्ख एव । "पुत्रः कनिष्ठो ज्येष्ठायां कनिष्ठायां च पूर्वजः । कथं तयोर्विभागः स्यादिति चेत्संशयो भवेत् ॥सदृशस्त्रीप्रजातानां पुत्राणामविशेषतः । न मातृतो ज्येष्ठ्यमस्ति जन्मतो ज्यैष्ठ्यमुच्यते॥३३१–३३२॥" तेन कनिष्ठायां पूर्वं जात एव ज्येष्ठः । न ज्येष्ठायां पश्चाज्जात इत्यर्थः । स एव श्राद्धाधिकारी । अथ यमयोः संस्कारक्रमार्थं ज्येष्ठकनिष्ठभाव उच्यते । मनुः—"जन्मज्येष्ठेन चाह्वानं सुब्रह्मण्यास्वपि स्मृतम् । यमयोश्चैव गर्भेषु जन्मतो ज्येष्ठता मता ॥३३३–३३४॥" देवलः—"यस्य जातस्य यमयोः पश्यन्ति प्रथमं

आफ्ना कुटुम्बको सारा भईकन प्रसन्नता । देओस् स्त्री-पुत्र इत्यादि छोडीकन मजै सँग ॥३३०॥

यो वचन त्यो पुत्रकै विषयको हो जो आफ्नु दान चाँह दैन । तथा जसको संस्कार भई सकेको छ । यस बाट सर्वस्वदान गर्न इच्छा हुनेहरूलाई स्त्री-पुत्रादिको दान सिद्ध छ ।

यो 'हिहिग्रभापारण सुशेवोन्योदर्यो मनसा मन्तवाउ' इति यस श्रुतिमा दत्तकपुत्रको निषेध छ त्यो औरस पुत्रका उत्तमताकै निमित्तमा हो । न भए शुनः शेफ आदिका ग्रहणमा जो वेदको प्रमाण छ त्यसको विरोध भै जानेछ । किन भने ? वेदमा यस्तो भनेको छ कि–म तेरो छोरो हुँ यो वेदको प्रमाण पनि स्वयम् दत्त र क्रीतकै विषयमा सम्झनु पर्दछ न कि अरूका विषयमा । किन भने ? याज्ञवल्क्यले ती दुवैलाई बाह्रै प्रकारका पुत्रहरू बाट भिन्नै सम्झिएका छन् । जसले आफ्नु आत्मा स्वयम् दिएको छ त्यो स्वयम् दत्त र जसलाइ बाबु-आमाले बेचेको छ त्यो क्रीत यी दुवैको कलियुगमा यस वचनले निषेध छ कि दत्तक र औरस देखि भिन्न कलियुगमा पुत्र हुनै सक्तैनन् । जो विश्वजित्का छैटौं अधिकरणमा पुत्रहरूलाइ पनि ज्ञाति हुनाले स्वशब्दको वाच्यता छ यस बाट पुत्रलाइ दिनाको आशंका गरेर निराकरण गरिएको छ किन भने ? त्यसमा जन्यपुंस्त्वको दानको सिद्धि छैन । दासरूपले दान हुन सक्त छ । पुत्रमा स्वस्वको अभावभन्नु र पुत्रका क्रय विक्रय आदि र शुनः शेफ्का क्रय विक्रय आदि श्रुतिका लिङ्गले दास र क्रय विक्रय आदि व्यवहारको अयोग छ । यसर्थ त्यो मूर्ख हो ।

जेठीमा पुत्र कान्छो भो कान्छामा ज्येष्ठ भो सुत । शंका भए विभागैमा तिनको कसरी भयो ॥
जन्मेका सदृश स्त्रीमा पुत्रताको विशेष क्यै । न हुँदा मातृमा हुन्छ जन्मैले ज्येष्ठता रह्यो ॥३३१-३३२॥

त्यस कारण कान्छीमा पैले जन्मेको छ भने त्यही नै जेठो हुन्छ न कि जेठीमा पैले जन्मिएको । श्राद्धमा पनि त्यही जेठो नै अधिकारी छ । अब जुम्ल्याहा जन्मेकाको संस्कारक नियमका निम्ती जेठो र कान्छो पनी कहन्छन् । त्यसमा मनुको वचन छ–

भन्दछन जन्मले जेठो मनुष्यकन वास्तव । सब्रह्मण्यमा पनी भन्छन बोलाउनु त जन्मले ॥
जुम्ल्याहाहरूको गर्भमा पनी त विशेषले । जेठो भन्छन् त्यसैलाई जसको जन्म भो अघि ॥३३३-३३४॥

मुखम् । संतानः पितरश्चैव तस्मिन् ज्यैष्ठ्यं प्रतिष्ठितम् ॥३३५॥" भागवते तु—'द्वौ तदा भवतो गर्भौ स्मृतिवेशविपर्ययात् ॥३३६॥" इत्युक्तेः पश्चादुत्पन्नस्य ज्यैष्ठ्यमुक्तम् । अत्र देशाचारतो व्यवस्था । पूर्वमेव तु युक्तम् गर्भाष्टमे इत्यादौ विशेषनिर्देशे एव गर्भग्रहणं नान्यत्र । अन्यथा तद्वैयर्थ्यात् ।

अथ सूतिकास्नानम् । ज्यौतिषे—"करेन्द्रभाग्यानिलवासवांत्यमैत्रेन्द्वाश्विध्रुवमेहि पुंसाम् । तिथावरिक्ते शुभमामनन्ति प्रसूतिकास्नानविधिं मुनीन्द्राः ॥ अथ नामकर्म । मदनरत्ने बृहस्पतिः—"द्वादशे दशमे वापि जन्मतोऽपि त्रयोदशे । षोडशे विंशतौ चैव द्वात्रिंशे वर्णतः क्रमात् ॥३३७-३३८॥" याज्ञवल्क्यः—'अहन्येकादशे नाम ।' हेमाद्रौ भविष्ये—"नामधेयं दशम्यां तु द्वादश्यां मासि केचन । अष्टादशेऽहनि तथा वदन्त्यन्ये मनीषिणः ॥३३९॥"

दशम्यामतीतायामिति ज्ञेयम्, आशौचापगमे नामधेयमिति विष्णूक्तेः । गृह्यपरिशिष्टेऽपि—'जननाद्दशरात्रे व्युष्टे शतरात्रे संवत्सरे वा नामकरणम् ।' व्युष्टेऽतीते । ज्योतिर्निबन्धे गर्गः—'अमासंक्रान्तिविष्ट्यादौ प्राप्तकालेऽपि नाचरेत् ॥३४०॥" श्रीधरः—"मित्रादित्यमघोत्तराशतभिषक्स्वातीधनिष्ठाच्युतप्राजेशाश्विशशांकपौष्णदिनकृत् पुष्येषु राशौ स्थिरे । छिद्रां पंचदशीं विहाय नवमीं शुद्धेऽष्टमे भार्गवज्ञाचार्यामृतपादनामदिवसे नामानि कुर्याच्छिशोः ॥" मनुः—"शर्मान्तं ब्राह्मणस्य स्याद्वर्मान्तं क्षत्रियस्य तु । वैश्यस्य धनसंयुक्तं शूद्रस्य प्रेष्यसंयु-

---

देवलको वचन पनि छ—

जुम्ल्याहा जन्मिएकामा जसको मुख बाबुले । पहिले देख्छ त्यै जेठो मानिइन्छ छ यही क्रम ॥३३५॥

भागवतमा त यस्तो लेखेको छ—

वेलामा वीर्य सेंचने त्यो जसै दुइ प्रकारको । वीर्य हुन्छ तबै हुन्छ जुम्ल्याहा शिशु जन्म त्यो ॥३३६॥

अर्थात् जो गर्भमा पहिले जान्छ त्यो पछाडि र जो पछाडि जान्छ त्यो पहिले पैदा हुन्छ । यसर्थ पछाडि जन्मेकोलाई नै जेठो भनिएको हो । यसमा देशाचारले व्यवस्था जान्नु पर्दछ । पहिले यस्तो कहिएको छ कि—गर्भदेखि आठौं वर्षमा व्रतबन्ध गरोस् । इत्यादि वचनमा जहाँ विशेषको निर्देश छ त्यहीं नै गर्भको ग्रहण छ न कि अन्यत्र । न भए गर्भपदै व्यर्थ हुन्छ ।

अब सुतिकास्नान भन्दछन् । जुन ज्योतिषमा लेखिएको छ । हस्ता ज्येष्ठा पूर्वाफाल्गुनी स्वाती धनिष्ठा रेवती अनुराधा मृगशिरा अश्विनी र ध्रुव नक्षत्रमा रिक्तामिश्र तिथिमा मुनिहरूले सूत्केरी स्त्रीको स्नानविधि श्रेष्ठ भनेकाछन् । अब नामकर्म भन्दछन् । मदनरत्नमा बृहस्पतिको वचन छ—

नामकर्म गरोस् विप्र दिनमा दश बाह्र वा । तीं क्षत्रिय गरून तेह्रौं दिनमा जन्म देखि ता ॥
सोरहौं अथवा बीसौं दिनमा वैश्यले गरोस् । नामकर्म गरोस् शूद्र जन्मेका तीस दिन पछि ३३७-३३८

याज्ञवल्क्यले भनेकाछन् कि जन्मे देखिको एघारौं दिनमा नामकर्म गरोस् । हेमाद्रिमा भविष्यको वचन छ—

दशौं बाह्रौं तथा तीसौं दिनमा नाम राख्नु के । भन्दछन् बुद्धिमान् अन्य अठारौं दिन भन्दछन्॥३३९॥

यहाँ दशमी बिते पछि भन्ने सम्झनु पर्दछ । किन भने ? अशौच भाकएमा नामकर्म गरोस् भनेर विष्णुले भनेको छ । गृह्य परिशिष्टमा लेखेका छ—जन्म देखि दश रात्री बिती सके पछि शय रात्रमा वा वर्ष दिनमा नामकरण गरोस् । ज्योतिर्निबन्धमा गर्गको वचन छ—

अमावास्या र सक्रान्ति भद्रा आदि पर्व्यो भने । वेला आए पनी गर्नु हुन्न त्यो नामकर्म ता ॥३४०॥

श्रीधरको वचन पनि छ कि अनुराधा पुनर्वसु मघा तीनै उत्तरा शतभिषा स्वाती धनिष्ठा श्रवण

तम् ॥३४१॥" मदनरत्ने नारदीये—"सूतकान्ते नामकर्म विधेयं स्वकुलोचितम्। नामपूर्वं तु मासस्य मंगलं सुसमाक्षरैः ॥३४२॥" तत्रैव गार्ग्यः—"मासनाम गुरोर्नाम दद्याद्बालस्य वै पिता। कृष्णोऽनन्तोऽच्युतश्चक्री वैकुण्ठोऽथ जनार्दनः ॥ उपेन्द्रो यज्ञपुरुषो वासुदेवस्तथा हरिः। योगीशः पुण्डरीकाक्षो मासनामान्यनुक्रमात् ॥३४३-३४५॥" अत्र मार्गशीर्षादिश्चैत्रादिर्वा क्रम इति मदनरत्ने—"तन्मासनाम प्रथमं दद्यात्संबुद्धय चैव हि। देवालयगजाश्वानां वृक्षाणां वापिकूपयोः ॥ सर्वापण्यानां पण्यानां चिह्नार्थं योषितां नृणाम्। काव्यानां च कवीनां च पश्वादीनां च सर्वशः ॥ राजप्रासादवास्तूनां नामकर्म विशिष्यते ॥३४६-३४८॥" नाक्षत्रमपि नाम कार्यम्। अभिवादनीयं च समीक्षेत्। तन्मातापितरौ विद्यानामोपनयनात्' इत्याश्वलायनोक्तेः। 'कुलदेवतामासनक्षत्रसंबद्धं पिता नाम कुर्यात्' इति मदनरत्ने शंखोक्तेश्च। तच्च नक्षत्रपादाक्षराद्याक्षरं कुर्यादित्युक्तं परिशिष्टे—'दतक्षरादिकं नाम यस्मिन् विष्ण्ये यदक्षरम् ॥ ३४९ ॥" इति सुदर्शन भाष्ये तु—'रोरेममृज्येषिषु वृद्धिरादौष्ठान्त्ये च वांत्ये श्रवणाश्वयुक्षु। शेषेषु नाऽऽद्योः कपरः स्वरोत्यः खाद्योरदीर्घः सविसर्ग इष्टः" इत्युक्तम् ॥ ष्ठान्त्य इति प्रौष्ठपदेत्यत्रादौष्ठात्परे च वृद्धिः प्रौष्ठपाद इति। अन्त्यमपभरणीशब्दः श्रुतावुक्तः। तत्र श्रवणादौ च वादिवृद्धिः अपभरणश्रापभरण इत्यादि। मदनरत्ने वशिष्ठः—"जन्माहे द्वादशाहे वा दशाहे वा विशेषतः। उत्तरा रेवतीहस्तमूलपुष्याः सवारुणाः ॥ श्रवणादितिमैत्रं च

रोहिणी अश्विनी मृगशिरा रेवती हस्ता र पुष्य यो नक्षत्रमा तथा स्थिर संज्ञक लग्नमा छिद्रा पञ्चदशी र नवमीलाई छोडेर अष्टमस्थान शुद्ध भरमा शुक्र बुध र बृहस्पति वारमा अमृत नामक दिनमा बालकको नामकरण गरोस् मनुको वचन छ–

शर्मान्त नाम विप्रको वर्मान्तं नाम क्षत्रिको। धनले युक्त वैश्यैको होस् दासैयुक्त शुद्रको ॥३४१॥

मदनरत्नमा पनि नारदको वचन छ—

स्वकुलोचित होस् नामकर्म त्यो सूतकान्तमा। माङ्गल्याक्षरले राम्रा मासपूर्वक नाम होस् ॥३४१॥

त्यहीं गार्ग्यले भनेका छन्–

पिता बालकको नाम मास वा गुरूकै कि वा। नामले बढिया राखोस् त्यसको विधिपूर्वक ॥
जनार्दन र वैकुण्ठ चक्री कृष्ण र अच्युत। उपेन्द्र यज्ञपुरूष वासुदेव अनन्त र ॥
योगीश पुण्डरीकाक्ष तथा हरि-जगत्पति। यिनै हुन् मासका नाम अत्यन्तै पुण्यदायक ॥३४३-३४५॥

यहाँ मार्गशीर्ष वा चैत्र देखिको क्रम लिनु पर्दछ। यो कुरा मदनरत्नमा लेखिएको छ।

पहिले मासको त्यस्तो नाम सम्बोधनै गरी। देवमन्दिर औ हात्ति अश्व वृक्ष र वापि यी ॥
कूवा पत्तलका सारा वस्तुका बेचन योग्य ती। स्त्री औ पुरूषका काव्य-कविका पशु आदिका ॥
राजप्रासादका त्यस्तै घरका चिह्नका पनि। गर्नु राख्नु भनेको छ नामकर्म सुमंगल ॥३४६-३४८॥

रपि–'एतत्पाट्कौशिकशरीरं त्रीणि पितृतस्त्रीणि मातृतोऽस्थिस्नायुमज्जानः पितृतस्त्वत्वङ्मांसरुधिराणि मातृतः' इति। 'प्रजामनुप्रजायते' इति च। चंद्रिकापरार्कमेधातिथिमाधवादयस्तु एकपिण्डदानक्रियान्वयित्वं सापिण्ड्यम्। "लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिनः। पिण्डदः सप्तमस्तेषां सापिण्डयं सप्तपौरुषम्"६५८-६५९॥" ॥ इति मात्स्योक्तेः। न च पितृव्यादिष्वेतन्नास्तीति वाच्यम्। तत्कर्तृकश्राद्धे देवतैक्येन तत्सत्वात्। देवदत्तकर्तृकश्राद्धे हि ये देवतास्तेषां मध्ये यः कश्चिदन्यकर्तृकश्राद्धेऽनुप्रविशति। तेषां सापिण्ड्यम्। तद्भार्याणामपि भर्तृकर्तृकश्राद्धे सहाधिकारित्वेन तदन्वयात्। 'एकत्वं सा गता भर्तुः पिण्डे गोत्रे च सूतके ॥६६०-६६१॥" इति स्मृतेश्च। श्रुतीनां च वैराग्यर्थत्वात् तस्य सापिण्ड्यनिमित्तत्वे मानाभावात्। न च मातुलादिष्वेतन्नास्तीति वाच्यम्। मातामह रूपदेवतैक्यात्। ननु गुरुशिष्यादेरपि श्राद्धदेवतात्वात् सपिण्डत्वं स्यात्। किं बहुना 'सर्वाभावे तु नृपतिः कारयेत्तस्य रिक्थतः' इति मार्कंडेयपुराणाद्राज्ञोऽपि श्राद्धकर्तृत्वात्सापिण्ड्यप्रसंगः।

सत्यम्। 'पञ्चमात्सप्तमादूर्ध्वं मातृतः पितृतस्तथा' इति याज्ञवल्क्यवचनेन मातापितृ-

---

दत्तकमाता ग्रहण गर्ने असपिंड पनि सगोत्र हुन्छ कुलका निवृत्तिको निमित्त होइन। चकारले माताको पनि असगोत्र लिनु पर्दछ। दत्तकपिताका जनक कुलमा पिताको असगोत्राभाई पनि सपिंड हुनाले दोश्रो चकार निषेध गर्दछ। असपिण्डाबाट सापिण्ड्य रहित लिन्छन्। त्यो सापिण्ड्य एकै शरीरका अन्वयले हुन्छ। एकै पिता वा माताका शरीरका अवयव पुत्र पौत्र आदिमा साक्षात् परम्पराले शुक्र-शोणितद्वारा मिलेकाछन् यद्यपि पतिको सँग पत्नीको र भाइका पत्नीहरूको यो सबन्ध हुँन शक्तैन ता पनि आधार हुनाले यौटै शरीरान्वय छँदैछ अर्थात् यौटै कुल सबैको आधार छ मन्वको प्रमाण पनि यो छ कि–हाड सँग हाड मिलाइँ दछु। यौटै पिताका शरीरका अवयव पुत्रहरूद्वारा उनमा स्थित हुन्छन्। यो मदनरत्न पारिजात र विज्ञानेश्वर आदि भन्दछन्। वाचस्पति शुद्धि विवेक शूलपाणि गौड र मैथिल आदि पनि यस्तै प्रकार भन्दछन्। श्रुति पनि छ कि यो शरीर छ कोश भएको छ। तीन कोश बाबुबाट र तीन कोश आमाबाट हुन्छन्। अस्थि स्नायु र मज्जा यी तीन पिताबाट र त्वचा मांस रुधिर आमा बाट हुन्छन्। यो श्रुति पनि छ कि मनुष्य प्रजाको अनु (पछि) पैदा हुन्छ। चन्द्रिका अपरार्क मेधातिथि र माधव आदि त यसो भन्दछन कि एउटा पिण्डदान कर्मको जसका साथ सम्बन्ध छ तिनै सपिण्ड कहिन्छन्। मत्स्यपुराणमा भनेको पनि छ—

लेपभागभुजै हुन् ती चौथा आदि लिइ तिन। पिता आदि तिने चौंहि भोगी छन पिण्डकै पुनः ॥
सातौं पिण्ड दिने जो छ त्यै सातपुरूषैतक। सापिण्डय हुन्छ यस्तै छ यसको क्रम वास्तव ॥६५८-६५९॥

कदाचित् कुनै यस्तै शङ्का गर्दछन् भने कि-पितृव्य आदिमा यो सापिण्ड्य छैन। त्यो ठीक होइन किन भने पितृव्यका निमित्त श्राद्धमा देवत्य यौटै हुनाले सापिण्ड्य हुन्। देवदत्तले गरेको श्राद्धमा जो देवता थे तिनै मध्ये कुनै यौटा अरूले गरेका श्राद्धमा आउँछन् भने तिनको सापिण्ड्य हुन्छ।

गरिने पतिले आपना श्राद्धमा पनि वास्तव। स्त्रीको छ अधिकारै नै देहको एक अन्वय ॥
सूतकैमा र गोत्रैमा पिंडादि दानमा पनि। पतिकै एकता प्राप्त गर्छे नारी स्वरूपतः ॥६६०-६६१॥

यस स्मृतिले अन्वय छ। श्रुति वैराग्यको निम्ति हो श्रुति पनि सापिण्ड्यमा निमित्त छ भन्ने कुरामा कुनै प्रमाण छैन। कुनै शङ्का गर्नाले कि मामा आदिमा यो छैन। त्यो पनि ठीक छैन। किन

सम्बन्ध एव तत्सत्त्वात् । ऊर्ध्वं सापिण्ड्यं निवर्त्तत इति शेषः । ननुप्रश्नमत्वाद्यत्र नियम्यते न मातृत इत्यादिवाक्यभेदात् । मैवम् । मातृकुले पञ्चमत्वस्य पितृकुले सप्तमत्वस्य च बोधने तुल्यत्वात् । पौरुषेयत्वाद्दोष इति चेत् । तुल्यमन्यत्रापि । अन्यकर्तृके राज्ञस्तत्पितॄणां वा देवतात्वाभावाच्च । किञ्च । अवयवान्वयपक्षे यथा योगरूढ्या परिहारस्तथेहापि तेन मातृकुले पितृकुले चैकपिण्डदानक्रियान्वयित्वं सापिण्ड्यमित्याहुः । तेनैकस्य पित्रादयः षट् पुत्रादयश्च षट सपिण्डा भवन्ति । अत्र केचिदुभयतः सापिंड्यनिवृत्तावेवोद्वाहो नान्यथेत्याहुः । शुद्धचिंतामणिवाचस्पतिहरदत्तादयस्तु सगोत्रत्ववत् सापिंड्यस्य सप्रतियोगिकत्वेन संयोगवदुभयनिरूप्यत्वादेकतो निवृत्तावन्यतो निवृत्तेरावश्यकत्वात् मूलपुरुषमारभ्याष्टमो वरः मूलपुरुषमारभ्य द्वितीयातृतीयादिकामुद्वहेदित्याहुः । शिष्टास्तु न वधूवरयोः स्वतःसापिंड्यं किन्तु कूटस्थं संततित्वात् तत्सापिंड्यं नैव । अतोऽष्टमवरं प्रति कन्याया असापिंड्येऽपि कन्यायाः कूटस्थेन सापिंड्यात् । तत् संततिस्थत्वाद्वरस्तां प्रति सपिंड एवेत्यविवाहः । सापिंड्यासापिंड्ययोः प्रतियोगिभेदेन विरोधादित्याहुः । इदमेव युक्तम् । आशौचेऽप्येवं सापिंड्यं ज्ञेयम् । यत्र तु मध्ये विच्छिन्नमपि सापिंड्यं मण्डूकप्लुतिवदनुवर्त्तते । यत्र तु मध्ये नानुवर्त्तते यथा कूटस्थात्पंचम्योः कन्ययोः पुत्रे तत्र निवृत्तिः । तदपत्योस्त्वनुवृत्तिस्तत्रापि न सापिंड्ययो-

भने ? मातामह आदिरूप देवता त्यहाँ पनि यौटै छ । यसैले सपिण्डता छ । गुरु शिष्यादिमा पनि श्राद्ध देवता भएकोले सापिण्ड्य भै हाल्ला । धेरै के भन्नु ? जसको कवै छैन त्यसको श्राद्ध त्यसैका सम्पत्ति बाट राजाले गराई दिनु पर्दछ । यो मार्कण्डेय पुराणका वचनले राजा पनि श्राद्ध कर्ता छ, तस्मात् सापिण्ड्य प्रसंग भै जाला ।

ठीक हो । आमा भन्दा पाचौं र बाबु भन्दा सातौं पिंढी पछि सापिण्ड्य रहँदैन । याज्ञवल्क्यका यस वचनले माता र पिताका सम्बन्धमा नै सापिण्ड हुन्छ । त्यस पछि त्यो हट्त छ । आमा भन्दा पाँच र पिता भन्दा सात पिढीं सम्म सापिण्ड्य रहन्छ र त्यस पछि त्यो हट्छ । य अर्थ होइन किन कि ? आमा का कुलमा पाचौं देखि र पिताका कुलमा सातौं देखि पर सापिण्ड्य छुट्तछ । नियम न मानेमा यस्तो वाक्य भेद हुन्छ । यस्तो न भन किन भने ? नियम पक्षमा माताका कुलमा सातौं सम्ममा बोधन गर्दा मा वाक्य भेद तुल्य छ । नियम पक्षमा ईश्वरोक्त हुनाले वाक्यभेदको दोष छैन भने त निषेधमा पक्ष पनि ईश्वरोक्त हुनाले वाक्य भेदरूप दोषको अभाव किन न मान्नु र अरूले गरेका श्राद्धमा राजालाई सापिण्ड्य त्यसै हुँदैन कि त्यसका पितृ राजाका देवता हुनै सक्तैनन् । जब माता-पिताका अवयवका मेलले सापिण्ड्य हुन्छ भने यस पक्षमा योगरूढीले त्यसको परिहार हुन्छ । त्यस्तै यहाँ पनि योगरूढी मान यसर्थ माता-पिताका कुलमा जस-जसमा एक पिण्डदान क्रियाको अन्वय छ त्यही नै सपिण्ड हुन्छ । कुनै यसो भन्दछन् । यसबाट एक पिण्ड गर्नेको पिता देखि लिएर छ र छोरी देखि लिएर श्राद्ध सपिण्ड हुन्छन् । कुनै यसो भन्दछन् कि दुवै तरफ देखि सापिण्ड्यको निवृत्ति भएमा मात्र विवाह हुन्छ । नत्र हुँदैन । शुद्ध चिन्तामणि वाचस्पति र हरदत्त आदि त यसो भन्दछन कि सगोत्रताकै ठीक सापिण्ड्यको पनि सप्रतियोगिक हुनाले संयोगकै समान दुवैले बनाउनु योग्य छ । एकबाट हटेमा अर्को बाट हट्नु आवश्यकै भएकोले मूलपुरुष देखि लिई आठौं मूल पुरुष सम्म दोश्री तेश्री आदि कन्या विवाह गरोस् । शिष्ट त यसो भन्दछन् कि वधू र वरको स्वत सापिण्ड्यता हुँदैन किन्तु मूलपुरुषके संन्तान भएकोले सपिण्डता हुन्छ । यसबाट आठौं वर प्रति यद्यपि कन्या असपिण्ड छ ता

दोषः । सम्बन्धिभेदात् । तेन तत्र न विवाहः । अत्र कूटस्थमारभ्य गणना कार्या । तदुक्तम्– "वध्वा वरस्य वा तातः कूटस्थाद्यदि सप्तमः । पंचमी चेत्तयोर्माता तत्सापिंडयं निवर्त्तते ॥६६२॥" इति । कूटस्थो मूलपुरुषः । विश्वरूपनिबंधे–"एवमुक्तप्रकारेण पितृबन्धुषु सप्तमान् । ऊर्ध्वमेव विवाह्यत्वं पंचमान् मातृबन्धुतः ॥ सन्तानो भिद्यते यस्मात्पूर्वजाद्युभयत्र च । तमादाय गणेद्धीमान् वरं यावच्च कन्यकाम् ॥६६३–६६४॥" स्मृतितत्त्वे नारदः–"आसप्तमात्पंचमाच्च बंधुभ्यः पितृमातृतः । अविवाह्या सगोत्रा च समानप्रवरा तथा ॥६६५॥"

अत्र 'बंधुभ्यः' इति पंचमीनिर्देशात्पितुः पितृष्वसृपुत्रात्सप्तमीमातुः पितृष्वसृपुत्राच्च पंचमीमपि त्यजेत् । एवमन्यबंधुषु ज्ञेयम् । तत्रापि त्रिगोत्रात्ययेऽर्वागपि विवाहं कुर्यात् । वक्ष्यमाणवचनात् । त्रिगोत्रगणनाच्च मातामहगोत्रापेक्षया न तु स्वापेक्षया । अन्यथा पितुः पितामहदुहितुर्दौहित्रीपुत्री परिणेया स्यात् । वध्वाः मातामहगोत्रापेक्षया तु त्रिगोत्रांतर्गते न विवाहप्रसंग इति सम्बन्धतत्त्वादयो गौडग्रन्थाः । सम्बन्धविवेके शूलपाणिरप्याह । पंचमात्सप्तमाच्चार्वागपि त्रिगोत्रांतरिता विवाह्या । "असंबांधा भवेन्मातुः पिण्डेनैवोदकेन वा । सा विवाह्या द्विजातीनां त्रिगोत्रांतरिता च या ॥ ६६६ ॥" इति बृहन्मनूक्तेः । 'सन्निकर्षेऽपि कर्त्तव्यं

पनि मूलपुरुष सँग कन्याको सपिण्डता हुनाले र वर पनि त्यै मूल पुरुषकै सन्तान हुनाले त्यस कन्या प्रति सपिण्डता नै हुन्छ । यसर्थ तो दुवैको विवाह हुँदैन सक्तैन, किन कि सपिण्डता र असपिण्डताको प्रतियोगिका भेदले परस्पर भेद छ । यो शिष्टको मनाइ युक्त छ । आशौचमा पनि यस्तै प्रकार सपिण्डता जान्नु । जहाँ बीचमा सपिण्डता छुटेको छ त्यहाँ मेढकप्लुतिके ठीक अनुवर्तन हुन्छ । जहाँ बीचमा सपिण्डताका अनुवृत्ति हुँदैन जस्तो कि मूलपुरुष देखि पाचौं कन्याका पुत्रहरूमा त्यहाँ निवृत्ति हुन्छ । तिनका सन्तानमा त अनुवृत्ति नै हुन्छ । त्यहाँ पनि सपिण्डता र असपिण्डताको संबन्धीका भेदले दोष हुन्छ । यसैले त्यहाँ विवाह हुँदैन । यहाँ मूलपुरुष देखि लिएर गणना गर्नु पर्दछ त्यै भनेको छ—

वधू र वरका बाबु यदि कूटस्थ छन् यता । भने छन जान ती पाचौं तिन्को सापिण्डयहट्तछ ॥६६२॥

विश्वरूप निबन्धमा कहिएको छ

भनेका रीतले यस्तो पिताका बन्धुमा सब । माथी सात पिढीं भन्दा विवाहै गर्नु योग्य छ ॥

बन्धुमा जननीका त भन्दा पाँच पिढीं पर । सन्तान भेद नै हुन्छ गनोस् वर–वधूतक ॥६६३–६६४॥

स्मृतितत्वमा नारदको वचन छ —

बन्धुका बाबु–आमाकी सातौं पाचौं तकै हुँदी । कन्या विहा गर्नु हुन्न यौटै प्रवर–गोत्रकी ॥६६५॥

यहाँ बन्धुभ्यः यो पञ्चमीका निर्देशले पिताका पितृष्वसृका पुत्र देखि सातौं र आमाका पितृष्वसृका पुत्र देखि पाचौंकोलाइ पनि छोड्नु पर्छ । यस्तै प्रकार अरु बन्धुमा पनि जान्नु । तिनमा पनि तीन गोत्रको भेद भएमा पहिलै पिढीमा पनि विवाह गर्नु । तब यस्तै वचन भनिनेछ । तीन गोत्रको गणना पनि मातामहका गोत्रबाटै गर्नु पर्दछ न कि आफ्नु गोत्र बाट, न भए पिताका पितामहकी पुत्रीकी जो नातिनी र छोरी छ त्यो पनि विवाह गर्न योग्या भइ हाल्छ । यदि बधू मातामहका गोत्रका अपेक्षाले तीन गोत्रको अन्तर्गत छ भने ता विवाह हुँदैन सक्तैन । यो सम्बन्ध तत्व आदि गौडग्रन्थमा लेखिएको छ । संबन्ध विवेकमा शूलपाणिले पनि भनेका छन् कि–पाँच र सात भन्दा पहिले तीन गोत्रका बीचकी कन्या विवाह गर्न योग्य छ । बृहन्मनुको वचन छ—

सम्बन्धहीन माताकी पिण्ड औ जलदानमा । विहा द्विजातिले गर्नु मध्यकी तीन गोत्रका ॥६६६॥

त्रिगोत्रात्परतो यदि ॥ ६६७ ॥" इति देवलोक्तश्चेति । एतच्च दाक्षिणात्या न मन्यन्ते । यत्तु वसिष्ठः—'पंचमीं सप्तमीं चैव मातृतः पितृतस्तथा ॥ ६६८ ॥" इति । यच्च विष्णुपुराणे—"पंचमीं मातृपक्षाच्च पितृपक्षाच्च सप्तमीम् । गृहस्थ उद्वहेत्कन्यां न्यायेन विधिना नृप ॥ ६६९ ॥" इति । तत्पंचमीं सप्तमीमतीत्येति व्याख्येयम् । "पञ्चमे सप्तमे चैव येषां वैवाहिकी क्रिया । क्रियापरा अपि हि ते पतिताः शूद्रतां गताः ॥ ६७० ॥" इत्यपरार्के मरीचिवचनात् । स्वर्लतायां शंखलिखितौ—"सपिण्डता तु सर्वेषां गोत्रतः सप्तपौरुषी । पिण्डश्चोदकदानं च अशौचं च तदानुगम् ॥ ६७१ ॥" गोत्रं संतानम् । आशौचं तानभिव्याप्य गच्छतीत्यर्थः । शुद्धिविवेके शुद्धिचिंतामणौ च ब्राह्मे—"सर्वेषामेव वर्णानां विज्ञेया सप्तपौरुषी । सपिण्डता ततः पश्चात्समानोदकधर्मता ॥ ततः कालवशात्तत्र विस्मृतौ नामगोत्रतः । समानोदकसंज्ञा तु तावन्मात्रापि नश्यति ॥६७२-६७३॥" सप्तोर्ध्वं त्रयः सोदकास्ततो गोत्रजाः । तत्रैव ब्राह्मे—'अविभक्तधनास्त्वेते सपिण्डाः परिकीर्त्तिताः ॥६७४॥" तेनाविभक्तधनाभावे विभक्तः सपिण्डो धनहारी नान्यथेत्यर्थः । तेन विवाहे आशौचे धनग्रहणे च त्रिधा सापिंड्यं सिद्धम् । यत्तु 'पञ्चमीं मातृतः परिहरेत्सप्तमीं पितृतस्त्रीन् मातृतः पञ्च

देवलको वचन पनि छ—

त्यो तीन गोत्र भन्दा या परैको छ भने यदि । स्वीकार गर्नु नै पर्छ शुभ वैवाहकर्ममा ॥६६७॥

यसलाई दाक्षिणात्यहरू मान्दैनन । जो वसिष्ठको वचन छ कि—

आमा देखि पिढीं पाचौं भएकी सुन्दरी वधू । विहा गर्न छ योग्यैकी बाबु देखि त सातकी ॥६६८॥

विष्णुपुराणमा पनि भनेको छ—

आमा देखि त पाचौंकी बाबु देखि त सातको । व्याहोस् कन्या गृहस्थीले न्यायले विधिले नृप ॥६६९॥

यो दुवै वचन पाचौं र सातौंकीलाइ छोडेर विवाह गर्नु भन्ने बारेकै हो । किन कि ? अपरार्कमा मरीचिको वचन छ—

विवाह गर्दछन् पाँचौं-सातौं त्यस्तो महाँ जुन । गर्छन् ता पनि ती कर्म भए पतित शूद्र नै ॥६७०॥

स्वर्लतामा शंखलिखित वचन छ—

सपिण्डता सबैको छ गोत्रमा सात पीढ़िको । जलदान र आशौच हुन्छ पिण्ड तहाँतक ॥६७१॥

यस वचनले गोत्र बाट सन्तान लिनु पर्दछ । तिनीहरू सम्म नाइ अशौच आदले भेट्छ । यै अर्थ हो शुद्धिविवेक र शुद्धिचिन्तामणिमा ब्रह्मपुराणको वचन छ—

सम्पूर्ण वर्णको जान्नु सात पुस्ते सपिण्डता । जान्नु त्यस्पछि ता फेरि समानोदकधर्मता ॥

बिर्सिए नाम-गोत्रादि कालका वशले पछि । समानोदकको नाउँ पनि हट्तछ वास्तव ॥६७२-६७३॥

सात पीढि पछि समानोदक र त्यस पछि गोत्रज संज्ञा हुन्छ । त्यहीं ब्रह्मपुराणको वचन छ—

यिनका धनको हुन्न जहाँ सम्म विभाग ता । कहिन्छन् यी त्यहाँसम्म सपिण्डी नै भनीकन ॥६७४॥

यस कारण धन विभाग न भएमा छुट्टिएको पनि सपिण्ड धनको भागी हुन्छ । न भए हुँदैन । तस्मात् विवाह अशौच र धनका विभागमा तीन प्रकारको सपिण्डता सिद्ध हुन्छ । कसैले भनेको छ—

पितृतो वा' इति पैठीनसिस्मृतौ त्रीनित्यनुकल्प इति माधवोक्तेः। "पञ्चमीं सप्तमीं चैव मातृतः पितृतस्तथा। दशभिः पुरुषैः ख्यातात् श्रोत्रियाणां महाकुलात्॥ उद्वहेत्सप्तमादूर्ध्वं तदभावे तु सप्तमीम्। पञ्चमीं तदभावे तु पितृपक्षेऽप्ययं विधिः॥ सप्तमीं च तथा षष्ठीं पञ्चमीं च तथैव च। एवमुद्वाहयेत्कन्यां न दोषः शाकटायनः॥ तृतीयां वा चतुर्थीं वा पक्षयोरुभयोरपि। विवाहयेन्मनुः प्राह पाराशर्योगिरायमः॥ यस्तु देशानुरूपेण कुलमार्गेण चोद्वहेत्। नित्यं संव्यवहार्यः स्याद्वेदाश्चैतत्प्रदर्शयते॥ ६७५-६७९॥" इति चतुर्विंशतिमतात्। "चतुर्थीमुद्वहेत्कन्यां चतुर्थः पञ्चमोऽपि वा। पराशरमते षष्ठीं पञ्चमो न तु पंचमीम्' इति पराशरोक्तेः चानुकल्पत्वेनापदि पञ्चम्यादिपरिणयनं कार्यमिति प्रतीयते। अत्र हि तदभावे इति स्पष्टमेवानुकल्पत्वमुक्तम्। तन्न यथाश्रुतं ज्ञेयम्। पूर्वोक्तमरीचिवचोविरोधात्। वस्तुनि विकल्पासम्भवात्। "पञ्चमात्सप्तमार्द्धानां यः कन्यामुद्वहेद्द्विजः। गुरुतल्पी स विज्ञेयः सगोत्रां चैवमुद्वहन्॥ ६८०॥" इति विष्णूक्तेः। पाराशरस्य मूलाभावाच्च। तस्मान्मदनपारिजाताद्युक्तदिशा दत्तकसापत्नसंबन्धाद्यनुप्रवेशे ब्राह्मणादीनां क्षत्रियादिसपिण्डविषये वा पूर्वोक्तानि ज्ञेयानि न त्वनुकल्प इति भ्रमितव्यम्। यत्तु स्मृतिचंद्रिकामाधवादय आहुः—'तृतीये संगच्छावहै चतुर्थे संगच्छावहै' इति शतपथश्रुतेः। 'तृतां

आमा देखि पाचौं र पिता देखि सातौं आमादेखि तेश्रो र पिता देखि पाचौं, यो पैठीनसी स्मृतिमा पाँचौं र सातौं का ठाउँमा तेश्रो र पाँचौं यो विकल्प छ। यो माधवको भनाई छ।

सातौं पाचौं पिता-माता देखिकी गर्नु त्यो विहा। दशौं पुस्तिकै ख्यात जन्मेको वेदपाठिका॥
सातौं पर विहा गर्नु सातौं नै गर्नु छैन ता। न मिले गर्नु पाँचौं नै छ यै नै पितृमा विधि॥
सातौं छैटौं तथा पाचौं पुस्तिकी त्यो वधू सँग। छैन दोष विहा गर्दा भन्दछन् शाकटायन॥
ती दुवै पक्षका तेश्री चौथीसँग विहा गरोस्। भन्छन् मनु यमै साक्षात् ती पराशर अङ्गिरा॥
जो विहा गर्छ अन्सार कुलमार्ग र देशको। संबन्ध योग्य त्यो हुन्छ वेद भन्दछ यै कुरो॥६७५-६७९॥

यो चतुर्विंशतिका मतले चौथो पाँचौं वर चौथी कन्या विवाह गरोस्। पराशरका मतमा पाँचौं छैटौंलाइ विवाह गरोस् न कि पाँचौंलाई। यो पराशरका वचनले पाँचौं कन्यालाई विवाह गर्नु गौण छ। यसले आपत्तिमा नै पाँचौंलाइ विवाह गरोस्। यो प्रतीत हुन्छ। यहाँ छैटौं न मिलेमा पाँचौंसग विवाह गर्नेमा गौण कहिएको छ। यो कसैले गरेको विकल्प ठीक मान्न हुँदैन। किन भने? यसमा पूर्वोक्त मरीचिका वचनको विरोध छ र वस्तु विकल्पको असम्भवता पनि हुन आउँछ। विष्णुको यो वचन छ—

अघिल्ली पाँच औ सातौं भन्दा त्यस्तै स्वगोत्रकी। द्विज कन्या विहा गर्ने गुरूतल्पी कहिन्छ नै॥६८०॥

यता पराशरका वचनमा कुनै प्रमाण छैन। यसर्थ यो भ्रम पनि गर्नु हुन्न कि-मदन र पारिजातले भनेका मार्गले दत्तक र सपत्नका संबन्धको प्रवेश जब ब्राह्मणादिकमा भो भने तब उनमा वा क्षत्रिय आदि हरूका सपिण्डमा पराशरको वचन लाग्ने मात्र पर्दछ अनुकल्प न मात्र। स्मृतिचन्द्रिका र माधव आदि त यसो भन्दछन् कि तेश्रोमा विवाह गर्दछौं चौथोमा गर्दछौं इत्यादि शतपथ श्रुति छ। मामाकी छोरीका समान विवाहमा पैतृश्वस्रेयीलाइ छोड देओस्। कि न कि गर्भमा स्त्री-पुरूष पैदा हुन्छन्। यो मन्त्रका वर्णले र कुनै आमाकी बहिनीकी छोरी र पिताकी बहिनी की छोरी सपिण्डताका संकोचले विवाह गर्दछन्। यो शातातपका वचनले मामाकी कन्यासँग विवाह गर्नु पर्दछ। यद्यपि

जहुर्मातुलस्येव योषा भागस्ते पैतृष्वस्रेयीवपामिव' इति। 'गर्भे तु नौ जनिता दम्पतीकः' इति च मंत्रवर्णात्। "मातृष्वसुतां कंचित्पितृष्वसृसुतां तथा। विवहन्ति क्वचिद्देशे संकोच्यापि सपिण्डताम्" इति शातातपोक्तेश्च मातुलकन्योद्वाहः कार्यः। यद्यपि पितृष्वसृकन्योद्वाहोऽपि प्राप्तस्तथाप्यस्वर्ग्यं लोकविद्विष्टमिति निषेधाद्वचनांतरेण तदुद्वाहस्याविधानाच्च न कार्यः। अयं तु दाक्षिणात्यशिष्टाचारात्कार्य इति न च पूर्वोक्तश्रुतीनामर्थवादमात्रता। मानांतरेणासिद्धौ 'उपरि हि देवेभ्यो धारयति' इतिवदनुवादानुपपत्त्या विधिकल्पनात्।

यत्तु शातातपः—"मातुलस्य सुतामूढ्वा मातृगोत्रां तथैव च। समानप्रवरां चैव त्यक्त्वा चांद्रायणं चरेत् ॥६८१॥" यच्च मनुः—"पैतृष्वस्रेयीं भगिनीं स्वस्रीयां मातुरेव च। मातुश्च भ्रातुराप्तस्य गत्वा चांद्रायणं चरेत्॥ एतास्तिस्रस्तु भार्यार्थे नोपयच्छेत बुद्धिमान्॥६८२-६८३॥" यच्च व्यासः —'मातुः सपिण्डा यत्नेन वर्जनीया द्विजातिभिः॥६८४॥' इति तद्गान्धर्वादिविवाहोढमातृविषयम्। तत्र पितृगोत्रानिवृत्तेः। अत एव मार्कण्डेयपुराणे—'गांधर्वादिविवाहेषु पितृगोत्रेण धर्मवित्' इति। ब्राह्मादिविवाहे तु परिणेयैवेति। भट्टसोमेश्वरोऽपि तृतीयेऽध्याये वाक्यपादे मातुलकन्योद्वाहमुदाहृत्य स्मृतिविरोधेनाचारप्राप्तस्यास्य वार्तिके बाधोक्तावपि पूर्वोक्तश्रौतलिंगबलीयस्त्वादस्य कर्त्तव्यतामाह। तदेतद्दत्तकस्य पालकदत्रिममातृसोदरकन्याविषयत्वेनासवर्णमातुलकन्याविषयत्वेन युगांतरपरत्वेन चोपपन्नमप्यविचारितरमणीयं

पिताकी बहिनीकी छोरी सँग विवाह गर्नु प्राप्त छ ता पनि त्यो नरकको साधन र जगत्मा निन्दित छ, यस निषेधले र कुनै देशमा त्यसको विधान पनि न भएकोले गर्नु हुँदैन। यो दक्षिणीहरूका शिष्टाचारले गर्नु पर्छ। कुनै भन्छन्भने कि-पूर्वोक्त श्रुति अर्थ वादरूप हो विधिहोइन ता त्यो पनि ठीक होइन, मानान्तरले सिद्ध भएन भने यसको ठीक अनुवाद हुँनै सक्तैन। यसै कारण विधिको कल्पना छ कि परलोकको कर्म देवताहरूकै निम्ति गरिन्छ।

शातातपले यसो भनेकाछन् कि—

आफ्नो प्रवरको त्यस्तै माता-मातुल-गोत्रको। चन्द्रायण गरोस् त्यागी कन्या सँगभए विहा॥६८१॥

मनुको वचन छ—

विवाह सानि आमाकी छोरी र फुफुका सुता। विवाह मातुलै पुत्री गर्दा चान्द्रायणै गरोस्॥
कन्याकन तिनौटै यी भार्याको निम्ति बुद्धिमान्। स्वीकार न गरोस् कैले गरेमा हुन्छ पातकी।६८२-६८३।

व्यासले पनि भनेका छन्—

साक्षात् सपिण्डकी आमाकै निज यत्नले। विवाहकर्मका कैले स्वीकार न गरोस् नर॥६८४॥

यो पूर्वोक्त वचन त्यस आमाको विषयमा हो जो गान्धर्व आदि विवाह द्वारा विवाह गरिएकोछ। किन भने ती विवाहमा पिताको गोत्र हट्तैन। यसै कारण मार्कण्डेय आदि पुराणमा लेखिएको छ कि गान्धर्व आदि विवाहमा पिताका गोत्र बाट नै धर्मवित् हुन्छ यदि ब्राह्म आदि विवाह भएको छ भने त विवाह हुन सक्त छ। सोमेश्वर भट्टले पनि वाक्यपादका तेस्रा अध्यायमा मामाकी छोरीको विवाह भनेर आचार प्राप्तभएको पनि यस श्रुतिका विरोधले वार्तिकमा बाध कहिएको छ। परन्तु पूर्वोक्त श्रुतिको प्रमाण बलवान् छ, यसैले यो गर्न योग्य भनेकाछन्। मामाकी छोरी सँग विवाह त्यो कन्याकै षियमा जान्नु पर्दछ। जो दत्तकलाइ पाल्ने दत्तक नै आमाका सोदर भाइकी छोरी छ अथवा भिन्नवर्णका मामाकी छोरी छ वा युगान्तरकै विषयको छ। यस कारण

यथा तथास्तु । तथापि कलौ तावन्निषिद्धमेव । 'गोत्रान्मातुः सपिण्डाच्च विवाहो गोवधस्तथा ॥६८५॥" इत्यादित्यपुराणात् । माधवीये बौधायनोऽप्यस्य निंदामाह—'पंचधा विप्रतिपत्तिर्दक्षिणतः तथोत्तरतोऽनुपेतेन स्त्रिया च सह भोजनं पर्युषितभोजनं मातुलपितृष्वसृदुहितृपरिणयनमिति ।' अथोत्तरतः सीधुपानादिकमुक्त्वा इतर इतरस्मिन् कुर्वन् दुष्यति इतर इतरस्मिन्निति भट्टसोमेश्वरेणापि स्मृतिविरुद्धानां मातुलकन्योद्वाहादीनामस्माद्वचनादप्रामाण्यमित्युक्तम् । बृहस्पतिरपि—"उद्वहते दाक्षिणात्यैर्मातुलस्य सुता द्विजैः । मत्स्यादाश्च नराः पूर्वे व्यभिचाररताः स्त्रियः ॥ उत्तरे मद्यपाश्चैव स्पृश्या नृणां रजस्वलाः ॥६८६-६८८॥" इत्यनाचारत्वमाह । अत एव हेमाद्रौ मात्स्ये कर्णाटकादीनां तत्कारिणां श्राद्धे निषेधः बोपदेवेनापि लिखितं ब्राह्मम्—"यत्र मातुलजोद्वाही यत्र वै वृषलीपतिः । श्राद्धं न गच्छेत्तद्विप्र कृतं यच्च निरामिषम् ॥६८९॥" इति । तस्मान्मातृतः पंच पितृतः सप्त च त्यक्त्वोद्वहेदिति सिद्धम् । सम्बन्धविवेके सुमंतुः-"ब्राह्मणानामेकपिण्डस्वधानामादशमाद्धर्मविच्छित्तिर्भवति। आसप्तमादिक्थविच्छित्तिर्भवति । आतृतीयात्पिण्डविच्छित्तिरन्यथापिण्डाशौचक्रियाविच्छेदाद्ब्रह्महातुल्यो भवति ॥" अस्यार्थमाह शूलपाणिः—जीवत्पित्रादित्रिकस्य वृद्धप्रपितामहादयः श्राद्धदेवतात्वात्पिण्डभाजो भवन्ति । तदूर्ध्वं त्रयो नवपुरुषपर्यंता लेपभाजः श्राद्धकर्त्ता च

शास्त्रसिद्ध भएको पनि मामाकी कन्याको विवाह विनाविचारले रमणीयछ त यस त्या कालयुगमा निषिद्धै छ । किन भने आदित्य पुराणमा लेखिएको:—

विहा सपिण्ड साथै र माताका गोत्र साथमा कलिमा वध गाईको मानिन्छन् वर्जितै अति ॥६८५॥

माधवीयमा बौधायन पनि यसको निन्दा भन्दछन्-विन्ध्याचलका उत्तर र दक्षिणमा पाँच प्रकारको विवाद छ, जसको यज्ञोपवीत भएको छैन त्यसको र स्त्रीको सँग भोजन पर्युषितभोजन मामा र फूपुकी कन्याविवाह यी निषिद्ध छन । फेरि उत्तरदेशमा मदिरापानादि भनेर अरुहरू देशमा गर्छ भने त दूषितहुन्न यो वचनले सोमेश्वर भट्टले पनि धर्मशास्त्रविरुद्ध मामाकी कन्याको यस वचनल अप्रामाणिक भनेकाछन् । बृहस्पतिले पनि भने का छन कि-जुन अनाचार हुन्—

दक्षिणे तिरका विप्र मामाकी ने सुताकन । विवाह गर्दछन्, खान्छन् माछा मानिस पूर्वक ॥
मदिरा पिउँछन् फेरि नारी उत्तरतर्फका । रजस्वलाकनै छुन्छन मर्त्य उत्तरतर्फका ॥६८६-६८८॥

यसै कारण हेमाद्रिमा मत्स्य पुराणको वचन छ त्यस्तो गर्ने कर्णाटकीहरूलाइ श्राद्धमा निषेध छ । बोपदेवले पनि ब्रह्मपुराणको वचन लेखेको छ-

जहाँ छ पति शूद्राको व्याहने मातुलैसुता । पुग्दैन पितृमा श्राद्ध त्यहाँको मासु हीनको ॥६८९॥

यसले यो सिद्ध भयो कि—आमाबाट पाँच र पितावाट सात त्यागेर विवाह गरोस् । सम्बन्ध विवेकमा सुमन्तुको वचन छ । एक पिण्ड र स्वधा भएका ब्राह्मणहरूको दश पुर्खा अघि धर्मविछिति हुन्छ । सातौं अघि सम्पत्ति विच्छेद हुन्छ । तेश्रो अघि पिण्ड विच्छित्ति हुन्छ । न भए पिण्ड अशौच क्रिया विच्छेद भएकाले ब्रह्महातुल्य हुन्छ । यसको अर्थ शूलपाणिले यस्तो गरेकाछन्—जसको पिता बाँचेको छ त्यसको वृद्ध प्रपितामह आदि तीन श्राद्धका देवता हुनाले पिण्डका भागी हुन्छन् । त्यस माथिका तीन नौ नौ पुर्खा सम्म लेप भागी हुन्छन् र दशौं श्राद्ध कर्ता हुन्छ । यी दश देखि पर धर्मको विच्छेद र सातौंमा धनको तथा तेश्रोमा पिण्डको विच्छेद हुन्छ । न भए जो पिण्ड अशौच क्रियाको विच्छेद गर्दछ त्यो ब्रह्महत्याराकै ठीक पातकी हुन्छ । दशौं भन्दा पछि सापिण्ड्यको निवृत्ति

दशम इति। दशमादूर्ध्वं सापिण्ड्यनिवृत्तिः। दशमादित्युपलक्षणम्। तेन पितृपितामहजीवने नवपुरुषपर्यंतं पितृजीवने चाष्टपुरुषपर्यंतं सापिण्ड्यमिति ज्ञेयम्। अपुत्रधनग्रहणे सन्निहितासन्निहितभावे सप्तपुरुषपर्यंतमधिकारः।

धनग्राहिणमारभ्य तृतीयः पौत्रस्तदूर्ध्वं श्राद्धविच्छेदः। अन्यथा धनहारित्वेऽपुत्रश्राद्धाकरणे ब्रह्महेत्यर्थः। आतृतीयादित्यनूढकन्याविषयम्। 'अप्रत्तानां तु स्त्रीणां त्रिपुरुषो विज्ञायते' इति वसिष्ठोक्तेः। एतच्चाशौचविषयं सापिण्ड्यं न तु विवाहादौ। तत्र पूर्वोक्तवचनैः पंचमत्वसप्तमत्वनियमादिति मेधातिथिप्रमुखा दाक्षिणात्याः। बाग्दानोत्तरमेतदिति शुद्धिविवेकः मातृकुलविषयं कानीनकन्याविषयं चैतत्। अन्यथा "अप्रत्तानां तथा स्त्रीणां सापिण्ड्यं सप्तपौरुषम्। प्रत्तानां भर्तृसापिंड्यं प्राह देवः प्रजापतिः ॥६६०-६६१॥" इति कौर्मेण विरोधः स्यादिति रत्नाकरस्मृतितत्त्वादिगौडग्रंथाः युक्तं चैतत्। अन्यथा कन्योत्पत्तौ पुरुषत्रयपर्यंतमेव सूतकं स्यान्नोर्ध्वम्। सापत्नमातामहकुले त्वाह मिताक्षरायां शङ्खः-"यद्येक जाता बहवः पृथक्क्षेत्राः पृथग्जनाः। एकपिण्डाः पृथक्शौचाः पिण्डस्त्वावर्त्तते त्रिषु॥ ६६२-६६३॥" पृथक् क्षेत्राः भिन्नजातीयस्त्रीषु जाताः। पृथग्जनाः सजातीयभिन्नमातृषु जाताः। अत्र त्रिपुरुषं सापिण्ड्यमिति विज्ञानेश्वरो व्याचख्यौ। पृथ्वीचंद्रोदये सापिंड्यदीपिकायां चैवम्। मदनपारिजाते तु पृथक्क्षेत्राः भिन्नमातृजाः पृथग्जनाः भिन्नजातीयाः। एतद्भिन्नजातीयसापत्नमातृकुल-

हुन्छ। यहाँ दशौं सम्म यो उपलक्षण छ। यसबाट पिता र पितामह हुन् ता नौ पुस्ता पिता छ भने आठ सम्म सापिण्ड जान्नु। अपुत्रका धनका ग्रहणमा नजीकको छैन भने त सातौं पुस्तासम्मको अधिकार छ धनका ग्रहण कर्ता देखि तिपर तेस्रो पौत्र हुन्छ। त्यस भन्दा माथि श्राद्ध विच्छेद हुन्छ। अन्यथा धनग्रहण गरेर अपुत्रीको श्राद्ध गर्दैन भने त ब्रह्महत्याराके ठीक पातकी हुन्छ। तीन पुस्ता सम्म नै सपिण्ड हुन्छ यो कुरा त बिना विवाह गरेका कन्याहरूके विषयमा हो किन भने? वसिष्ठको वचन छ कि विवाह न गरेका कन्याहरूको तीनै पुस्ता सम्म सापिण्ड्य जानिन्छ। यो सापिण्ड्य पनि आशौचके विषयमा हो न कि विवाहादिमा। त्यहाँ पूर्वोक्त वचनले पाँच र सात सम्मके नियम छ। यो मेधातिथि आदि दाक्षिणात्यहरू भन्दछन। बाग्दान गरी सके पछि यो सापिण्ड्य जान्दछ। यस्तो शुद्धि विवेकको भनाई छ। माताका कुलको वा कानीनकन्याका विषयमा यो सापिण्ड्य हो न भए यो तलका कूर्मको वचन सँग विरोध हुन्छ कि—

विवाह न भएका ती कन्याको त्यो सपिण्डता। मावुका कुलका सातै मनुष्यतक चल्दछ॥
विवाह भै सकेका तो कन्याको त सपिण्डता। पतिकै साथमा हुन्छ भन्छन् देव प्रजापति॥६६०-६६१॥

यो रत्नाकर स्मृतितत्व आदि गौडग्रन्थहरूमा लेखिएको छ र ठीक पनि छ। न भए कन्याका उत्पत्तिमा तीन पुरुष सम्म नै सूतक हुन्छ। त्यस माथि हुँदैन। सापत्न मातामहका कुलमा त मिताक्षरमा शंखले यस्तो भनेका छन् कि—

जन्मेका एउटै बाट जातिका भिन्न भिन्न ती। आमाका पुत्र ती धेरै भिन्ना भिन्नै भए भने॥
हुन्छन् सपिण्ड ती किन्तु आशौच तिनको सब। बेग्ला बेग्लै हुन्छ पिण्ड त्यो दिइन्छ तिनैकन॥६६२-६६३॥

यसमा 'पृथक् जना' यसको अर्थ यो हो कि विजातीय माताहरूमा जन्मेका हुन्। यहाँ विज्ञानेश्वरले यस्तो व्याख्या गरेका छन् कि तीन पुरुष सम्म सपिण्डता हुन्छ। पृथ्वीचन्द्रोदय र सापिण्ड्य दीपिकामा पनि यस्तै भनेको छ। मदन पारिजातमा त यस्तो कहिएको छ कि पृथक्क्षेत्राः का अर्थ

विषयम्। सवर्णसापत्नमातृकुले चतुःपुरुषं सापिण्ड्यम्। 'पञ्चमीं सप्तमीं चैव मातृतः पितृतस्तथा इति वसिष्ठोक्तेः। सप्तमीमिति ब्राह्मणादीनां क्षत्रियादिदारोत्पन्नपितृकुलविषयं चेत्युक्तम्।' तत्स्वकपोलकल्पितत्वाद्ग्रंथांतरविरोधाच्च निर्मूलम्। पितृपत्न्यः सर्वा मातर' इत्युक्त्वा सुमंतुना 'तदपत्यानि भागिनेयानि' इति पृथङ्निषेधाच्च। अन्यथा सपिण्डत्वेन निषेधात् सपत्नमातुलत्वादिनिर्देशो व्यर्थः। अत एव तेन स्मृतिकौमुद्यां सवर्णसापत्नमातामहकुलपरत्वेन तथैव शंखवचनं व्याख्यातम्। तेन वासिष्ठं 'पञ्चमीं सप्तमीमतीत्य' इति व्याख्येयम्। तस्मात्प्राच्येव व्याख्या युक्ता। प्रयोगरत्ने भट्टैः स्मृतितत्त्वादिगौडग्रंथेषु च सपत्नमातामहकुले यावदुक्तं वाचनिकमेव सापिंड्यमुक्तम्। यथाह सुमंतुः–'मातृपितृसम्बद्धा आसप्तमादविवाह्या भवन्ति। आपञ्चमादन्येषाम्। पितृपत्न्यः सर्वा मातरस्तद्भ्रातरो मातुलास्तद्भगिन्यो मातृष्वसारस्तत्दुहितरश्च भगिन्यस्तदपत्यानि अन्यथा संकरकारिणः स्युस्तथाध्यापयितुरेतदेव' इति। आपञ्चमादिति मातृकुले त्रिगोत्रांतरितविषयं वेति प्राच्याः। मात्स्ये—"समानप्रवरा चैव शिष्यसंततिरेव च। ब्रह्मदातुर्गुरोश्चैव संततिः प्रतिषिध्यते ॥६६४॥" तद्भगिन्यो मातृष्वसार इति तु आकरे न पठितम्। क्वचिद्वचनाद्विवाहः। यथा गृह्यपरिशिष्टे—'अवरुद्धसम्बन्धामुपयच्छेत' इत्युक्त्वा विरुद्धसम्बन्धः स्वयमेवोक्तः। 'यथा भार्यास्वसुर्दुहिता पितृव्यपत्नीस्वसा च' इति। बौधायनः–"मातुः सपत्न्या भगिनीं तत्सुतां च

भिन्न भिन्न आमा हरूबाट जन्मेका र पृथक्जनाः का अर्थ भिन्न भिन्न जातिका हुन्। यो पनि विजातीय सापत्नमातृकुलका विषयकै हो। समानवर्ण सापत्नमाताका कुलमा त चार पुरुष पर्यन्त सापिण्ड्य हुन्छ। किन भने? वसिष्ठले यस्तो भनेका छन् कि आमाबाट पाँचौं र पिताबाट सातौंकी सँग विवाह गरोस्। यसमा सातौं यो पनि त्यै कन्याका विषयमा हो जो ब्राह्मण आदिको क्षत्रिया आदि स्त्रीमा जन्मेकी होस् र पिताका कुलमा होस्। त्यो आफ्नो कपोल कल्पित भएकोले र ग्रन्थान्तरको विरोध भएकोले अप्रामाणिक छ। सुमन्तुले पिताकी सबै पत्नी आमा हुन् यसो भनेर पृथक् निषेधगरेका छन्। न भए सपिंड हुनाले निषेधै हुन्छ। सपत्नमातुल आदिको निषेध पनि व्यर्थ हुन्छ। यसै कारण उनले स्मृतिकौमुदीमा शंखका वचनको व्याख्या सपत्न माताका कुलमा लगाएको छ यसैले वसिष्ठका वचनको पनि अर्थ पाचौं र सातौं छोडेर-नाघेर भन्ने गर्नु पर्दछ। प्रयोगरत्नमा भट्टहरूले प्राच्यहरूको व्याख्या नै ठीक कहिएको छ। स्मृतितत्व आदि गौडग्रन्थहरूमा सापत्नमातामहका कुलमा वाचनिक शास्त्रले नै सबै सापिण्ड्य भनेकाछन्। त्यस्तै नै सुमन्तुले भनेकाछन् कि आमा बाबुका सम्बन्धी सात पुरुष सम्म र उन देखि भिन्न पाँच पुरुष सम्म विवाह गर्न अयोग्य हुन्छन्। पिताकी सबै पत्नी आमा र उनका भाइ मामा तथा उनकी बहिनी सानि आमा उनकी छोरी बहिनी र उनका पुत्र भानिज हुन्छन्। अन्यथा भए त वर्णसंस्कर गर्ने हुन्छन् पढाउनेका कुलमा पनि यस्तै हुन्छन्। आपञ्चमात् यो माताका कुलमा तीन गोत्रको अन्तर एभमा सम्झनु पर्दछ। यो प्राच्य भन्दछन्। मत्स्यपुराणको वचन छ।

यौटै प्रवर सन्तान शिष्य सन्तान वेद नै। पढाउनेको ती सन्तान छ निषिद्ध विवाहमा ॥६६४॥

ती आमाहरूकी बहिनी सानी आमा हुन् भनेर आकरमा पढिएको छैन। कहीं वचनले पनि विवाह हुँदैन। जस्तो गृह्यपरिशिष्टमा–अविरुद्ध सम्बन्ध भएको सँग विवाह गरोस्, यसो भनेर विरुद्ध सम्बन्ध आफै नै भनेको छ कि भार्याकी बहिनीकी छोरी र पितृव्यकी बहिनी। बौधायनको वचन छ—

विवर्जयेत् । पितृव्यपत्न्या भगिनीं तत्सुतां च विवर्जयेत् ॥६६५॥" अतो मातृष्वसुः सापत्नपुत्रकन्याप्यविवाह्या । 'सापत्नमातृकुलजाम् ।' इति मदनपारिजातोक्तेरिति केचित् ।

केचित्तु—'ज्येष्ठो भ्राता पितुः समः' इति मनूक्तेस्तत्पत्न्या मातृत्वात्तत्पितुर्मातामहत्वाज्ज्येष्ठभ्रातृपत्नीभगिनी न विवाह्या । तथा 'उत्पादकब्रह्मदात्रोर्गरीयान् ब्रह्मदः पिता' इति मनूक्तेर्गुरुत्वा त्रिपुरुषं सापिंड्यम् सखापि निर्वार्यः । अतस्तेषां कन्या नोद्वाह्याः । "गायत्र्या उपदेष्टुश्च कन्यां नैवोद्वहेद्द्विजः । गुरोश्च कन्यां शिष्यो वा तत्संतत्यापि नेष्यते ॥ पुरुषत्रयपर्यंतं भ्रात्रादेर्नैतदिष्यते । वाक्सम्बन्धकृतानां तु स्नेहसम्बन्धभागिनाम् ॥ विवाहोत्र न कर्त्तव्यो लोकगर्हा प्रसज्यते ॥६९६-६९७॥" इति वचनाच्चेत्याहुः । तत्र मूलं चिंत्यम् । दत्तकविषये तूच्यते । गौतमः- 'ऊर्ध्वं सप्तमात्पितृबंधुभ्यो बीजिनश्च मातृबंधुभ्यः ।' पञ्चमादिति बंधुग्रहणान्न दत्तकमात्रपरमिदं किंतु संतानेऽपि । एतत् क्षेत्रजादिसर्वविषयामुष्यायणपरमिति हरदत्तः । अत्र स्मृतिचंद्रिका-'नियोगात् य उत्पादयति तस्माद्बीजिनोप्यूर्ध्वं सप्तमादित्यर्थः' इति दत्तकस्य जनकविषयमेतदिति सापिंड्यमीमांसायां । तेन दत्तकस्य जनककुले सप्तपौरुषं जननीकुले पांचपौरुषं सापिंड्यम् । "दत्तक्रीतादिपुत्राणां बीजवप्तुः सपिण्डता । सप्तमी पञ्चमी चैव गोत्रित्वं पालकस्य च ॥६६८॥" इति बृहन्मनूक्तेः । 'बीजिनश्च' इति गौतमोक्तेश्च । पालकपितृकुले तु पञ्चपुरुषं पालकमातृकुले त्रिपुरुषम् । तथा चापरार्के पैठी-

---

वेही आमाकि सौताकी पुत्रीकन पनी त्यजोस् । काकाकी बहिनी, तिन्की पुत्रीकन पनी त्यजोस्॥५६५॥

यसर्थ सानी आमाका सापत्नपुत्रकी कन्या पनि विवाहको अयोग्य छ । मदन पारिजातमा यस्तो भनेको छ कि सापत्नमाताका कुलमा जन्मेकीलाइ पनि छोड्नोस् । यस्तो कुनै भन्दछन् ।

कुनै त यसो भन्दछन् कि जेठो दाजु पिताकै समान हुन्छ । यस मनुका वचनले तिनकी पत्नी माता हुनाले र उनको पिता मातामह हुनाले दाजुकी स्त्री की बहिनी पनि विवाहकी अयोग्याछन् । त्यस्तै जन्माउने र वेद पढाउने पिताहरूमा वेद दिने पिता नै अत्यन्त श्रेष्ठ छ । यो मनुका वचनले गुरू सँग पनि तीन पुर्खा सँग सापिण्ड्य हुन्छ । मित्र पनि विवाहमा निषिद्ध छ । यसकारण उनकी कन्या पनि विवाहमा अयोग्य छन् । यो वचन पनि छ कि—

कन्या गायत्रिको शिक्षा ती आफ्ना गुरूकी सुता ।
न विवाहोस् द्विजै शिष्य संतान पनि शिष्यको ॥

तीन पुरुष सम्म भाइकी कन्याको विवाह इष्ट छैन ।

वाग्दान भै सकेको छ स्नेहसम्बन्ध त्यो छ ता ।
लोकनिन्दाकनै हेरी विवाह न गरोस् त्यहाँ ॥ ६१६-६१७ ॥

यी वचनमा मूल विचारणीय छ । अब दत्तकका विषयमा भन्दछन् । त्यसमा गौतमको वचन छ कि पिताको र जसको बीज छ त्यसको सात बन्धुहरू पर आमाको पाँच बन्धु भन्दा पर दत्तक विवाह गरोस् यो वाक्यमा बन्धुका ग्रहणले केवल दत्तकका संन्तानका विषयमा पनि छ दरदत्त भन्दछन् कि—क्षेत्रज आदि व्यामुष्यायणका विषयमा छ । यसमा स्मृतिचन्द्रिका यस्तो भन्दछ कि-जो नियोगले पैदा गर्दछ त्यो भन्दा माथि पनि सात पुर्खा सम्म विवाह न गरोस् । सापिण्ड्य मीमांसामा यस्तो भनेको छ कि दत्तका जनकका विषयमा यो वचन छ । यसैले दत्तकका जनक कुलमा सात पुरुषतक र माताका कुलमा पाँच पुरुषतक सापिण्ड्य छ । किन भने ? बृहन्मनुको वचन छ कि—

दत्तकादिक पुत्रैमा सात-पाँच नरैतक । सापिण्ड्य बीजदाताको हुन्छ पालक गोत्रमा ॥

नसिः-'त्रीन् मातृतः पञ्च पुरुषानतीत्योद्वहेत्' इति। एतत्स एव व्याचख्यौ। दत्तकादीन् पुत्रान् पितृपक्षतो निवर्त्तपिंडगोत्रार्षेयान् प्रत्येतदुच्यते पञ्चपितृत इति नान्यान् प्रतीति। यत्तु वृद्धगौतमः—"स्वगोत्रेषु कृता ये स्युर्दत्तक्रीतादयः सुताः। विधिना गोत्रमायान्ति न सापिंडयं विधीयते ॥६९९" यच्च वासिष्ठः-"अन्यशाखोद्भवो दत्तः पुत्रश्चैवोपनायितः। स्वशाखोक्तविधिना स्यात्स्वशाखभाक् ॥७००॥" इति। यच्च नारदः-"धर्मार्थं वर्द्धिताः पुत्रास्तत्तद्गोत्रेण पुत्रवत्। अंशपिण्डविभागित्वं तेषु केवलमीरितम् ॥७०१॥" इति। तत्पालककुले सप्तपौरुषम् सापिंडयं नेत्येवं परं न तु सर्वथा सापिंडयनिषेधपरमिति सापिंडयमीमांसायाम्। मदनपारिजातादपि दत्तकानुप्रवेशेऽल्पं सापिंडयं प्रतिभाति। तथाहि। तेन त्रीनतीत्येत्युदाहृत्य यस्य माता दत्तपुत्री प्रतिग्रहीत्रा पुत्रीकृता तस्याः प्रतिग्रहीतुः कुले त्रीनतीत्येति। पंच पितृत इति तु यस्य दत्तपुत्रः पिता तस्य यजनककुलं तद्विषयमित्युक्तम्। वस्तुतस्तु पूर्ववचसां महानिबंधेषु क्वाप्यनुपलम्भादपरार्कादिलिखनाभावात् पूर्वोक्तव्यवस्थायाश्च प्रतिभज्ञानतुष्यत्वाद्यैरेतल्लिखितं तेषामेव शोभते। मम तु पालककुले एकपिण्डदानक्रियान्वयित्वरूपं सप्तपौरुषमेव सापिंडयं। 'त्रीजिनश्च' इति गौतमोक्ते जनककुलेऽपि तावदेव त्रीन् 'मातृतः' इत्यादि तु सवर्णसापत्नमातृकुलपरम्। 'यद्येकजाता बहवः' इति शांखैकवाक्यत्वादिति युक्तं प्रतिभाति। अत एवास्य द्व्यामुष्यायणत्वं हेमाद्रिप्रवरमंजरीवृत्ति-

---

गौतमले पनि बीच राख्नेको सापिण्डता भनेका छन्। पालक पिताका कुलमा पाँच पुरुष सम्म र पालक माताका कुलमा तीन पुरुष सम्म दत्तकको सापिण्डय हुन्छ। त्यै कुरा अपरार्कमा पैठीनसिले भनेकाछन्-तीन आमाबाट का र पाँच बाबुबाट का पुरुषलाई नाघेर विवाह गरोस्। उनैले अर्थ लेखेकाछन् ती दत्तक आदि पुरुषहरूको प्रति यो वचन हो कि पिता देखिका पाँच पुरुष नाघेर विवाह गरोस्। अरूको प्रति होइन। जसको बाबुका पक्षबाट पिण्ड गोत्र र प्रवर छुटी सकेको छ। वृद्धगौतमले भनेका छन् कि—

गरेका क्रीत पुत्रै छन् जो दत्तक स्वगोत्रमा। विधिले गोत्रमा आए विधि छैन सपिण्डको ॥६९९॥

वसिष्ठको वचन पनि छ—

जन्मेको अरु शाखामा दत्तकै पुत्र त्यो पनि। आइ हाल्छ स्वशाखामा ती क्रिया विधिले गरे ॥७००॥

नारदको वचन छ—

पुत्र धर्मार्थ पालेका गोत्रमा त्यो हुनै सरि। खाली अंश र पिण्डैका भागी हुन्छन् ड गोत्रमा ॥७०१॥

यी गौतम वसिष्ठ र नारदका तीन वचन यसको बोधक छन्-दत्तकको सापिण्डय पालक कुलमा सात पुरुष सम्म रहन्न केवल पाँच सम्म रहन्छ। सर्वथा सापिण्डयको निषेधक छैन। यो सापिण्डय मीमांसामा लेखिएको छ। मदनपारिजातबाट पनि दत्तकको थोरै नै सापिण्डय प्रतीत हुन्छ। त्यै देखाउँदछन् कि-आमाबाट तीन पुरुष नाघी विवाह गरोस् यसो भनेर यो अर्थ लेखेकाछन् कि जसकी आमा दत्तकको पुत्री छन् र लिनेले आफ्नी पुत्री बनाएको छ त्यसका कुलमा तीन पुरुष नाघेर दत्तकले विवाह गर्नु पर्दछ तथा पितावाट पाँच। यो त त्यसैको विषयमा हो जसको पिता दत्तकको पुत्र होस्। त्यस्त पिताका कुल बाट पाँच पुरुष सम्म विवाह न गरोस्। सिद्धान्त त यस्तो छ कि यी माथिका वचन ठूल-ठूला ग्रन्थमा कहीं पाइदैन र अपरार्क आदिमा पनि लेखिएको छैन। यसैले पूर्वोक्त व्यवस्था भ्रमकै तुल्य हुनाले जसले यो वचने लेखेको छ उनैलाई

कृष्णारायणादिभिरुक्तम् । भट्टसोमेश्वरेणापि 'पृथायाः कुंतिभोजस्य पालककन्यात्वेपि ऊर्ध्वं सप्तमात्पितृबन्धुभ्यो बीजिनश्च' इति गौतमोक्तेर्दत्तिमायाः पृथायाः जनकस्य शूरसेनस्य कुलेऽपि साप्तपौरुषं पालककुलेऽपि तावदेव सापिंड्यमुक्तमपि वा कारणाग्रहणे इत्यत्र सापिंड्यदीपिकायां तु दत्तक्रीतादीनां जनकगोत्रेणोपनयने कृते जनककुले साप्तपौरुषं सापिंड्यं । पालकमातापितृकुले त्रिपुरुषं पिण्डनिर्वापान्निर्वापलक्षणं त्रिपुरुषं सापिंड्यं । पालकगोत्रेणोपनयने तत्कुले सप्तपौरुषमित्युक्तम् । तन्न । "चूडोपायनसंस्कारा निजगोत्रेण वै कृताः । दत्ताद्यास्तनयास्ते स्युरन्यथा दास उच्यते ॥ ७०२ ॥" इति कालिकापुराणादुपनयनांतरं दत्तकनिषेधात् । त्रिपुरुषमित्यत्रापि मूलं मृग्यमित्यलं बहुना । मातृपितृद्वारकसापिंड्यवतीनां कन्यानामियं संख्या रामवाजपेयिनोक्ताः—"उद्वोढुः पितरौ पितुश्च पितरौ तज्जन्मकृद्दंपतीद्वंद्वं तस्य चतुष्कमष्ट च ततोऽप्यस्य क्रमात् षोडश । वंशारम्भकदम्पतीप्रमितिरित्यासप्तकक्षं रदा एकैकान्वयकन्यकाः पितृकुले त्वासप्तकक्षं व्रुवे ॥ यद्यप्येकस्य बहवः सुताः स्युस्तदपीह तु । सम्बंधसाम्यादेकैव गणितेत्यवधार्यताम् ॥७०३॥"

"एकस्मान्मिथुनात्सुताथ दुहितां द्वंद्वद्वयं तद्द्वयात्तस्माद्द्वंद्वचतुष्कमष्ट च ततोऽतः षोडशातो रदाः । यावत्सप्तमकक्षमग्निऋतवः कन्या इहैकान्वये ता दंतैर्गुणिता रसैकसदृशो

शोभा दिन्छ । मलाई त यो युक्त प्रतीत हुन्छ कि एक पिण्डदान क्रियामा सम्बन्धरूप सापिण्ड्य बीजदाताका सात पुरुष सम्म गौतमका वचनले त्यत्ति नै सापिण्ड्य पालकका कुलमा दत्तकको हुन्छ तथा माता देखि तीन पुरुष सम्म सापिण्ड्य हुन्छ । इत्यादि वचन त सजातीय सपत्नमाता का विषयमा सम्झनु पर्दछ । किन कि ? एक बाट जन्मिएका धेरै यो शँखका वचन साथ एकता छ । यसैले हेमाद्रि प्रवरमञ्जरी वृत्तिकार र नारायण आदिले दत्तकलाईन्यामुष्यायण भनेकाछन् । सोमेश्वर भट्टले पनि पृथालाइ भोजपालककी कन्या भएमा पनि पिता र बीजदाताका बन्धुहरूमा सात पुरुषसम्म सापिण्ड्य हुन्छ भनेका छन । यो गौतमका वचनले पनि दत्तक पृथाको सापिण्ड्य पैदा गर्ने शूरसेनका कुलमा र पालक भोजका कुलमा सात पुरुष सम्म बराबर "सापिण्ड्य अपि वा कारणाग्रहे" यस ठाँउमा भनेकाछन् । सापिण्ड्य दीपिकामा त यस्तो भनेको छ कि–दत्तक क्रीत आदि पुत्रहरूको यदि जन्मदिनेका गोत्र बाट व्रतबन्ध भयो भने त बाबुका कुलमा सात पुरुषसम्म र पालक मातापिताका कुलमा तीन पुरुष सम्म पिण्डदिने र न दिनेरूपको भयो भने त त्यसका कुलमा पनि सात पुरुष सम्म सापिण्ड्य हुन्छ । यो ठीक छैन । किन ? भने यो कालिकापुराणका वचनले—

चूडोपायनसंस्कार भो उस्को निजगोत्रले । हुन्छन् ती दत्तकै पुत्र न भए दास नै भए ॥ ७०२॥

यज्ञोपवीत भै सके पछि दत्तकपुत्रको निषेध छ । तीन पुरुष सम्म सापिण्ड्य हुन्छ भन्ने वचनमा पनि प्रमाण खोज्नै पर्छ । इति अलं बहुना ।

आमा- बाबु बाट जुन कन्याहरूको सापिण्ड्य हुन्छ उनको गणना रामवाजपेयीले यस्तो गरेका छन् कि वरका माता-पिता दुइ र ती दुवैका जन्मदाता माता पिता चार तथा ती चारैका माता पिता आठ एवम् ती आठैका माता पिता सोह्र ती सोह्रकै माता-पिता बत्तीस यी बत्तीसैमा प्रत्येक वंशको सात पुरुषसम्मका कन्यालाई हामी सपिण्ड भन्दछौं यही वंशका आरम्भको प्रमाण छ—

एकेकका निकै कन्या हुन्छन् यद्यपि तैपनि । गर निश्चय यौटी नै गण्यौं सम्बन्धसाम्यले ॥७०३॥

यौटा स्त्री-पुरुषका जोडा बाट यौटा कन्या भई । त्यस बाट दुइटा कन्या भए ती दुवै बाट चार द्वन्द्व (जोडा) आठ भए । यस्तै प्रकार ती चार द्वन्द्व बाट आठ र आठबाट सोह्र र सोह्रबाट बत्तीस भए ।

वंशे सपिण्डाः पितुः ॥ मातुर्जन्मददंपती च मिथुनं द्वंद्वं तयोः सागरास्तस्याः पञ्चमकक्षमश्व-मितिरित्येकान्वयः पुंसु ते । द्वन्द्वाद्वंद्वयुगं ततोऽध्वय इतोऽष्टौ पंचकक्षं शरांशोएयः सप्तगुणाः शराभ्रविधवो मातुः सपिण्डः कुले ॥ कुलद्वयस्य कन्यकायुता मिथः सपिण्डकाः हिमांशुद ग्धराहशो विवाहकर्मवर्जिताः" इति । एतच्च सर्ववर्णसाधारणम् । सर्वत्र सापिंडयसद्भावादिति विज्ञानेश्वरोक्तः । "पञ्चमात्सप्तमादूर्ध्वं मातृतः पितृतः क्रमात् । सपिण्डता निवर्त्तेत सर्ववर्णेष्वयं विधिः ॥७०४॥" इति हरनाथधृतदेवलवचनाच्च । सम्बन्धतत्त्वे सुमंतुः —'पितृष्वसृसुतां मातृष्व-सृसुतां मातुलसुतां मातृसगोत्रां समानार्षेयीं विवाह्य चांद्रायणं चरेत्परित्यज्यैनां मातृव-द्बिभृयात्' इति दिक् । ऋषेरिदमार्ष प्रवरः । गोत्रं प्रसिद्धम् । समाने आर्षे गोत्रे यस्य तस्माज्जाता या न भवति ताम् । अथ संक्षेपेण गोत्रप्रवरनिर्णयः । तौ च भिन्नौ निषेधे निमि-त्तम् । 'सगोत्राय दुहितरं न प्रयच्छेत्' इत्यापस्तम्बोक्तेः । 'असमानप्रवरैर्विवाहः' इति गौतमो-क्तेश्च । तत्र गोत्रलक्षणमाह प्रवरमंजर्यां बौधायनः—"विश्वामित्रो जमदग्निर्भरद्वाजोऽथ गौतमः । अत्रिर्वशिष्ठः कश्यप इत्येते सप्त ऋषयः ॥" सप्तानामृषीणामगस्त्याष्टमानां यदपत्यं तद्गोत्रमिति । यद्यपि केवलभार्गवेष्वार्ष्टिषेणादिषु केवलांगिरसेषु च हारीतादिषु च नैतत् । भृग्वंगिरसोरुक्ते ष्वनंतर्गतेः । तथाप्यत्रेष्टापत्तिरेवेति केचित् । अत एवरैक्यादेवात्राविवाह उक्तः । यद्यपि वसिष्ठादीनां न गोत्रत्वं युक्तम् । तेषां सप्तर्षित्वेन तदपत्यत्वाभावात् तथापि तत्पूर्वभाविवसिष्ठाद्यपत्यत्वेन गोत्रत्वं युक्तम् । अत एव पूर्वेषां परेषां चैतद्गोत्रम् । अत्र विशेषोऽस्म-

यस प्रकार सात पिढी सम्म विसष्ठो कन्या एक वंशमा भए तिनलाइ बत्तीसले गुणा गर्‍यो भने दुइ हजार सोह कन्या पिताका कुलमा सपिण्ड हुन्छन् । माता का जन्मदाता दम्पति दुइ र वी दुईका माता पिता दुइ जोडा र ती दुइ जोडा त्यस आमा को चार पिढी सम्म सात मिथुन (जोडा) हुन्छ । यो पुरुष हरूमा एक वैश्य हुन्छन् र माताका कुलमा सपिण्ड यो हुन्छन् । पहिला जोडा बाट दुइ जोडा ती दुइका माता पिता चार जोडा, चारका आठ, यस प्रकार पाँचकक्षा सम्म पन्ध्रह हुन्छन् । यिनलाइ सातले गुणा गरेमा एक सए पाँच हुन्छन् । यी दुवैका कन्या परस्पर मिलाउनाले एक्काइस सए एक्काइस परस्पर सपिण्ड कहिन्छन् (तिनीहरू सँग विवाह गर्नु वर्जित छ । यो सापिण्ड्य सबै वर्णम साधारण छ । किनकि सापिण्ड्य दुवैमा हुन सक्तछ । यो विज्ञानेश्वरको भनाई छ । फेरि हरनाथले लेखेको देवलको वचन छ—

सातौं पछि पिता देखि पाचौं पर प्रसू पछि। सपिण्डो छुट्छ त्यो यस्तै छ विधि सब वर्णमा ॥७०४॥

सम्बन्धतत्त्वमा सुमन्तुको वचन छ । फूपु सानी आमा मामा यी तीनकी पुत्री र आमाका गोत्रकी र आपनो प्रवरकी कन्या विवाह गर्छ भने चान्द्रायण व्रत गरोस् र पछि आमाकै ठीक गरेर त्यसको परिपालन गरोस् । इति दिक् ।

अब संक्षेपले गोत्र र प्रवरको निर्णय गर्दछन् । यी दुवै भिन्न भिन्न निषेधमा निमित्त छन् । अर्थात् गोत्र र प्रवर दुवै विवाहमा निषिद्ध छन् । किन भने ? आपस्तम्बले यसो भनेका छन् कि-सगोत्रीलाई कन्या न देओस् । गौतमको भनाई पनि छ-प्रवर यौटै हुने सँग विवाह न गरोस् । ती दुवैमा गोत्रको लक्षण प्रवर मञ्जरीमा बौधायनले भनेकाछन् विश्वामित्र जमदग्नि अत्रि वसिष्ठ कश्यप भर द्वाज गौतम यो सात सप्तर्षि हुन् । यी सँगैका आठौं अगस्त्यका जो सन्तान छन् तिनलाइ गोत्र भन्द-छन् यद्यपि भार्गव आर्ष्टिषेण केवल आङ्गिरस र हारीत आदिकमा यो गोत्रको लक्षण घटतैन यता भृगु र अंगिरा ती सातमा आएनन् तापनि कुनै त यसमा इष्टापत्ति भन्दछन् । अर्थात् ती गोत्र होइनन्

तकृते प्रवरदर्पणे ज्ञेयम् । प्रवरास्तु प्रवराणि प्रवराः । कल्पकारा हि वासिष्ठ इति होता वसिष्ठ इत्यध्वर्युरित्यादिना येषां प्रवरणमामनन्ति ते प्रवराः । तच्च वरणं यद्यपि गोत्रभूतस्यापि क्वचिद्दृश्यते तथापि पूर्ववदृषिभेदो द्रष्टव्यः । अन्यथा तेषां त्र्यार्षेय एकार्षे इत्यादिनिर्देशानुपपत्तेः । अन्ये तु तद्गोत्राणां त्र्यार्षेय इति भेदग्राहुरिति दिक् । उक्तं तु गोत्रभूतस्य पितृपितामहप्रपितामहा एव प्रवराः । 'पितैवाग्रेथ पुत्रोथ पौत्र' इति शतपथश्रुतेः । 'परम्परम्प्रथमम्' इत्याश्वलायनोक्तेश्च । अत्र विशेषमाह बौधायनः—"एक एव ऋषिर्यावत्प्रवरेष्वनुवर्तते । तावत्समानगोत्रत्वमन्यत्र भृग्वंगिरसां गणात् ॥७०५॥" इति । स्मृत्यर्थसारे – "ज्ञीयमाणतया वापि सत्तया वानुवर्त्तनम् । एकस्य दृश्यते यत्र तद्गोत्रं तस्य कथ्यते॥७०६॥"भृग्वंगिरोगणेषु तु माधवीये स्मृत्यन्तरे—"पञ्चानां त्रिषु सामान्यादविवाहस्त्रिषु द्वयोः । भृग्वंगिरोगणेष्वेवं शेषेष्वेकोऽपि वारयेत् ॥७०७-७०८॥" शेषगोत्रेष्वेको समानः प्रवरो विवाहं वारयेदित्यर्थः । बौधायनोऽपि—'भृग्वंगिरसावधिकृत्यद्व्यार्षेयसन्निपातेऽविवाहस्त्र्यार्षेयाणाम् । त्र्यार्षेयसन्निपातेऽविवाहः षट्ठार्षेयाणाम्' इति । भृग्वंगिरोगणेष्वेवं शेषेष्वेकोऽपि वारयेत् । भृग्वंगिरोगणेष्वपि जमदग्निगौतमभरद्वाजेष्वेकप्रवरसाम्ये सर्वेषामप्यसाम्ये वा सगोत्रत्वादेवाविवाह इति दिक् ।

अब गोत्राणि प्रवराश्चोच्यन्ते । तत्र बौधायनः–"गोत्राणां तु सहस्राणि प्रयुतान्य-

---

यसैले स्मृत्यर्थ सारमा उनमा एक प्रवरमा नै विवाहको गोत्र युक्त छैन किन कि ती सप्तर्षि हुन् र ऋषिहरूका सन्तानको अभाव छ तापनि उनको सप्तर्षि हुनु भन्दा पहिल्यै सन्तान भएकाछन् । यसैले गोत्र मात्रु युक्त छ । यसै कारण पछिल्ला र पहिलेका लाई गोत्रभन्दछन् । विशेष मैले भनाएको प्रवरदर्पणमा हेर्नु । प्रवर त तिनलाई भन्दछन्–जसलाइ राम्ररी यज्ञमा वरण गरिन्छ तिनलाइ प्रवर भन्दछन् । कल्पकार होता अध्वर्यु यिनका नामले जसको वरण गरिन्छ तिनलाइ प्रवर भनिन्छ । यो वरण यद्यपि कहीं गोत्रको पनि हुन्छ तापनि पहिलेकै ठीक ऋषिको भेद जान्नु । न भए उनमा कसैको तीन प्रवर र कसैको एक प्रवर यो निर्देश हुँदैन । कुनै त यसो भन्दछन् कि तीगोत्रकै तीन आदि भेदकाई नै प्रवर भन्दछन् सिद्धान्त त यस्तो छ कि गोत्ररूपका पिता पितामह प्रपितामह तीन प्रवर हुन्छन् । शतपथश्रुतिमा लेखिएको छ । पैलो पिता दोस्रो छोरो तेस्रो नाति, यी तीन प्रवर हुन्छन् । आश्वलायनले पनि भनेका छन् कि-पछिल्लो प्रथम हुन्छ । यसमा विशेष बौधायनले भनेकाछन्—

प्रवरैमा जहाँ सम्म ऋषिको एक नाम भो । अङ्गिरा भृगु छोडी ती तबैतक् एक गोत्र भो ॥७०५॥

स्मृत्यर्थसारमा पनि लेखिएको छ—

जहाँ वरणगर्दा वा नामले नाम एकको । विल्कुलै उड्छ ता भन्छन् त्यहाँ एक गोत्र भो ॥७०६॥

भृगु र अङ्गिराका गणहरूमा त माधवीय र स्मृत्यन्तर मा यस्तो लेखिएको छ कि—

हुने प्रवर पाँचैको तीनमा तीनको यता । दुइमा एकता होस्ता त्यहाँ हुन्न कसै विंहा ॥
भृगु औ अंगिरानै हो यो कुरो अरूमा भने । विवाह गर्नमा रोक्छ यौटै प्रवर सम्म त्यो ॥७०७-७०८॥

बौधायनले पनि भनेका छन् कि भृगु र अङ्गिरा गोत्रीहरूमा दुइ प्रवर हुनेको दुइ प्रवर र तीन प्रवर हुनेको तीन प्रवर मिल्यो भने त विवाह हुँदैन । यो कुरो छ प्रवर हुनेहरूमा र भृगु तथा अङ्गिराहरूमा हो । शेष गोत्रमा यौटा पनि प्रवर विवाह रोक्तछ । भृगु र अङ्गिराहरूमा पनि जमदग्नि गौतम र भरद्वाज यौटै प्रवर मिल्दामा तथा प्रवरै न मिल्नोस्, खालि गोत्र नै मिलेमा विवाह हुँदैन । इति दिक् ।

अब गोत्र र प्रवर भन्दछन् । त्यसमा बौधायन को वचन छ । गोत्र हजार दश हजार

र्षुदानि च। ऊनपञ्चाशदेवैषां प्रवरा ऋषिदर्शनात् ॥" तत्र सप्त भृगवः। वत्सा विदा आष्टिषेणा यस्का मित्रयुवः वैन्या शुनका इति। वत्सानां भार्गवच्यावनाप्रवानौर्वजामदग्न्येति। भार्गवौर्वजामदग्न्येति वा। भार्गवच्यावनाप्रवानेति वा। विदानां भार्गवच्यावनाप्रवानौर्ववैदेति पञ्च। भार्गवौर्वजामदग्न्येति वा। एतौ द्वौ जामदग्न्यसंज्ञौ। आष्टिषेणानां भार्गवच्यावनाप्रवानाष्टिषेणानूपेति। भार्गवाष्टिषेणानूपेति वा। एषां त्रयाणां परस्परमविवाहः। वात्सानां भार्गवच्यावनाप्रवानेति। वत्सपुरोधसयोः पञ्च। भार्गवच्यावनाप्रवानवात्सपौरोधसेति। वैजवैनमथितेति। एते त्रयः क्वचित्। एषामपि पूर्वैरविवाहः। अत्र तत्तद्गणस्था ऋषयोन्यश्च विशेषो मत्कृते प्रवरदर्पणे ज्ञेयः। यस्कानां भार्गववैतहव्यसावेतसेति। मित्रायुवानां भार्गववाध्यश्वदिवोदासेति भार्गवच्यावनदिवोदासेति वा। वाध्यश्वेत्येको वा। वैन्यानां भार्गववैन्यपार्थेति। एते एव श्वैताः। शुनकानां शुनकेति वा। गार्त्समदेति वा भार्गवगार्त्समदेति द्वौ वा। भार्गवशौनहोत्रगार्त्समदेति त्रयो वा। कौदविश्वज्योतिषां भार्गवकौदवैश्वज्योतिषेति। शाठरमाठराणां भार्गवशाठरमाठरेति। एतौ द्वौ क्वचित्। यस्कादीनां स्वगणं त्यक्त्वा सर्वैर्विवाहः। तदुक्तं स्मृत्यर्थसारे–"यस्कामित्रयुवो वैन्याः शुनकाः प्रवरैक्यतः। स्वं स्वं हित्वा गणं सर्वे विवहेयुः परावरैः ॥७०६॥" इति। अथांगिरसः। ते गौतमा भरद्वाजाः केवलांगिरसश्चेति त्रिधा। तत्र गौतमा दश। आयास्याः शरद्वन्ताः कौकण्डाः दीर्घतमसः औशनसः कारेणुपालयः राहुगणाः सोमराजकाः वामदेवाः बृहदुक्थाश्चेति। तत्रायास्यानां आंगिरसायास्यगौतमेति। शरद्वन्तानामाङ्गिरसौतथ्यकाक्षतगौ-

---

वा अर्बुद छन् तिनका प्रवर उनन्चास छन् किन कि ? यत्ति नै ऋषि देखिन्छन्। तिनमा यी सात भृगु छन्–वत्स विधि आष्टिषेण यस्क मित्रयु वैन्य र शुनक। वत्सहरूको भार्गव च्यवन प्रधान और्व जामदग्न्य वा भार्गव और्व जामदग्न्य वा च्यावन प्रवान प्रवर छन्। विदहरूको भार्गव च्यावन प्रवान और्व वैद यी पाँच प्रवरछन्, वा भार्गव और्व जामदग्न्य यी दुवै जामदग्न्यसंज्ञक हुन्। आष्टिषेणहरूको भार्गव च्यावन प्रवान अष्टिषेण अनूप वा भार्गव आष्टिषेण अनूप हो। यी तीनैको परस्पर विवाह हुँदैन। वात्सको भार्गव च्यावन प्रवान प्रवर छन् वत्स र पुरोधा यी दुवैको भार्गव च्यावन प्रवान वात्स पौरोधस यी पाँच छन् र कहीं वैज वैन मथित यी तीन छन्। यिनको पनि पहिलेका सँग विवाह हुँदैन। यहाँ ती गणका ऋषि र मैले बानाएको प्रवर दर्पणमा हेर्नु। यस्कहरूको भार्गव वैतहव्य सावेतस हो। मित्रेयुहरूको भार्गव वाध्यश्व दिवोदास वा भार्गव च्यावन दिवोदास हो वाध्यश्व यौटै नै प्रवर हो। भार्गव वैन्य पार्थ हो। यिनैलाई श्वेत भन्दछन् शुनकहरूको शुनक वा गार्त्समद वा भार्गव गार्त्समद यी दुइ वा भार्गव शौनहोत्र गार्त्समद यी तीन प्रवर छन्। वैदविश्वज्योतिषिहरूको भार्गव वैदश्वविश्वज्योतिष हो। शाठर-माठरहरूको भार्गव शाठर-माठर यी दुवै कहिएका छन्। यस्कादिहरूको आपनु गणलाई छोडेर सबै सँग विवाह हुन्छ। त्यै कुरो स्मृत्यर्थसारमा भनेको छः—

मित्रयु वैन्य शुनक यस्क यी प्रवरैक नै। अपना गणकनै छोडी विवाह अरूमा गरून् ॥७०६॥

अब आंगिरसहरूको गोत्र प्रवर भन्दछन्। तिनीहरू गौतम भरद्वाज केवलांगिरस यी तीन छन्। तिनमा गौतम दशछन्–आयास्य शरद्वन्त कौमाण्ड दीर्घतम औशनस करेणुपाल राहुगण सोमराजक वामदेव बृहदुक्थ। यी दशमा आयास्यका आंगीरस आयास्य गौतम यी तीन प्रवर छन्। शरद्वन्तका आंगीरस औतथ्य कावत गौतम कौमण्ड छन् वा आंगीरस आयास्य औशिज गौतम काक्षीवत वा आंगिरस औतथ्य गौतम औशिज काक्षीवत अथवा आंगिरस औशिज काक्षीवत यी तीन प्रवर छन्।

तमकौमण्डेति वा । आंगिरसायास्यौशिजगौतमकाक्षीवतेति वा । आङ्गिरसौतथ्यगौतमौशिज-काक्षीवतेति वा । आंगिरसौशिजकाक्षीवतेति त्रयो वा । दीर्घतमसामांगिरसौतथ्यकाक्षीवतगौत-मदैर्घ्यतमसेति त्रयो वा । औशनसामांशिरसगौतमौशनसेति त्रयः । कारेणुपालानामांगिरसगौ-तमकारेणुपालेति त्रयः । राहुगणानामांगिरस राहुगणगौतमेति । सोमराजकानामांगिरससौमराज-कगौतमेति । वामदेवानामांगिरसवामदेव्यगौतमेति । बृहदुक्थानां आंगिरसबार्हदुक्थगौतमेति । आंगिरसवामदेववार्हदुक्थेति वा । उतथ्यानां आंगिरसौतथ्यगौतमेति । औशिजानां आंगिरस-औशिजकाक्षीवतेति आपस्तम्बः । आंगिरस आयास्यौशिजगौतमकाक्षीवतेति कात्यायनः । एतौ द्वौ क्वचित् । राघुवानामांगिरसराघुवगौतमेति केचित् । तत्र मूलं चिन्त्यम् । एषां सर्वेषां गौतमानामविवाहः । अथ भरद्वाजाः । ते चत्वारः । भरद्वाजाः गर्गाः श्रुश्चाः कपय इति । भरद्वाजां आंगिरसबार्हस्पत्यभरद्वाजेति त्रयः । गर्गानामाङ्गिरसबार्हस्पत्यभरद्वाजसैन्यगार्ग्येति पञ्च । आंगिरससैन्यगार्ग्येति वा । अन्त्ययोर्व्यत्ययो वा । भरद्वाजगार्ग्यसैन्येति वा । गर्गभेदानामांगिरसतैत्तिरकापिभूतेति । श्रुश्चाणां कपिलानां चांगिरसबार्हस्पत्य-भरद्वाजवान्दनमातवचसेति पञ्च । आंगिरसवान्दनमातवचसेति त्रयो वा । कपीनांगिरस-महीयवौरुक्षयसेति । आमशुवामांगिरसभारद्वाजबार्हस्पत्यमंत्रवरामनवेति पञ्च । अयं क्वचित् । भरद्वाजानां सर्वेषामविवाहः । अथ केवलांगिरसः । हरितानामांगिरसांबरीषयौवनाश्वेति । आद्यो मांधाता वा । वात्सानामांगिरसमांधातृकौत्सेति । कण्वानामांगिरसाजमीढकाण्वेति । आंगिरस-घोरकण्वेति वा । रथीतराणामांगिरसवैरूपराथीतरेति । आंगिरसवैरूपपार्षदश्चेति वा अष्टादंष्ट्रपा-

---

